# पोखरा दर्पण







## पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, पोखरा


Email: info@pokharamun.gov.np

www.pokharamun.gov.np








पोखराको छिनेडाँडामा निर्माणाधीन पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको डिजाइन

पोखरा दर्पण त्रैमासिक बुलेटिन

वर्ष १३, । अंक २० । २०७५ पुस

• संरक्षक

**मानबहादुर जिसी, प्रमुख**
**मञ्जुदेवी गुरुङ, उपप्रमुख**
**शेषनारायण पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**

• सम्पादक मण्डल

**संयोजक**
**माधवप्रसाद बराल**

• सदस्य

**नवराज सापकोटा**
**एकराज गिरी**
**सोमनाथ लम्साल**
**मीनबहादुर क्षेत्री 'मन'**

• प्रकाशक

**पोखरा महानगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
न्यूरोड, पोखरा

**फोन नं.**
**+९७७ ६१ ५२५३४०, ५२११०४, ५२११०५**
**फ्याक्स नं. +९७७ ६१ ५२०६००**
Email: info@pokharamun.gov.np
website : www.pkharamun.gov.np
www.facebook.com/pokharamun

# सम्पादकीय

## सुसूचित नागरिक : लोकतन्त्रको आधार

लोकतन्त्र र सुशासन एक अर्कासँग अन्तरनिर्भर विषय हुन्। संघीयताको सवल कार्यान्वयन सुशासनको सुनिश्चिततताबाट मात्र सम्भव छ । सरकारको शक्ति र जिम्मेवारीलाई केन्द्र, प्रदेश र स्थानीय तहमा बाँड्ने पद्धति नै संघीयता हो । नेपालको संविधानमा भएको व्यवस्था अनुसार मुलुकमा संघीय शासन प्रणाली लागू भइसकेको छ। जनताको आवश्यकता अनुसार सहभागितात्मक सेवा प्रवाह गर्नु तथा राज्य प्रणालीमा सरोकारवालाहरूको सक्रिय एवं सार्थक सहभागिता गराई नागरिकलाई उपलब्ध गराउने सेवाहरू छिटो छरितो सरल, न्यायिक र पारदर्शी रुपमा उपलब्ध गराउनु आजको आवश्यकता हो ।

सुशासनमा मात्र कानुनको पूर्णपालना भई दण्डहीनताको अन्त्य हुन्छ । जनमुखी शासन, प्रभावकारी सार्वजनिक सेवा, कानुनी राज्य, आर्थिक तथा भौतिक समृद्धि, जवाफदेहिता, पारदर्शिता, नागरिक अधिकारको प्रत्याभूति, शान्ति सुव्यवस्था, सामाजिक प्रगति, सामाजिक एकीकरणको माध्यमबाट मात्र सुशासनको अनुभूति हुन्छ । स्थानीय सरकारको हैसियतमा पोखरा महानगरपालिका त्यो अनुभूति आफ्ना नगरबासीलाई दिन प्रतिबद्ध छ ।

लोकतन्त्र भनेको आवधिक निर्वाचनमात्रै होइन, विधिको शासन पनि हो । राज्यका संस्थाहरुको सवलीकरण हो । प्रणालीको विकास हो । विधिको शासन हो । सुसूचित नागरिकले मात्रै सही निर्णय दिन सक्छन् भन्ने लोकतान्त्रिक मान्यता हो । त्यसैले नागरिकलाई पोखरा महानगरपालिका आफ्ना नीति, योजना, कार्यक्रम र गतिविधिबारे सूचित गरिरहन्छ । पोखरा दर्पण त्यसैको एउटा कडी हो । केही समयको रिक्ततापछि यसको पुन: प्रकाशन भएको छ। यसले निरन्तरता पाउनेछ । किनकि हामी हाम्रा नगरबासीलाई सूचना दिइरहनुपर्छ भन्ने मान्यता राख्छौं । त्यो मान्यतालाई व्यवहारमा उताछौं ।

पोखरा महानगरपालिकाको प्राथमिकता यहाँको प्रकृति संरक्षणसहितको विकास र समृद्धि हो। पर्यटनलाई केन्द्रमा राख्दै व्यवस्थित सहरीकरणको अग्रगामी दिशामा महानगरले कदम चालिरहेको छ । उद्देश्य प्राप्तिका लागि हामी हाम्रा आदरणीय नगरबासीसँग हातेमालो गर्दै अघि बढ्छौं । नगरबासीको साथ, समर्थनसहित रचनात्मक सुझावको अपेक्षा गर्दछौं ।

# लोगो डिजाइन सम्बन्धी पोखरा महानगरपालिकाको सूचना

पोखरा महानगरपालिका कार्यपालिका बैठकको निर्णय अनुसार पोखराको विस्तृत आकृति झल्किने गरी महानगरपालिकाको लोगो निमार्ण गर्न दोस्रो पटक सार्वजनिक सूचना मार्फत् प्रस्ताव आह्वान गरिएको छ ।

महानगरमा प्राप्त हुन आएका लोगोमध्येबाट छनोट भएको उत्कृष्ट लोगोलाई स्वीकृत गर्दै उक्त लोगो डिजाइनकर्तालाई पुरस्कार स्वरुप रु.५०,०००।– (अक्षरुपी पचास हजार) र प्रमाणपत्र प्रदान गरिने छ । लोगो पोखरा महानगरपालिका कार्यालयमा बुझाउन र इमेलबाट पठाउन सकिने छ ।

लोगो छनोटको अन्तिम अधिकार महानगरपालिकामा नै रहने छ । लोगो डिजाइनको कार्य २०७५ माघ १९ गते भित्र महानगरपालिकाको कार्यालयमा पठाइसक्नु पर्नेछ र म्याद सकिएपछि प्राप्त डिजाइनलाई प्रतिस्पर्धामा सामेल गराइने छैन । सामूहिक रुपमा गरिएको डिजाइनलाई मान्यता दिइने छैन ।

*नोटः यसअघि प्रथम पटक सूचना प्रकाशति हुँदा नियम अनुसार प्राप्त हुन आएका लोगोहरुलाई छनोट प्रक्रियामा समावेश गरिनेछ ।*

---


**इमेल :**

mpbaral@gmail.com,ashokdware@gmail.com

थप जानकारीका लागि सम्पर्क :

**९८५६००३००५,९८५६००३००३**

**०६१-५२५३४०, ०६१-५२११०४, ०६१-५२११०५**

**पोखरा महानगरपालिका, पोखरा, न्यूरोड**

# आशाको उज्यालो



- **मानबहादुर जिसी**
  **प्रमुख**
  पोखरा महानगरपालिका

नेपाली जनताको बलिदानीपूर्ण संघर्षले नेपालमा नयाँ राजनीतिक व्यवस्थाको जग बसेको छ । त्यसै जगमा नयाँ नेपालको परिकल्पना हामीले गरेका छौं । समृद्ध नेपालको परिकल्पना गरेका छौं । सुखी नेपाली समृद्ध नेपालको परिकल्पना गरेका छौं । त्यो अभिभारा पूरा गर्न स्थानीयस्तरबाटै लाग्नु छ । आफ्नो स्तरबाट पोखरा महानगरपालिका आफ्ना नगरबासीको हितअनुकूलको विकास निर्माण गर्न कम्मर कसेर लागिपरेको छ । समृद्ध महानगरपालिका बनाउन हामी केन्द्रित छौं ।

देशमा नयाँ व्यवस्था प्रारम्भ भएपछि हामी निर्वाचित भएर आएको करिब २० महिना पुगेको छ । हिजो एउटा सरकार थियो । आज ७६१ सरकार छन् । संघ सरकार छ । प्रदेश सरकार ७ वटा छन् । ७५३ स्थानीय सरकारमध्ये पोखरा महानगरपालिका पनि एउटा हो । हिजोको स्थानीय निकाय र आजको स्थानीय सरकारमा फरक पनि छ ।

पहिला संघीय संसदको चुनाव, त्यसपछि प्रदेशको र स्थानीय तहको चुनाव भएको भए हुन्थ्यो । तर पहिला स्थानीय तहका चुनाव भयो । संघले बनाउनुपर्ने कानुनको पर्खाइमा स्थानीय तह बस्नुपर्‍यो । हामी निर्वाचित भएर आइसकेपछि संघीय कानुनहरुको प्रतीक्षामा बस्यौं । त्यसमाथि झन् २० वर्षसम्म स्थानीय निकायको चुनाव नभएको अवस्थामा लामो रिक्ततापछि स्थानीय तहमा हामी निर्वाचित भयौं । जनअपेक्षा चरमचुलीमा रहेको बेला हामी आयौं । स्थानीय निकायभन्दा स्थानीय तह फरक भएको हुँदा थुप्रै कानुन बनाएर अगाडि बढ्नुपर्ने अवस्था रह्यो । त्यसैले जनअपेक्षा सम्बोधन र कानुन निर्माणलाई सँगसँगै लग्यौं । यो २० महिनामा पोखरा महानगरपालिकाले ४० वटाभन्दा धेरै कानुन बनाइसकेको छ । अब हामी कानुनकै अभावले अगाडि बढ्नबाट रोकिनुपर्ने अवस्था छैन । चौथौ नगरसभाबाट ८ वटा ऐन पनि बनाउँदैछौं ।

अब हाम्रो महानगरपालिकामा गर्नुपर्ने कामको स्पष्ट चित्रांकित हुन्छ । अब महानगरपालिका अगाडि बढ्यो है भनेर नगरबासीले अनुभूति गर्न पाउने छन् । आउँदो आर्थिक वर्षमा महानगरपालिकाले नगरबासीलाई नतिजा दिन्छ । यो विश्वास हामी दिलाउँछौं । सुशासनको कामलाई अझै व्यवस्थित गरेर जान हामी प्रतिबद्ध छौं । सुशासनको अनुभूतिको छनक हामीले यसबीचमै पनि दिन सकेका छौं भन्ने हाम्रो विश्वास छ ।

देशभरका महानगरपालिकामध्ये सबैभन्दा पहिला वडास्तरमै अधिकार प्रत्यायोजन गर्ने महानगरपालिका पोखरा हो । वडाबाटै नगरबासीका धेरै काम हुने प्रबन्ध हामीले मिलाएका छौं । कर तिर्ने व्यवस्था वडावडामा मिलाएका छौं । हामीले हिजो भनेका थियौं–सिंहदरबारको अधिकार जनताको घरआँगनमा । त्यही मर्मअनुसार वडावडाबाट जनताका काम हुने व्यवस्था गरेका हौं । पोखरा महानगरपालिकाभित्र १ हजार वर्गफुटको घर निर्माण गर्दा सबै कामसम्म वडाबाट फत्ते हुन्छ । प्राविधिक काम वडाबाटै सम्पन्न हुन्छ । प्राविधिकहरु वडावडामै उपलब्ध छन् ।

सार्वजनिक सम्पतिको संरक्षणमा त हामी लागेकै छौं । अब पोखरामा ढल निकास व्यवस्थित गर्नुछ । खानेपानी व्यवस्थित गर्नुछ । सडकहरु व्यवस्थित गर्नुछ । कुन सडक महानगरको, कुन वडाको र कुन टोलको भनेर वर्गीकृत गर्नुछ । सबैभन्दा टड्कारो आवश्यकता भनेको यहाँ कस्तो ठाउँमा कस्ता घर निर्माण गर्ने भनेर नीति निर्माण गर्नुछ । पर्यटन विकास कसरी गर्ने भनेर नीति बनाउनुछ । प्राकृतिक स्रोतसाधनको संरक्षण र उपयोग कसरी गर्ने भनेर नीति तय गर्नुछ । यो आर्थिक वर्षमा यी सबै कुराको खाका कोर्छौं । महानगरपालिकाको बिगडाटा तयार गरेर हाम्रो प्राथमिकता निर्धारण गर्नुछ । महानगरपालिकाभित्र पार्किङ व्यवस्थापन कस्तो बनाउने भनेर दीर्घकालीन समाधान निस्कने योजनामा हाम्रो ध्यान केन्द्रीत भएको छ ।

फोहोरमैला व्यवस्थापनको बारेमा त्यसरीले नै गम्भीर भएर लागेका छौं । महानगपालिकाभित्रको सार्वजनिक यातायातको खाका कोर्दैछौं । हामीले कल्पना गरेको सभ्य सहरका आधार भनेका आखिर यहाँको प्रकृति संरक्षण, सुव्यवस्थित सार्वजनिक सेवा, सुशासन, व्यवस्थित सहरीकरण नै हुन् । पोखरा महानगरपालिकामा हुने भौतिक निर्माणमा उत्साहजनक जनसहभागिता छ ।

यहाँ जस्तो जनसहभागितामा विकास निर्माण पक्कै अन्त छैन । एकातिर जनताले कर तिरेका छन् । विकासमा पनि हातेमालो गरेकै छन् । बरु भौतिक निर्माणको जनसहभागिता कम गरेर थुप्रै जिम्मेवारी नागरिकलाई सुम्पन्न सकिन्छ भन्ने विश्वासमा हामी छौं । आफ्नो घरआँगन र टोलको सरसफाइको जिम्मेवारीमा स्थानीय बासिन्दाको जनसहभागिता हुनसक्छ । हरियालीको जिम्मेवारीमा जनसहभागिता हुनसक्छ । निर्मित भौतिक पूर्वाधारको संरक्षणको जिम्मेवारीमा जनसहभागिता हुनसक्छ ।

अन्त्यमा, फेरि पनि यो आर्थिक वर्षभित्र दीर्घकालीन प्राथमिकता खुट्याएर महानगरबासीलाई अनुभूति हुने नतिजा दिन प्रतिबद्ध रहेको विश्वास दिलाउँछौं । यसमा महानगरपालिकाबासीको साथ, सहयोग, समर्थन र सुझावको सधैं अपेक्षा गर्दछौं ।

# महिलालाई उद्यमी र स्वरोजगार बनाउने योजना



- **मञ्जुदेवी गुरुङ**
  **उपप्रमुख**
  पोखरा महानगरपालिका

२०७४ वैशाख ३१ गते स्थानीय तहको निर्वाचन सम्पन्न भयो । भौगोलिक हिसाबले सबैभन्दा ठूलो पोखरा महानगरको उपप्रमुखको जिम्मेवारी सम्हालेको करिब १९ महिना बितेको छ । लामो समयपछि स्थानीय तहको निर्वाचन भयो । जनप्रतिनिधिसँग जनताका अपेक्षा धेरै छन् । जनताका अपेक्षा पूरा गर्न देशले संघीय शासन व्यवस्थालाई अंगिकार गर्‍यो । केन्द्रिकृत शासन व्यवस्थाले विकास र समृद्धि सम्भव नहुने भन्दै ७६१ वटा सरकार गठन भए । स्थानीय तहले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको अभ्यास गर्ने प्रक्रिया सुरु भयो । जनताको नजिकको सरकारको रुपमा रहेको स्थानीय तहले जनतालाई दैनिक उपलब्ध गराउने सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै बजेट, नीति तथा कार्यक्रम निर्माणसँगै ऐन, कानुन निर्माण गर्नुपर्ने नयाँ जिम्मेवारी थपियो । त्यति मात्रै हैन स्थानीय तहमा देखिने विवाद समाधान गर्दै समाजमा सामाजिक सद्भाव कायम राख्न उपप्रमुखलाई न्यायिक समिति संयोजकको रुपमा प्रस्तुत गरियो ।

वर्तमान संविधानले विगतका भन्दा धेरै अधिकार स्थानीय तहलाई दिएको छ । २० वर्षपछि भएको निर्वाचनबाट कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको अधिकारसहित नयाँ व्यवस्था अनुसार काम गर्नु परेको छ । विगतमा केन्द्रीय सरकारले निर्माण गरेको ऐन, कानुन अनुसार काम गर्नुपर्ने हुदाँ केही सहज थियो । तर अहिले कानुन निर्माणदेखि सबै काम स्थानीय तहले गर्नुपर्दा केही कठिनाई पक्कै छ । जहाँ चुनौती हुन्छ त्यहाँ अवसर हुन्छ भन्ने कुरालाई आत्मसाथ गर्दै अवसरमा बदल्ने प्रयासमा अगाडि बढेका छौं । विगतमा भन्दा उपप्रमुखको भूमिका अहिले फरक छ । उपप्रमुखको भूमिका संविधानले नै निदृष्ट गरेको छ । उपप्रमुखले न्यायिक भूमिकासमेत निर्वाह गर्नु परेको छ । उपप्रमुखलाई न्यायिक समितिको संयोजक, राजस्व परामर्श समिति र अनुगमनको जिम्मेवारी संविधानले स्पष्ट रुपमा तोकेको छ । संविधानले दिएको भूमिका अनुसार काम गर्दा केही अप्ठ्यारो भए पनि जिम्मेवारीलाई पूरा गर्न प्रयासरत छौं ।

निर्वाचनका बेला जनताका बीचमा घोषणपत्रसहित आफ्ना केही प्रतिबद्धता व्यक्त गरेका थियौं । विभेदरहित, महिला हिंसामुक्त, भष्ट्राचारमुक्त र सुशासनयुक्त महानगर बनाउने, महिलालाई सीपमूलक र स्वरोजगार, पोखरा महानगरपालिकाभित्र हिंसामा परेका महिलालाई निशुल्क कानुनी परामर्श दिने गरी कानुनी सहायता डेक्स स्थापना गरी कार्य गरेका छौं ।

महिलालाई सीपमूलक र स्वरोजगार कार्यक्रम ल्याउने प्रतिबद्धता व्यक्त गरेका थियौं । प्रतिबद्धता अन्तर्गत 'महिलासँग उपमेयर कार्यक्रम' महानगरले ल्याएको छ । महिलासँग उपप्रमुख कार्यक्रमका लागि कार्यविधि निर्माण भएको छ । कार्यविधि निर्माणमा ढिला भएका कारण अघिल्लो वर्ष कार्यक्रम सञ्चालन हुनसकेन् । गत चैत २८ गते तेस्रो नगरसभाले कार्यविधि पारित गर्‍यो । कार्यविधि निर्माण भएपनि राजपत्रमा प्रकाशित र सञ्चालक समिति गठनमा ढिलाइ भएका कारण कार्यक्रम अघिल्लो वर्ष गर्न सकेनौं, यस वर्ष कार्यक्रम सञ्चालन गर्दैछौं । महिलासँग उपप्रमुख कार्यक्रम अन्तर्गत सहकारीसँग सहककार्यका लागि विभिन्न सहकारीसँग प्रस्ताव माग गरी सम्झौताको प्रक्रिया अगाडि बढेको छ ।

पोखरालाई वातावरणमैत्री, बालमैत्री, महिलामैत्री र ज्येष्ठ नागरीकमैत्री सहर बनाउने योजना अनुसार काम भइरहेको छ । महानगरका महिलालाई स्वरोजगार बनाउने, पोखरालाई उद्योगीको सहर बनाउने योजना छ । त्यसैले ५० उद्यमी महिला ५ सय रोजगार कार्यक्रम सञ्चालनको तयारीमा छौं । महिलालाई उद्यमसँग जोडेर आत्मनिर्भर बनाउने योजना कार्यक्रममा छ ।

राजश्व परामर्श समितिको पनि संयोजकसमेत भएकाले राजश्वसम्बन्धी नीतिगत व्यवस्था गरेका छौं । आ.व. २०७४/७५ मा झन्डै ४ अर्ब जति राजश्व थियो । तर अहिले हामीले ६ अर्बको राजश्व उठाउने अनुमान गरेका छौं । राजश्व उठाएरमात्रै पनि हुँदैन, परिचालन पनि गर्नुपर्छ । त्यही अनुसार हामी काम गर्दैछौं । राजश्वको आँकलन यसको आधारहरुमा गरिन्छ । सोही अनुरुप बजेटलाई टेली गरेरमात्रै कार्यक्रम बनाउनुपर्ने हुन्छ । बजेट पुग्दो छ भने मात्रै कार्यक्रम गर्ने हो । चालु आर्थिक वर्षमा सोचेको भन्दा थोरै राजश्व उठ्न सक्ला । किनभने कतिपय कुरामा ऐन कानुनले रोक्दो रहेछ । तर, लक्ष्यको नजिक पुग्छौं भन्ने हामीलाई विश्वास छ ।

नयाँ व्यवस्था, ऐन कानुनको अभाव, कर्मचारीको समायोजन र जनप्रतिनिधि र कर्मचारीको काम गर्ने शैलीबीच तालमेल नमिल्दा जनताले सोचे जस्तो नभएपनि कामले विस्तारै लय समातेको छ । जनताका चाहना धेरै छन् । निर्वाचनमा जनताका बीचमा गरेको प्रतिबद्धता पूरा गर्ने र देखिने गरी काम गर्न लागि परेका छौं । पोखरालाई नेपालकै उत्कृष्ट महानगर बनाउने सपनालाई मूर्तरुप दिनेछौं । त्यसैले अब महानगरको विकास र समृद्धिको यात्रालाई गति दिँदै दीर्घकालीन योजना निर्माण गरेर देखिने र नतिजामुखी कामका लागि प्रतिबद्ध छौं । जनतासँग गरेका वाचा प्रतिबद्धतालाई आत्मसाथ गर्दै नमुना महानगर बनाउने अभियानमा निरन्तर लागि रहने छौं ।




# पोखरा महानगरपालिकाको संक्षिप्त जानकारी

महानगरपालिकाको नाम :- पोखरा महानगरपालिका
जिल्ला :- कास्की
नगरपालिका स्थापना वर्ष :- २०१६
उप-महानगरपालिका स्थापना :- २०५२ माघ १८
महानगरपालिका स्थापना :- २०७३ फागुन २७
महानगरपालिकाको केन्द्र :- पोखरा महानगरपालिका वडा नं. ८ न्यूरोड पोखरा

*(२०७१ मंसिर १६ गते १० गाविस लामाचौर, भलाम, काहूँ, आर्वा विजय, निर्मलपोखरी, कृस्तिनाच्ने चौर, पुम्दीभुम्दि, सराङ्को, हेमजा र अर्मला गाभिएर उपमहानगरपालिका भएको, मिति २०७३ फागुन २७ गते ६ गाविस चापाकोट, कास्कीकोट, पुरुन्चौर, मौजा, कालिका र माझठाना साथै लेखनाथ नगरपालिका गाभिएर पोखरा लेखनाथ महानगरपालिका बनेको र महानगरको २०७५ असार १० गतेको नगर सभाबाट महानगरको नाम पोखरा महानगर राख्ने सिफारिसलाई मिति २०७५ साउन २३ गतेको मन्त्रिपरिषदको निर्णय अनुसार मिति २०७५ भदौ २५ गते राजपत्रमा प्रकाशित भई पोखरा महानगरको नाम कार्यान्वयनमा आएको)*

टेलिफोन :- ०६१-५२१४६०, ५२०३९२
फ्याक्स :- ०६१-५२०६००
इमेल :- info@pokharamun.gov.np
वेबसाइट :- www.pokharamun.gov.np
वडा संख्या :- ३३

**जनसंख्या विवरण**

| वडा | घरधुरी संख्या | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | ४५४१ | ७६१७ | ७८९६ | १५५१३ |
| २ | २४६४ | ४२६१ | ४४६८ | ८७२९ |
| ३ | २७५० | ४५४३ | ४९१९ | ९४६२ |
| ४ | २४९१ | ४३८८ | ४७३१ | ९११९ |
| ५ | ३९७३ | ७४३० | ७३७३ | १४८०३ |

| | | | | |
|---|---|---|---|---|
| ६ | ३८६९ | ७००८ | ७७२१ | १४७२९ |
| ७ | ३४५१ | ६५४० | ६३३५ | १२८७५ |
| ८. | ७१३८ | १२५४१ | १३५३९ | २६०८० |
| ९ | ४२९५ | ८०५३ | ८५७३ | १६६२६ |
| १० | ४९१२ | ९५२२ | ८९४८ | १८४७० |
| ११ | ४०२३ | ७५९७ | ७११९ | १४७१६ |
| १२ | ३०१४ | ६१७२ | ५४४१ | ११६१३ |
| १३ | ४१४९ | ९२६५ | ७८१२ | १७०७७ |
| १४ | ३३०५ | ६९६५ | ६२६० | १३२२५ |
| १५ | ४३२८ | ९२४७ | ७७८० | १७०२७ |
| १६ | ५४६२ | १०४४८ | ९८३० | २०२७८ |
| १७ | ६९४४ | १३९८२ | १२७७० | २६७५२ |
| १८ | २०८० | ४४५५ | ३८९९ | ८३५४ |
| १९ | २६१० | ५८०४ | ४८२० | १०६२४ |
| २० | १०२७ | २२०८ | १८१४ | ४०२२ |
| २१ | २४३२ | ५२०४ | ३८८६ | ९०९० |
| २२ | १८३७ | ४०३३ | ३३५८ | ७३९१ |
| २३ | १३०० | २७२१ | २१९६ | ४९१७ |
| २४ | १५०८ | ३३०१ | २५९१ | ५८९२ |
| २५ | ३०१९ | ६६२९ | ५६३३ | १२२६२ |
| २६ | २९०३ | ६१५४ | ५२४० | ११३९४ |
| २७ | २३५८ | ५१०६ | ४४७७ | ९५८३ |
| २८ | १३०३ | २६८० | २०४७ | ४७२७ |
| २९ | २२६१ | ४९९३ | ३९६८ | ८९६१ |
| ३० | २७८६ | ५७३२ | ५०९१ | १०८२३ |
| ३१ | १९०८ | ४०४४ | ३३३४ | ७३७८ |
| ३२ | २७२१ | ५९२२ | ४७५५ | १०६७७ |
| ३३ | २४६८ | ५४५३ | ४३५३ | ९८०६ |
| जम्मा | १०५,६३० । | २१०,०१८ । | १९२,९७७ । | ४०२,९९५ । |

*राष्ट्रिय जनगणना २०६८ अनुसार*

महिला :- २१०,०१८
पुरुष :-१९२९७७
जम्मा :-४०२,९९५

घर धुरी संख्या :-१०५,६३०
क्षेत्रफल :- ४६४.२४ वर्ग कि.मी.

**सिमाना**

पूर्व - मादी र रुपा गाउँपालिका
पश्चिम - अन्नपूर्ण गाउँपालिका, पर्वत र स्याङ्जा
उत्तर - माछापुच्छ्रे र मादी गाउँपालिका
दक्षिण - स्याङ्जा र तनहुँ
क्षेत्रफलका हिसाबले सबैभन्दा सानो वडा - वडा नं. ४
क्षेत्रफल - ०५१ वर्ग कि.मि.
क्षेत्रफलका हिसाबले सबैभन्दा ठूलो वडा - वडा नं. २३
क्षेत्रफल - ४७४८ वर्ग कि.मि.



विद्यालयको संख्या

| आधारभूत | मा.वि. | क्याम्पस | विश्वविद्यालय | प्रा.शिक्षालय | तालिम/प्रशिक्षण केन्द्र |
|---|---|---|---|---|---|
| १०६ | ७० | १७ | १ | १ | १ |

साक्षारता प्रतिशत

| महिला | पुरुष | जम्मा ( कास्की जिल्लाको ) |
|---|---|---|
| ७५.३ ५ | ९०.१ ५ | ८२.३ ५ |

स्वास्थ्य संस्था सम्बन्धी विवरण

| अस्पताल | | | प्राथमिक स्वास्थ्य केन्द्र | सहरी स्वास्थ्य केन्द्र | हेल्थ पोस्ट | डेन्टल क्लिनिक | ल्याब | आर्युवेद केन्द्र | पोलिक्लिनिक |
|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | शैय्या | ४ | १५ | १९ | ४८ | १७ | ३ | १५ |
| सरकारी | २ | ४० | | | | | | | |
| निजी | २३ | २१३६ | | | | | | | |

**ल्यान्डफिल साइटको अवस्था**

- ल्यान्डफिल साइटको क्षेत्रफल २०० रोपनी (जसमध्ये ८० रोपनी क्षेत्रफल फोहर पुर्ने प्रयोजन र बाँकी क्षेत्रफल कम्पोष्ट यार्ड, ट्रिटमेन्ट प्लान्ट, बफरजोन लगायत अन्य प्रयोजन)

**महत्वपूर्ण प्राकृतिक/धार्मिक/सांस्कृतिक/पर्यटकीय सम्पदाहरु**

नदी/खोला

- सेती नदी
- सुरौदी नदी
- काँहु खोला
- फुस्रे खोला
- हर्पन खोला
- याम्दी खोला
- विजयपुर खोला
- बुलौंदी खोला
- काली खोला
- गडुवा खोला

ताल/पोखरी

- फेवाताल
- बेगनासताल
- रुपाताल
- मैदीताल
- खास्टेताल
- गुँदेताल
- न्यूरेनीताल
- दिपाङ ताल
- पञ्चासे ताल
- कश्यप ताल
- कमल पोखरी

मन्दिर/गुम्बा/ बिहार

- विन्ध्यवासिनी मन्दिर
- ताल बाराही मन्दिर
- भद्रकाली मन्दिर
- अकलादेवी मन्दिर
- केदारेश्वर मन्दिर
- गुप्तेश्वर महादेव मन्दिर
- नारायणस्थान मन्दिर
- गीता मन्दिर
- राम मन्दिर, रामघाट
- कोटभैरव भरतपोखरी
- सदा शिव मन्दिर, ढुंगेसाँघु
- लक्ष्मीनारायण मन्दिर, अर्मला
- शोभा भगवती मन्दिर, रानीपौवा
- सिद्धेश्वर महादेव मन्दिर, फूलबारी
- गुप्तकालिका मन्दिर कास्कीकोट
- ठूलाकोट मन्दिर
- विश्वशान्ति स्तूप, अनदूडाँडा
- माटेपानी गुम्बा
- हेमजा गुम्बा
- धर्मशिला बुद्धविहार आदि ।

**कोट/ धरहरा/ भ्यु टावर**

- सराङकोट भ्यू टावर
- काहुँ धरहरा
- मट्टिखान भ्यू टावर
- पञ्चासे भ्यू टावर
- सुन्दरी डाँडा भ्यू टावर
- हुँडीकोट
- पुम्दीकोट
- अर्मलाकोट
- भुम्दीकोट

**गुफाहरु**

- महेन्द्र गुफा
- चमेरे गुफा
- हरिहर गुफा
- गुप्तेश्वर गुफा, भलाम
- सिद्ध गुफा
- सिता गुफा लगायत अन्य..
- कास्कीकोट दरबार
- रत्न मन्दिर, बाराहीघाट
- डेभिजफल्स आदि ।

**संग्रहालय**

१. अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय
२. गोर्खा संग्रहालय
३. पोखरा स्मृति संग्रहालय
४. क्षेत्रीय संग्रहालय
५. अन्नपूर्ण पुतली संग्रहालय

**साहसी खेल पर्यटनसँग सम्बन्धित**

१. प्याराग्लाइडिङ
२. जिप फ्लायर
३. बञ्जी जम्प
४. ट्रेकिङ
५. अल्ट्रालाइट
६. हाइकिङ
७. पोनी ट्रेक
८. र्‍याफ्टिङ
९. फिसिङ
१०. फुटबल, भलिबल र क्रिकेट लगायत अन्य खेलका अन्तर्राष्ट्रिय प्रतियोगिताहरु

**पार्क, उद्यान, बाटीका**

१. कोमागाने मितेरी पार्क
२. वसुन्धरा पार्क
३. चिल्ड्रेन पार्क
४. फूलबारी पार्क
५. मनकामना पार्क
६. शान्ति वन बाटिका आदि ।

**एफएम रेडियोको संख्या**

| क्र.स. | एफएम रेडियोको नामावली | ठेगाना | प्रकार | कैफियत |
|---|---|---|---|---|
| १. | हिमचुली एफएम | फिर्के - ७ पोखरा | सामुदायिक | |
| २. | पोखरा एफएम | चिप्लेढुंगा-४ पोखरा | व्यावसायिक | |
| ३. | माछापुच्छ्रे एफएम | चिप्लेढुंगा-८ पोखरा | व्यावसायिक | |
| ४. | अन्नपूर्ण एफएम | गैह्रापाटन-४ पोखरा | व्यावसायिक | |
| ५. | बिग एफएम | पोखरा -८ न्युरोड | व्यावसायिक | |
| ६. | रेडियो गण्डकी | पोखरा -९ नयाँबजार | सामुदायिक | |
| ७. | बाराही एफएम | राष्ट्रबैंकचोक पोखरा | व्यावसायिक | |
| ८. | रेडियो सराङकोट | पोखरा -४ चिप्लेढुंगा | सामुदायिक | |
| ९. | रेडियो नेपाल क्षे.प्र. केन्द्र | मालेपाटन पोखरा | सरकारी | |
| १०. | सुनौलो एफएम | चिप्लेढुंगा पोखरा | व्यावसायिक | सञ्चालनमा नरहेको |
| ११. | मेघा एफएम | न्युरोड पोखरा | व्यावसायिक | |

| | | | | |
|---|---|---|---|---|
| १२. | रेडियो तरंग | तेर्सापट्टी, पोखरा | व्यावसायिक | |
| १३. | रेडियो छुनुमुनु | नयाँ बजार पोखरा | व्यावसायिक | सञ्चालनमा नरहेको |
| १४. | रेडियो सफलता | मासबार पोखरा | व्यावसायिक | |
| १५. | रेडियो हेमजा | हेमजा पोखरा | सामुदायिक | |
| १६. | अकला एफएम | लामाचौर पोखरा | व्यावसायिक | |
| १७. | रेडियो पश्चिम पोखरा | हेमजा पोखरा | व्यावसायिक | |
| १८. | रेडियो लेखनाथ | लेखनाथ पोखरा | व्यावसायिक | |
| १९. | रेडियो लेकसिटी | लेखनाथ पोखरा | व्यावसायिक | |
| २०. | रेडियो थ्री एञ्जल | नयाँगाउँ पोखरा | सामूदायिक | |
| २१. | रेडियो जननी | सिर्जनाचोक पोखरा | व्यावसायिक | |
| २२. | रेडियो सारंगी | महेन्द्रपुल पोखरा | व्यावसायिक | |
| २३. | रेडियो गोर्खाली | सिमलचैर पोखरा | सामुदायिक | |
| २४. | नेसनल एफएम | लेखनाथ | व्यावसायिक | |
| २५. | इन्टरटेनमेन्ट एफएम | बगर | व्यावसायिक | |
| २६. | रेडियो सार्थक | जिरो किमी | व्यावसायिक | |
| २७. | एपोस्टल एफएम | बगर | व्यावसायिक | |
| २८. | अन्नपूर्ण म्युजिक एफएम | गैह्रापाटन | व्यावसायिक | |
| २९ | लाइभ एफएम | बगर | व्यावसायिक | |
| ३० | कास्की एफएम | सिर्जनाचोक | व्यावसायिक | |
| ३१ | समृद्धि एफएम | बिरौंटा | व्यावसायिक | सञ्चालनमा नरहेको |
| ३२ | स्पिड एफएम | पुम्दिभुम्दी | व्यावसायिक | |
| ३३ | रेडियो सिटी | नदीपुर पोखरा | व्यावसायिक | |
| ३४ | न्युज एफएम | बगर | व्यावसायिक | |

**टेलिभिजनको संख्या**

| क्र.स. | टेलिभिजनको नामावली | माध्यम | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | गण्डकी टेलिभिजन | केबल | नयाँबजार पोखरा | सामुदायिक |
| २. | गाल्डेन आई टेलिभिजन | केबल | चिप्लेढुंगा पोखरा | व्यावसायिक |
| ३. | फेवा टेलिभिजन | केबल | नयाँबजार पोखरा | व्यावसायिक |
| ४. | पोखरा टेलिभिजन | केबल | पृथ्वीचोक पोखरा | व्यावसायिक |

**पत्रपत्रिकाको संख्या**

| क्र.स. | पत्रपत्रिकाको नामावली | प्रकार | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | आदर्श समाज | दैनिक | पोखरा - ८ न्युरोड | |
| २. | समाधान | दैनिक | पोखरा - ९ नयाँबजार | |
| ३. | पोखरा हटलाइन | दैनिक | पोखरा - ८ न्युरोड | |

| | | | | |
|---|---|---|---|---|
| ४. | हिमदूत | दैनिक | पोखरा - ३ तेर्सापट्टी | |
| ५. | पोखरापत्र | दैनिक | पोखरा- ९ नयाँबजार | |
| ६. | गोल्डेन न्युज | दैनिक | पोखरा-४ चिप्लेढुंगा | |
| ७. | कास्की आवाज | दैनिक | पोखरा-४ गैह्रापाटन | |
| ८. | पोखरा आवाज | दैनिक | पोखरा -३ पालिखेचोक | |
| ९. | आदर्श नेपाल | दैनिक | पोखरा -८ जाल्पारोड | |
| १०. | हाम्रो कलम | दैनिक | पोखरा -९ नयाँबजार | हाल बन्द अवस्थामा |
| ११. | आरसी टाइम्स | साप्ताहिक | पोखरा -९ नयाँबजार | |
| १२. | परिज्ञान | साप्ताहिक | पोखरा -७ रत्नचोक | |
| १३. | ताण्डव | साप्ताहिक | पोखरा -९ नयाँबजार | |
| १४. | आर्थिक आवाज | साप्ताहिक | पोखरा -८ सिर्जनाचोक | |
| १५. | पोखरेली न्युज | साप्ताहिक | पोखरा -९ नयाँबजार | |
| १६. | सबैको आवाज | साप्ताहिक | पोखरा -८ सिर्जनाचोक | |
| १७. | सराङकोट | साप्ताहिक | पोखरा १६ बाटुलेचौर | |
| १८. | हिमाली आवाज | साप्ताहिक | पोखरा -८ सिर्जनाचोक | |
| १९. | आरटीआई | साप्ताहिक | | निरन्तर नभएको |
| २०. | तालबाराही | साप्ताहिक | | निरन्तर नभएको |
| २१ | सम्बोधन गण्डकी | साप्ताहिक | | |
| २२ | नादा टाइम्स | साप्ताहिक | | |

विवरण संकलन - मन क्षेत्री/पोखरा दर्पण

# पोखरा महानगरको सूचना

**महानगर भित्र सञ्चालित सम्पूर्ण सञ्चार माध्यम (पत्रिका,एफएम, टेलिभिजन तथा अनलाइन पोर्टल) को विवरण अध्यावधिक गर्नुपर्ने भएकाले सबै सञ्चार माध्यमले दर्ता प्रमाण तथा अन्तिम नवीकरण खुल्ने कागजातको प्रतिलिपि सहित सूचना तथा अभिलेख शाखामा सम्पर्क गर्नुहुन सूचित गरिन्छ।**

पोखरा महानगरपालिका

# पोखरा महानगरपालिका र स्थानीय सरकारको अभ्यास




- **शेषनारायण पौडेल**
  प्रमुख प्रशासकीय अधिकृत
  पोखरा महानगरपालिका


संघीयता बहुतह शासन प्रणाली (Multi-Level Governance System) हो । नेपालको संविधानले संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकार मार्फत मुलुकको शासन प्रणाली सञ्चालन हुने व्यवस्था गरेको छ । संघीयता सन्निकटाको सिद्धान्त (principle of subsidiarity) मा आधारित छ । यसको मतलब शासकीय अधिकारहरुको प्रयोग सबैभन्दा तल्लो तहको सरकारबाट हुनु पर्दछ र नागरिकले आफू सन्निकट वा नजिक रहेको सरकारबाट सेवा सुविधा प्राप्त गर्न सक्नुपर्दछ ।

त्यो सन्निकट सरकार भनेको स्थानीय सरकार हो जसलाई नागरिकले नजिकबाट छुन, हेर्न, सुन्न, सुनाउन र गन्ध लिन सकुन, साथै नागरिकले आफ्नो स्थानीय सरकारमा आफ्नै अनुहार देख्न र चिन्न सकुन् । सरकार नागरिकका लागि अमूर्त र कल्पनाको विषय हुनु हुँदैन, सरकार त मूर्त र वास्तविक रुपमा जनताको घरदैलोमा उभिन सक्नु पर्दछ । सेवा सुविधाको खाजीमा नागरिकले सधै सरकारको ढोका चाहार्ने होइन, बरु सरकार सेवा बोकेर नागरिकको घरदैलोसम्मै जान सक्नु गर्दछ भन्ने संघीयताको मूल मान्यता हो ।

**पोखरा महानगरपालिका:**

पोखरा महानगरपालिका भूगोलको हिसाबले नेपालकै सबैभन्दा ठूलो महानगरपालिका हो । व्यापक र विविध प्रकृतिको भूगोल, ३३ वडा कार्यालय, १७० जनप्रतिनिधि, करिब ८ सय कर्मचारी (शिक्षक बाहेक), ५ लाख बढी स्थायी बासिन्दा, त्यत्तिकै संख्यामा अस्थायी रुपमा बसोबास गर्ने जनसंख्या, वार्षिक करिब ६ लाख आन्तरिक र ५ लाख विदेशी पर्यटक समेतको प्रत्यक्ष वा अप्रत्यक्ष व्यवस्थापन तथा भार वहन गर्ने जिम्मा पोखरा महानगरपालिकामा छ ।

पोखरा अब पोखरेली जनता मात्रको रहेन, गण्डकी प्रदेशको राजधानी भएको कारणले पोखराको सुन्दरता, व्यवस्थापन र विकास यस प्रदेशका सबै ११ जिल्लाका नागरिकको चासो र सरोकारको विषय रहन पुग्यो । मुलुक संघीयताको नयाँ अभ्यासमा भर्खर प्रवेश गरेको सन्दर्भमा स्थानीय सरकारको रुपमा पोखरा महानगरको गतिविधिलाई आम चासोको रुपमा हेरिएकोले केही राम्रो र फरक नतिजा हासिल गर्नै पर्ने बाध्यता पोखरा महानगरापालिकालाई छ । पोखरा महानगरको सफलता वा असफलतालाई नेपालमा संघीयता र स्थानीय सरकारको सफलता वा असफलताको दृष्टान्तको रुपमा लिन सकिने भएकोले पोखरा अझ बढी जिम्मेवारी बोधकासाथ अगाडि बढ्नु पर्ने बाध्यता छ ।

**स्थानीय सरकारको अधिकार र जिम्मेवारी**

नेपालको संविधानले अति उदार रुपमा स्थानीय सरकारलाई अधिकार सम्पन्न बनाएको छ । संघीयताको पहिलो अभ्यासमै यति व्यापक र गहन अधिकार तथा जिम्मेवारी स्थानीय सरकारलाई प्रदान गर्नेमा सम्भवत: नेपाल पहिलो राष्ट्र हुनुपर्दछ । संविधानले स्थानीय सरकारलाई कार्यकारिणी, विधायिकी र न्यायिक तीनै प्रकारको अधिकारको प्रयोग गर्न सक्ने अधिकार सुनिश्चित गरेको छ । सेवा प्रवाह, विकास व्यवस्थापन, शिक्षा, स्वास्थ्य, कृषि, पशु, सहकारी, सामाजिक विकास लगायतका धेरै जिम्मेवारी स्थानीय सरकारको भागमा परेका छन् ।

सही उपयोग गर्न सक्दा प्राप्त अधिकार स्थानीय सरकार र नागरिकको लागि महत्वपूर्ण अवसर हो । सवाल अधिकार र जिम्मेवारीकोभन्दा पनि प्राप्त अधिकारको सही उपयोग गर्न सकिएला नसकिएला भन्ने पनि हो । संविधान र कानुन आफैमा सबै समस्याका औषधी होइनन्, कानुनले त बाटो निर्देश गर्ने मात्र हो, ढंग पुऱ्याएर उक्त बाटोमा हिड्ने काम स्थानीय सरकार सञ्चालनको जिम्मेवारी पाएका पात्रहरुको हो । आफूलाई प्राप्त जिम्मेवारी र अधिकारको बोध गरी सही बाटोमा हिँडेको खण्डमा मात्र संविधानले परिकल्पना गरेको गन्तव्यमा पुग्न सकिएला ।

संविधानले स्पष्टरुमा स्थानीय सरकारको कार्यक्षेत्र भित्र पर्ने भनी किटान गरेका अधिकार समेत विभिन्न वहानामा स्थानीय तहले उपयोग गर्न नसकी त्यस्ता प्राप्त अधिकार पुन: माथि फर्केर जाने त होइनन् भन्ने आशंका उत्पन्न भएको छ । जस्तै, आधारभूत र माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय तहमा छ, तर कतिपय विद्यालयमा स्थानीय जनप्रतिनिधिकै कारण विद्यालय व्यवस्थापन समिति समेत गठन हुन नसक्नुले आफ्नो अधिकारलाई आफैले बुझ्न नसकेको देखिन्छ । अर्कोतर्फ, प्रदेश

सरकारलेपनि स्थानीय तहहरुले जस्तै स–साना कार्यक्रम र योजनाहरुको कार्यान्वयनतर्फ ध्यान दिएको देखिन्छ । यसबाट शासन त फेरियो तर संस्कार फेरिएन की, पात्र फेरिए तर प्रवृत्ति फेरिएन की, व्यवस्था फेरियो तर अवस्था फेरिएन की भन्ने बहसको विषय भएको छ ।

## पोखरा महानगरपालिकामा सुधारका प्रयास

सुधारको सुरुवात आफैबाट र आजैबाट हुनुपर्दछ । सबैभन्दा सजिलो काम अरुको आलोचना गर्नु हो भने आफूलाई बदल्नु सबैभन्दा कठिन कार्य हो । पोखरा महानगरपालिकाले आन्तरिक व्यवस्थापन र सुधारका कार्यलाई प्रमुख प्राथमिकता दिइ काम गरिरहेको छ । प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापन मार्फत् सुशासन कायम गर्ने कार्यलाई प्रमुख महत्व दिइएको छ ।

नागरिकलाई आफ्नो घरदैलोमै सरकारी सेवा सुविधा उपलब्ध गराइ संघीयताको मूल मर्मलाई व्यवहारमा उतार्ने अभ्यास पोखरा महानगरले गरेको छ । दैनिक सेवा प्रवाहका कामहरु सम्बन्धित वडा कार्यालयहरुबाटै गर्ने र महानगरलाई कानुन निर्माण, योजना, अनुगमन, मूल्यांकन र समन्वयजस्ता कार्यमा केन्द्रित गर्ने नीति लिइएको छ । सबै प्रकारका करहरु वडामै तिर्न बुझाउन सकिने, १ हजार वर्ग फिट र तीन तल्ला सम्मका घरहरुको नक्सापास सम्बन्धी सम्पूर्ण प्रक्रिया वडाबाटै पूरा गरिने, उपभोक्ता समिति मार्फत् सञ्चालन हुने वडास्तरीय सबै योजनाहरु वडामै सम्झौता गरी सम्पन्न गर्न सकिने, पेशा, व्यवसाय, फर्म, टोल विकास संस्थाहरुको दर्ता र नवीकरण वडाबाटै गरिने, ज्येष्ठ नागरिकको परिचय पत्र र सामाजिक सुरक्षा भत्ताका सबै काम वडाबाटै हुने गरी व्यवस्था मिलाइएको छ ।

वडा कार्यालयहरुको भौतिक पूर्वाधार सुधार, कार्यालयका नयाँ भवन निर्माण, आवश्यक कार्यालय सामग्री, सूचना प्रविधिको उपलब्धता र थप कर्मचारीको व्यवस्थापनमा जोड दिइएको छ । वडा कार्यालयमा ठूलो संख्यामा कर्मचारीहरु थप गरिएको छ, महानगरमा रहेका कर्मचारीलाई आवश्यकतानुसार वडामा खटाइएको छ, कार्यालय र कामको आवश्यकताको आधारमा कर्मचारीको खटन पटन गरिएको छ । कर्मचारीको आचरण, व्यवहार र अनुशासनलाई नजिकबाट निगरानी गरी तदनुकूलका कारबाही गर्ने गरिएको छ । नियम कानुन भन्दा माथि कोही हुँदैन, अनुशासनको विकल्प हुँदैन, स्वार्थप्रेरित सोर्सफोर्स चल्दैन, अमुख राजनीतिक दलको सदस्यता र सामीप्यता गैरकानुनी वा लापरबाहीपूर्ण काम गर्ने हतियार हुन सक्दैन भन्ने मान्यतालाई व्यवहारमा उतारिएको छ । कर्मचारीको सुविधाको लागि स्टाफ बस सञ्चालन गरिएको छ । सरसफाइ र बजार व्यवस्थापनको कार्यलाई स्पष्ट नीति र योजनाको आधारमा थप सुधार गर्न तयारी भइरहेको छ ।

## आर्थिक अनुशासन र पारदर्शिता

नागरिकरले तिरेको कर जनप्रतिनिधि तथा कर्मचारीको विलासिताको लागि होइन नागरिककै सेवा सुविधामा खर्च हुनु पर्दछ भन्ने मान्यताकासाथ आर्थिक सुशासन, पारदर्शिता तथा मितव्ययिता कायम गर्न विभिन्न सुधारका प्रयासहरु भएका छन् । महानगरमा विविध र मसलन्द शीर्षकका खर्चमा व्यापक कटौती गरिएको छ, खरिद प्रक्रिया र खरिद मूल्यलाई कडाइ गरी महानगरले खरिद गर्ने कुनै पनि चिज बस्तु कम्तिमा पनि बजार मूल्य भन्दा महंगो नहुने गरी निगरानी बढाइएको छ, बजार भाउ भन्दा बढीको बिल पेश गर्ने सप्लायर्सलाई कारबाही गर्ने गरिएको छ । विकास निर्माणका कामहरु सार्वजनिक खरिद ऐन बमोजिम प्रतिष्पर्धाको माध्यमबाट गर्न प्राथमिकता दिइएको छ ।

सामाजिक विकासका कार्यक्रमको नाममा एकै व्यक्ति वा संस्थाले हरेक वर्ष एउटै कार्यक्रम गर्ने, काल्पनिक सहभागी खडा गरेर नक्कली बिल भरपाइ बनाई भुक्तानी लिने परिपाटीलाई कडाइकासाथ निरुत्साहित गरिएको छ । कार्यक्रम सञ्चालन गर्ने पद्धतिमा सुधार ल्याइएको छ । लम्बेतान आसन ग्रहण, अनावश्यक सम्बोधन, खादा, माला, व्याच वितरण जस्ता फजुल कार्यलाई निरुत्साहित गरिएको छ । नतिजा देखिने तथा नागरिकले प्रत्यक्ष राहत महसुस गर्ने कार्यक्रम सञ्चालन गर्न अभिप्रेरित गरिएको छ ।

**अन्तमा,** नागरिकको अपेक्षा बमोजिम महानगरले गर्नुपर्ने धेरै काम बांकी छन् । आवश्यक कानुन निर्माण भइसकेको र करिब डेढ वर्षको अनुभवले अब अगाडि बढ्न सहज हुने देखिएको छ । स्थानीयस्तरका योजनाहरु महानगरकै लागानीमा र ठूला योजनाहरु संघ, प्रदेश र विकास साफेदारसँगको सहकार्यमा अगाडि बढाइनेछ । सबै जनप्रतिनिधि र कर्मचारीहरुले इमान्दारी र जिम्मेवारीबोधकासाथ अगाडि बढ्ने हो र महानगरको प्रयासमा नागरिकको साथ सहयोग रहने हो भने पोखरा महानगरपालिका नेपालका स्थानीय तहहरु मध्ये एक सफल उदाहरण बन्नेमा शंका छैन ।

## चौथो नगर सभा

# ८ वटा कानुन बनाउँदै महानगर




पोखरा महानगरपालिकाको चौथो नगर सभा माघ ११ गतेदेखि सुरु हुँदैछ । पोखरा सभागृहमा हुने नगर सभामा ८ वटा विधेयक प्रस्तुत हुने भएका छन् । महानगरको विधायन समितिले व्यापक छलफल गरेर विधेयक तयार पारेको छ । विधायन समितिले तयार गरेका विधेयकलाई पोखरा महानगर कार्यपालिकाको बैठकले सभामा पेश गर्न स्वीकृति दिएको छ । देश संघीय शासन व्यवस्थामा गएको छ र स्थानीय तहलाई कानुन बनाउने अधिकार संविधानमै व्यवस्था भएअनुसार कानुन निर्माण गर्न लागेको हो । यसअघि महानगरपालिकाकाले ऐन, कार्यविधि, निर्देशिका र निवमावलीसहित ४३ वटा कानुन बनाइसकेको छ ।

सभामा महानगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयकको मस्यौदा २०७५, महागरपालिका नगर खेलकुद विकास विधेयकको मस्यौदा २०७५, महानगरपालिका नगर प्रहरी व्यवस्थापन विधेयकको मस्यौदा २०७५, महानगरपालिका पर्यटन विकास विधेयकको मस्यौदा २०७५, महानगरपालिका पूर्वाधार व्यवस्थापन विधेयकको मस्यौदा २०७५, महानगरपालिका सुशासन विधेयकको मस्यौदा २०७५, महागनरपालिका आर्थिक ऐन २०७५, महानगरपालिका सहकारी विधेयकको मस्यौदा २०७५ नगरसभमा  पेश हुने विधायन समितिमका संयोजक शोभामोहन पौडेलले जानकारी दिनुभयो । सभामा महागरका पदाधिकारीहरुको आचारसंहिता २०७५ पेश हुँदैछ । महानगरपालिकाको आर्थिक विधेयक प्रथम संशोधन गर्दै छ भने दोस्रो नगरसभाबाट पारित सहकारी नियमावली २०७५ खारेज गदै नयाँ सहकारी विधेयक ल्याउँन लागेको महानगरका प्रवक्ता धनबहादुर नेपालीले बताउनुभयो ।

स्थानीय तहको निर्वाचन भएको करिब १९ महिना बितेको छ । १९ महिनाको बीचमा महानगरले दुई पटक बजेट अधिवेशन र एक पटक हिउँदे नगर सभा गरेको छ । गत चैत २८ गते सम्पन्न दोस्रो नगर सभाले ४३ वटा भिन्न ऐन, कार्यविधि, नियमावली, निर्देशिका निर्माण गरेको थियो । नगर सभाबाट पारित भएका कानुनहरु स्थानीय राजप पत्रमा प्रकाशित भएर प्रमुखले प्रमाणित गरेपछि कार्यान्वयनमा आउँछ ।

स्थानीय तहले निर्माण गर्ने ऐन, नियमावली र निर्देशिकका प्रदेश र संघीय कानुनसँग नबाझिने गरि निर्माण गर्नुपर्छ भने बाझिएको हकमा स्वत खारेज हुनेछन । १९ महिनाको कार्याअवधिमा कानुन निर्माणमा पोखरा महागनरपालिका सम्पूर्ण स्थानिय तहहरु मध्ये अगाडि देखिएको छ ।

**महानगरले स्थानीय राजपत्रमा प्रकाशित गरेका कानुनहरु**

१) महानगरको प्रशासकीय कार्यविधि ऐन
२) कार्यसम्पादन नियमावली
३) नगर सभा तथा कार्यपालिका बैठक सञ्चालन ऐन
४) आर्थिक ऐन
५) विनियोजन ऐन
६) तालिम तथा गोष्ठी सञ्चालन निर्देशिका
७) प्रमाणीकरण कार्यविधि
८) नगरकार्यपालिका कार्यविभाजन नियमावली
९) न्यायिक समिति सम्बन्धी कार्यविधि सम्बन्धी ऐन
१०) कृषि व्यवसाय प्रवर्द्धन ऐन
११) कृषि ऐन
१२) पशु नीति
१३) स्वास्थ्य नीति
१४) सहकारी ऐन
१५) शिक्षा नियमावली
१६) उपप्रमुखसँग महिला कार्यक्रम सञ्चालन ऐन
१७) भवन मापदण्ड सम्बन्धी नियमावली
१८) फोहोर मैला व्यवस्थापन ऐन
१९) विज्ञापन नीति
२०) विज्ञापन निर्देशिका
२१) बजार अनुगमन निर्देशिका
२२) सार्वजनिक निजी साझेदारी नीति
२३) सार्वजनिक निजी साझेदारी ऐन
२४) स्थानीय सेवा सञ्चालन ऐन
२५) बालबालिकाको अधिकार व्यवस्थित गर्ने ऐन
२६) स्मार्ट सिटी हब सञ्चालन सम्बन्धी कार्यविधि
२७) उपभोक्ता समिति गठन,परिचालन सम्बन्धी कार्यविधि
२८) संस्थागत विद्यालय छात्रवृत्ति व्यवस्थित गर्न बनेको कार्यविधि
२९) पत्रकार कल्याणकारी कोष सञ्चालन कार्यविधि
३०) मर्मत सम्भार कोष सञ्चालन कार्यविधि
३१) विपद् व्यवस्थापन ऐन
३२) विपद् व्यवस्थापन कोष सञ्चालन नियमावली
३३) कृषि प्रसारको व्यवस्थापन सञ्चालन र नियन्त्रण ऐन
३४) सहरी योजना आयोग गठन तथा सञ्चालन सम्बन्धी नियमावली
३५) विधायन समिति गठन तथा परिचालन नियमावली
३६) स्थानीय राजपत्र प्रकाशन कार्यविधि
३७) ३ वर्गको निर्माण इजाजतपत्र प्रदान सम्बन्धी कार्यविधि
३८) गैरसरकारी संस्था सञ्चालन तथा व्यवस्थापन निर्देशिका
३९) अपांगता कार्ड वितरण सम्बन्धी कार्यविधि
४० ज्येष्ठ नागरिक सम्बन्धी कार्यविधि
४१) साझेदारी विकास कोष सञ्चालन निर्देशिका
४२) टोल विकास संस्था सञ्चालन कार्यविधि
४३) दुइपांग्रे सवारी वर्कसप व्यवस्थापन सम्बन्धी कार्यविधि ।

- एकराज गिरी

**पोखरा महानगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**न्यूरोड, पोखरा, कास्की**

## सहकारी संस्थाहरुले विवरण उपलब्ध गराउने सूचना

पोखरा महानगरपालिका कार्य क्षेत्र भएका साविक सहकारी डिभिजन कार्यालय, कास्कीबाट यस कार्यालयमा विवरण प्राप्त भएका ३१९ सहकारी संस्थाका संचालक समिति र लेखा समितिका पदाधिकारीहरुको विवरण आवश्यक परेकाले तपसिल बमोजिमको ढाँचामा प्रमाणित प्रति र कार्यालयको इमेल ठेगानामा सफ्टकपि अनिवार्य रुपमा उपलब्ध गराउनु हुन सूचित गरिन्छ ।

**विवरण पठाउनु पर्ने ढाँचा**

सहकारी संस्थाको नाम : ठेगाना :
सम्पर्क नम्बर : इमेल ठेगाना :
पदाधिकारीहरुको विवरण :

| क्र.सं. | पद | नाम,थर | मोवाइल नं. | इमेल ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| संचालक समितिका पदाधिकारीहरुको विवरण : | | | | | |
| १ | | | | | |
| २ | | | | | |
| लेखा समितिका पदाधिकारीहरुको विवरण : | | | | | |
| १ | | | | | |
| २ | | | | | |

**कार्यालयको इमेल ठेगाना :**
info@pokharamun.gov.np
pokharamunsahakari@gmail.com

**गंगालाल सुवेदी**
**दर्ता गर्ने अधिकारी**
**सहकारी शाखा**

# अनुभूति



• **गंगालाल सुवेदी**
सूचना अधिकारी
पोखरा महानगरपालिका

संवैधानिक व्यवस्था अनुसार जनताको नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकारको कार्यसम्पादन गर्ने कार्यालय परिवारको एक सदस्यको रुपमा यस आर्थिक वर्षको सुरुवातदेखि सामेल भई विगतभन्दा फरक अनुभूतिका साथ कार्य गर्ने अवसर मिलेको छ । कार्यालयको एक महाशाखा प्रमुखको जिम्मेवारी सम्हालेपछि पदीय जिम्मेवारीका अतिरिक्त महानगरपालिकाका प्रमुख, उपप्रमुख एवं प्रमुख प्रशासकीय अधिकृतको निर्देशनमा रही कार्यालय सम्वद्ध विविध कार्य गरियो । यस बीचमा कार्यालय मार्फत् गरिएका केही कार्यहरुको संलग्नता स्मरण गर्दा निम्नासार रह्यो ।

(१) पोखरा महानगरपालिका परिसर कार्य वातावरणको दृष्टिकोणले अझ केही सहज बनाउनु पर्दछ भन्ने हेतुले कार्यालय परिसर सफाइमा कार्य आरम्भ गरियो । यस कार्यलाई सफल पार्नका लागि सरसफाइ शाखामा रहेका सक्रिय कर्मचारीहरुको पूर्ण सहयोग मिल्यो । कार्यालय सफाइका क्रममा नै दमकल शाखा परिसरमा भएका फलामका फ्लेक्स बोर्ड, पुराना फर्निचर, प्लास्टिकजन्य सामग्रीहरुको संग्रहका कारण सो स्थान अव्यवस्थित भएको कारण ती सामग्रीहरु हटाउनका लागि आवश्यक कानुनी प्रक्रिया अवलम्बन गर्दै भण्डार शाखाबाट लिलाम कार्य सम्पन्न भएको छ ।

यसैबीच अझै पनि प्रयोगविहीन सवारी साधन एवं अन्य मेसिनरी सामग्रीहरुको उचित व्यवस्थापन गर्न जरुरी देखिएको छ । साथै सामाजिक विकास महाशाखा रहेको भवनलाई मर्मत, सम्भार एवं रंगरोगन गरी कार्य स्थलको वातावरण उपयुक्त बनाउने कार्य अगाडि बढेको छ । जसबाट त्यस भवनमा रहेका अन्य शाखाहरुको कार्य स्थलमा समेत सकारात्मक प्रभाव पर्ने देखिन्छ ।

(२) कार्यालय तथा वडा कार्यालयहरुमा मर्मत हुन सक्ने अवस्थामा रहेका तर प्रयोगविहीन भएका जिन्सी सामग्रीहरुको मर्मत पश्चात महानगर र वडा कार्यालयहरुमा प्रयोग गर्ने वातावरण मिलाइएको छ । वडा कार्यालयहरुमा रहेका जिन्सी सामग्रीहरुको अभिलेख व्यवस्थित रुपमा नभएको पाइएकोले वडा कार्यालयहरुमा जिन्सी खाता राखी अभिलेख व्यवस्थापन गरिएको छ । त्यस्तै गरी वडामा रहेका पुराना फर्निचर लगायतका सामग्रीले कार्यालय र परिसरको वातावरण साँगुरो बनाएकोमा त्यस्ता सामग्रीहरु महानगरमा संकलन गरी लिलामी प्रक्रियामा लगियो । वडा कार्यालयलाई आवश्यक पर्ने सामग्रीहरुलाई चौमासिक रुपमा उपलब्ध गराउँदा कार्यालयलाई सहज हुने हुँदा केही पेश्की रकमसहित चौमासिक जिन्सी सामग्री उपलब्ध गराउने कार्यको थालनी भएको छ ।

(३) सडकको वातावरणलाई थप व्यवस्थित र सरसफाइयुक्त बनाउनका लागि सडक छेउछाउमा रहेका माटो ढुंगा लगायतका बस्तुका ढिस्का हटाउने एवं खाल्डा खुल्डी पुरी सडकको दाँयाबाँया थप व्यवस्थित पार्न नागढुंगा एयरपोर्ट हुँदै छोरेपाटन क्षेत्र सफाइका लागि कार्यालयमा रहेका मेसिनरी औजारसहित उपलब्ध जनशक्ति खटिइ सफाइ कार्य गरियो । यसै क्रमलाई निरन्तरता दिँदै पृथ्वीचोक, अमरसिंहचोक हुँदै औद्योगिक क्षेत्रसम्मको मूल सडकका अतिरिक्त अन्य केही सडकको दाँयाबाँया क्षेत्रको सरसफाइ र सौन्दर्यकरण गर्न निमित्त कार्यालयका कर्मचारीहरुसँगसँगै रही कार्य सम्पादनमा सहभागिता रह्यो ।

(४) सवारी चाप बढेको हुनाले सहज ट्राफिक व्यवस्थापनका लागि मुख्य चोकहरुको आइल्यान्ड घटाउने कार्यपालिका बैठकको निर्णय अनुरुप बिरौटा चोकबाट आइल्यान्ड घटाउँदै सुरुआत भएको अभियानमा हरिचोक एवं मुस्ताङ चोकका आइल्यान्ड व्यवस्थित गरियो । यस कार्यलाई निरन्तरता दिँदै अमरसिंह चोकलाई मर्मत गरियो । माथि उल्लेखित चोकहरुलाई सानो पार्ने क्रमसँगै त्यहाँ मर्मत, संभार, रंगरोगनका कार्य पनि तुरुन्त गराइ कार्य सम्पन्न भएको छ ।

(५) सहरी क्षेत्रमा रहेको टेलिफोन, केबल टिभी, नेट आदिका अव्यवस्थित तारलाई व्यवस्थित गरी सहरको सौन्दर्यकरण गर्ने अभियानको थालनी सिद्धार्थ चोकबाट भएको छ । यो अभियान प्राविधिक विषय भएकाले होला कार्य सम्पादनमा आशातित तीव्रता हुन नसकेको पाइयो तर पनि कार्यको निरन्तरताले केही आशा जगाएको छ । छिटो माध्यमबाट सूचनाको आदान प्रदान र पत्राचारका लागि सबै वडाहरुको इमेल ठेगाना तयार गरी कार्यारम्भ गरियो । जसका माध्यमबाट महानगर र वडाका गतिविधिका बारेको जानकारी छिटो साधनबाट आदान प्रदान हुने अवस्थाको सिर्जना भएको छ । यस कार्यका लागि विद्युत हेर्ने एवं सूचना प्रविधि शाखाका कर्मचारीको सहयोग रह्यो ।

(६) छाडा चौपाया व्यवस्थापनमा कार्यपालिका बैठकबाट वडा नम्बर १७ का अध्यक्षज्यूको अध्यक्षतामा अन्य वडाध्यक्षहरु समेत रहेको समितिमा सम्पर्क व्यक्तिको रुपमा कार्य गर्ने अवसर मिल्यो । सो कार्यका लागि वडा नं. १७, २५ र ३२ मा गई

सम्भाव्यता अध्ययन गरियो । समितिले विज्ञ समेतको परामर्शमा उपयुक्त स्थानको खोजी गरियो । निरन्तरको प्रयत्नमा पनि उपयुक्त व्यवस्थापनमा कठिनाइ भएकाले हाललाई महानगरको ल्यान्डफिल साइडको छेउमा रहेको खाली जमिनलाई प्रयोग गर्ने गरी अस्थायी व्यवस्थापन गरिएको छ । सो कार्यका लागि ल्यान्डफिल र सरसफाइ शाखाका कर्मचारीहरुको उल्लेख्य भूमिका रह्यो ।

७) सभागृहको परिसर सफाइका क्रममा शौंचालयमा अस्थायी रुपमा भएपनि पानीको व्यवस्था गरिएको छ । सभागृह परिसरमा रहेका अनावश्यक रुखहरु हटाई सरसफाइलाई प्राथमिकता दिइएको छ । सभागृहको मुलगेटको दाँयाबाँया होचो पर्खालमात्र भएकाले असुरक्षित महसुस गरी पर्खालमा रेलिª /रखी गेटसहित अगाडिको कम्पाउन्ड वाललाई रंगरोगन गरिएको छ ।

८) महानगरको बजेटबाट सम्पन्न भएका योजनाहरुको अनुगमन गरी सोको प्रतिवेदन पेश गर्ने कार्यको सुरुवात भएको छ । यस कार्यलाई निरन्तरता दिँदै जाने महानगरको नीति छ । महानगरको मुख्य बजार क्षेत्रको अनुगमन गर्ने कार्यको निरन्तरता भएको छ । जसबाट बजार व्यवस्थापनमा सहजीकरण भएको छ । यस कार्यलाई थप व्यवस्थित गर्नुपर्ने महसुस भएको छ । कतिपय सार्वजनिक जग्गा भएको स्थानमा बिना स्वीकृति भवन निर्माण गर्ने कार्य हाल पनि भइरहेकोमा सो कार्य रोक्न र निर्माण भएका संरचना भत्काउने कार्य महानगरले गरिरहेको छ ।

९) महानगरपालिकाका स्वामित्वमा रहेका भवनका सटरहरु भाडा दिइएकोमा अधिकांश सटरहरुको भाडा विगत वर्षदेखि नै भुक्तान गर्न बाँकी रहेको देखिएकोले पत्राचार मार्फत् नियमित तिर्नका अनुरोध गरिएको छ । सटरहरुको नियमित मर्मत सम्भार गर्ने तथा समयानुसार टेन्डर प्रक्रिया मार्फत् भाडाको विषय व्यवस्थित गरिने छ ।

१०) वडा कार्यालयबाट नै कर, राजश्व लिने, एक हजार वर्ग फिटको घर नक्सा पास गर्ने लगायतका कार्य प्रत्यायोजन भएकोमा अब व्यवसाय दर्ता कार्य पनि वडाले नै गर्ने गरी अभियानको रुपमा नै कार्य संचालन गर्नका लागि कार्य तोकिएको छ । संस्थागत रुपमा सरकारी निकायको स्वामित्वको भवनमा रहेका व्यवसाय, बैंक लगायतका संस्थाहरुको घर वहाल करको नियमित भुक्तानका लागि पत्राचार भएको छ ।

११) कार्यालयले गर्ने नियमित कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाउन जनशक्तिको उचित व्यवस्थापनको निमित्त सहजीकरण गरी कार्य सम्पादनमा तीव्रता ल्याउन आवश्यक सहयोग गरियो ।

महानगरपालिकाले गर्ने आफ्ना कार्यमा थप सुधार गर्नुपर्ने विषयहरु पनि नभएका होइनन् । महानगरले नगरबासीहरुलाई सचेतनात्मक कार्यक्रम मार्फत् सार्वजनिक जग्गा संरक्षण गर्ने, हरियाली वातावरण प्रवर्द्धन गर्ने, फोहोरमैलाको सही व्यवस्थापन गर्ने, व्यवसाय दर्ता गरी मात्र सञ्चालन गर्ने, नियमानुसार घर बहाल कर लगायत अन्य तोकिएका कर तिर्ने, सेफ्टी टंकी एवं सकपिट नबनाई फोहोर सिधै नदीमा फाल्ने वा ढलमा मिसाउने कार्य रोक्ने कार्य गर्न जागरुक बनाउनु पर्नेछ । यस विषयलाई उल्लंघन गनेलाई कानुन बमाजिम कारबाही गर्नुपर्ने देखिन्छ । त्यसैगरी कार्यालयमा आउने सेवाग्राहीका लागि सेवा चुस्त दुरुस्त दिन तालिम प्राप्त जनशक्ति तयार गर्ने, सही व्यक्ति सही स्थानमा खटाइ कार्य गराउने, कामको आधारमा दण्ड पुरस्कारको उचित व्यवस्था गर्नुपर्ने देखिन्छ ।


पोखराको अमरसिंह चोकमा व्यवस्थित गरिएको आइल्यान्ड

# महानगर दीर्घकालीन योजनामा

महानगरमा भूगोलका दृष्टिले ठूलो पोखरा महानगर पर्यटकीय सुन्दर महानगर हो । चुस्त सेवा, जवाफदेही प्रशासन र आर्थिक रुपले समृद्ध सहर र सचेत महानगरबासीको परिचय बनाउन महानगर नेतृत्व समर्पित छ । निर्वाचित भएपछिको १९ महिना बितेको छ । स्थानीय सरकारको अनुभूतिलाई छामेर छोएर प्रमाणित गर्न अल्पकालीन दीर्घकालीन योजना र गौरवपूर्ण योजना कार्यान्वयनमा हामी क्रियासशील हुदैंछौ ।




- **धनबहादुर नेपाली**
  **प्रवक्ता**
  पोखरा महानगरपालिका


गरिमामय ऐतिहासिक पोखरा महानगरको चौंथो नगर सभामा प्रवेश महानगर कार्यपालिका व्यवस्थापिका र न्यायिक सरोकारका विषयमा गम्भीरतापूर्वक लागेको छ । नयाँ संविधानले व्यवस्था गरेको नयाँ सरकारको नयाँ संरचनामा महानगर स्थानीय सरकारको देखिने काम त्यो भन्दा भविष्यमा सकारात्मक प्रभावपार्ने दीर्घकालीन महत्वको योजना निर्माणमा अग्रसर छ । जसका कारण महानगरको सफल नेतृत्व र त्यसको गुणात्मक प्रभाव भविष्यले भोग्न पाओस् । पारदर्शी समावेशी र सुशासनयुक्त व्यवस्थाको उच्च लाभ महानगरबासीले लिन सकुन् । जननिर्वाचित नेतृत्व सजगताका साथ जिम्मेवारी निभाउँदै छ ।

संविधानले निर्दिष्ट गरेका स्थानीय सरकार सञ्चालन ऐन २०७४ बाट क्षेत्राधिकार भित्रमा ५० औ संख्यामा ऐन, नियमावली, निर्देशिका कार्यविधि बनाएर महानगर सफल सरकारको भूमिका बढाउँदै छ । महानगर करको दायरा बढाउँदै, खेलकुदको विकास पर्यटनको सुधार, शिक्षा, स्वास्थ्य क्षेत्रको सेवादेखि सिंगो महानगरको भौतिक पूर्वाधार विस्तार गर्दै स्मार्ट सिटीका लागि छिमेकी मुलुकका सहरसँग भगिनी सम्बन्ध विस्तार गर्दैछ । तथ्यांक, अभिलेख व्यवस्थापन, कर्मचारी पदाधिकारीको आचारसंहिता निर्माण र सहकारी व्यवस्थापनमा जुटेका छौं । बजार अनुगमन, फोहोरमैला व्यवस्थापन छाडा चौपाया व्यवस्थापन, कृषि र उद्योग प्रवर्द्धन स्मार्ट सिटी हब परियोजना सञ्चालन, विपद् व्यवस्थापन, नगर प्रहरी दरबन्दी थप गर्ने सँगसँगै कृषि क्षेत्रमा नयाँ कदम चाल्दैंछ । कार्यालय प्रविधिमा जोड दिँदै विकासमा जनहभागिता वृद्धि गर्दै विकासमा जनपरिचालनको नीति निर्माणमा अग्रसर भइरहेको छ ।

भौतिक पूर्वाधार वित्तीय अनुशासन, सामाजिक आर्थिक विकासका कार्यमा तीव्रतर सुधार ल्याउँदै नगरबासीको शिक्षा स्वास्थ्य क्षेत्रमा भारी परिर्वतन भित्र्याउँदै छ । सार्वजनिक जग्गा संरक्षण गर्दै अतिक्रमित जग्गा संरक्षणमा विशेष काम थालनी गरेको छ । महानगरको प्रशासनिक कार्यलाई प्रविधियुक्त बनाउँदै कर्मचारीदेखि उपभोक्ता समितिलाई प्रशिक्षित गर्ने र संघ, प्रदेश र स्थानीय सरकारको काम कर्तव्य अधिकारलाई स्पष्ट गर्ने गराउने काममा लागेका छौं । बाटो फराकिलो बनाउने, सडक फुटपाथ सुरक्षित बनाउनेदेखि पोखरी, ताल संरक्षण, पार्क उद्यान बाटिका निर्माण कार्यसँगै सञ्चालनमा आउँदैछन्। गाउँपालिका एवं अन्तर वडा जोडने पुल बाटोलाई प्राथमिकता दिइएको छ भने ट्राफिक व्यवस्थापनसँगै आकासेपुल बनाउने योजनाको डिपिआर तयार भएको छ । होमस्टे सञ्चालन, खेलकुदका क्षेत्रमा नयाँ नीति र ग्रिनसिटीको परिकल्पनालाई ठोस रुप दिँदै तालिम गोष्ठी प्रशिक्षणलाई परिणाममुखी बनाउन लगनशील छ ।

फेवाताल संरक्षणमा विशेष कार्यक्रम ल्याउँदैछौं । उपभोक्ता समिति, तालिम, योजनाको अनुगमन र योजनाको हस्तान्तरण नयाँ विधिलाई कार्यान्वयन गरिँदै छ । समग्रमा महानगरका कामलाई व्यवस्थित बनाउन नयाँ सोंच र तवरले निर्वाचित जनप्रतिनिधि प्रशासनिक निकाय एक साथ लाग्दैछ । जनताको गुनासोलाई रचनात्मक सुझावमा लिदैं अघि बढ्नुपर्ने दायित्वलाई आत्मसाथ गरेको छौं । महानगर र महानगरबासीहरुको इज्जत प्रतिष्ठा बढाउन संविधान र स्थानीय सरकार सञ्चालन ऐनले मार्गदर्शन गरेका काम, कर्तव्यलाई पूरा गर्न दृढता लिएका छौं । अल्पकालीन भन्दा दीर्घकालीन प्रभावन पार्ने कामका योजनामा प्रवेश गरेका छौं ।



पोखराको प्रमुख पर्यटकीय गन्तव्य फेवाताल

# सार्वजनिक जग्गा संरक्षणमा महानगर

पोखरा महानगरपालिकाले सार्वजनिक जग्गा संरक्षणमा चासो दिएको छ । महानगरले आर्थिक वर्ष २०७५/७६ लाई सार्वजनिक जग्गा संरक्षण वर्ष घोषणा गरी काम अगाडि बढाएको छ । घोषणा अनुसार महानगरभित्र रहेका जग्गा संरक्षण सुरु गरिएको हो । महानगरभित्रका सार्वजनिक जग्गाको अतिक्रमण गरी बनाइएका संरचना भत्काउने कामलाई तीव्रता दिनुका साथै सबै वडा कति सार्वजनिक जग्गा छ त्यसको लगत पनि तयार पारिएको महानगरका सूचना अधिकारी गंगालाल सुवेदीले जानकारी दिनुभयो ।

महानगरले पछिल्लो समय जनप्रतिनिधिले सर्वाजनिक जग्गा मिचेर बनाएको घर समेत भत्काएको छ । पोखरा ४ मा जनप्रतिनिधिले नै बनाएको संरचना पनि महानगरले भत्काएको छ । वडासदस्य विष्णुमाया परियारले बनाउँदै गरेको पिल्लरसहितको पक्की घर महानगरले भत्काएको हो । पटकपटक सूचना पठाउँदा पनि अटेरी गरेकाले भत्काउनु परेको महानगरका प्रवक्ता धनबहादुर नेपालीले जानकारी दिनुभयो । 'सुरुबाटै हामीले नबनाउन आग्रह गर्दै आएका थियौं तर मान्नुभएन, ढलान नै गर्नुभयो,' उहाँले भन्नुभयो 'पटकपटक आग्रह गर्दा पनि अटेरी गरेपछि मेयरसाबले भत्काउने आदेश दिनुभएको हो ।'



नेपालीले पहिले पनि पटकपटक परियारको सामान जफत गर्दै लगेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो 'पहिले जग बसाल्दा नै बेल्चा, घन, गैंचीलगायत सामान उठाएर लगेका थियौं । उहाँले अटेर गरिरहनुभयो ।' जनप्रतिनिधिले नै मापदण्ड मिचेर संरचना बनाइरहेको विभिन्न संचार माध्यममा समाचार प्रकाशन भएपछि महानगरले अनाधिकृत रुपमा नबनाउन आग्रह गर्दै आएको थियो ।

पोखरा ५ का मापदण्ड मिचेर बनाएका अन्य संरचना समेत भत्काएको प्रवक्ता नेपालीले जानकारी दिनुभयो । महानगरले पोखरा ५, सीमानामार्गमा रहेको भरत लिगलको ४ कोठे संरचनासमेत भत्काएको छ । पोखरा ५ बुलौंदी कि जमूना क्षेत्रीको ३ कोठे भवन पनि भत्काएको छ ।

महानगरले अतिक्रमित जग्गा भत्काउन थालेपछि केहीले सार्वजनिक जग्गा अतिक्रमण गरी बनाएका संरचना भत्काउने प्रतिवद्धता समेत गरेका छन् । यसैगरी अन्य वडामा पनि सार्वजनिक जग्गा संरक्षण अभियानको काम भइरहेको छ । पोखरा महानगरपालिका वडा नम्बर १८ ले सार्वजनिक जग्गामा बनाइएको संरचना भत्काएको छ । वडा नम्बर १८ को हरेडाँडामा रहेको सार्वजनिक जग्गामा बनाइएको संरचना हटाइएको हो ।

हरे डाँडा सामुदायिक वनको २ रोपनी जग्गामा हर्कबहादुर ढकालले तारबार गर्दै संरचना निर्माण गरेपछि वडाध्यक्ष रणबहादुर थापाले नगर प्रहरी लगाएर त्यहाँ बनाइएको संचरना र तारबार हटाएका हुन् । नगर प्रहरी, पत्रकारको टोली लिएर वडा अध्यक्ष आफै सार्वजनिक जग्गामा बनाइएको संरचना भत्काउन पुगेका थिए । सार्वजनिक जग्गामा निर्माण गरिएका छाप्रा, तारजाली लगायतका संरचना हटाइएको उनले बताए ।

ढकालले विगत चार वर्षदेखि सार्वजनिक जग्गामा अस्थायी घर निर्माण गरेको तर अहिले फेरि थप जग्गालाई तारबार गरेर भाडामा दिने तयारी गरेपछि भत्काइएको वडाध्यक्ष थापाले जानकारी दिनुभयो । 'सार्वजनिक जग्गामा संरचना बनाएको र अझै अतिक्रमण बढाएकाले भत्काएका हौं,' अध्यक्षले भन्नुभयो । महानगरले चालु आर्थिक वर्षलाई सार्वजनिक जग्गा संरक्षण अभियान वर्षका रुपमा घोषणा गरे अनुसार वडामा अभियान सञ्चालन गरिरहेको उहाँले बताउनुभयो । 'सराङ्कोट पर्यटकीय गन्तव्य रहेको र पोखरा आउने ८० प्रतिशत पर्यटक यहाँ आउने गरेका छन,' अध्यक्ष थापाले भन्नुभयो, 'यहाँ जग्गा बढी अतिक्रमण भएको छ । अब अतिक्रण रोक्छौ ।'

उहाँका अनुसार वडा नम्बर १८ मा ५६ र २२ रोपनी सार्वजनिक जग्गा संरक्षण गरिएको छ । 'सराङ्कोटको टावरको ५६ र लभ्ली डाँडामा रहेको २२ रोपनी जग्गा व्यक्तिले अतिक्रमण गरेको जग्गालाई संरक्षण गरेका छौं,' उहाँले भन्नुभयो,' वडा भित्र रहेका कुनै पनि सार्वजनिक जग्गा अतिक्रमण गर्न दिँदैंनौं ।'

# पोखराको समृद्धि : कृषि र पर्यटन




- **शोभामोहन पौडेल**
**सचेतक**
पोखरा महानगरपालिका


नेपालकै पर्यटकीय राजधानी पोखरा, गण्डकी प्रदेशको केन्द्रमात्र नभई सांस्कृतिक, ऐतिहासिक र आर्थिक रुपले पनि केन्द्रमा छ । पोखराको सुन्दरता पर्यटनमा मात्र सीमित छैन । यहाँको संस्कृति तथा ऐतिहासिकता पनि उत्तिकै मनमोहक छ । पोखरा भन्ने वित्तिकै भौगोलिक नक्सांकनले ३३ वटा वडालाई चित्रण गर्दछ, तर पोखरा आफैमा विशाल छ । देशका ६ वटा महानगर मध्ये पोखरा महानगर पालिकाले आफूलाई स्मार्ट सिटीको रुपमा विकास गराउँदै लैजाने योजना समेत अगाडि सारेर केही कामको सुरुवात समेत गरेको छ । पोखरालाई व्यवस्थित सहरको रुपमा विकास गर्नुपर्ने दायित्व हाम्रा सामु चुनौतीका रुपमा छ । व्यवस्थित सहरीकरणबाट मात्रै स्मार्ट सिटीको योजना पुरा गर्न सकिन्छ । हिजोको पोखरा नगरपालिका, त्यसपछि बनेको उपमहानगरपालिका र अहिलेको लेखनाथ र केही गाविस गाँभिए पछिको महानगरको अवस्थालाई हेर्दा पछि थपिएका वडालाई पुराना वडा सरह बनाउन विकल्पको खोजी भइरहेको छ । यद्यपी यो २-४ वर्षमै सम्भव देखिँदैन ।

पोखरा भित्रका सबै ठाउँ एक नासका छैनन्, केही वडामा तीव्र रुपमा बस्तीको विकास भएको छ र त्यो दिनानुदिन अव्यवस्थित बन्दै गएको छ भने केही वडामा विकासको सुरुवात मानिएका सडक, खानेपानी, सञ्चार पनि पुग्न सकिरहेका छैनन् । त्यस अर्थमा विकासबाट पछि परेका वडाको विकास पहिलो प्राथामिकतामा राखिनुपर्छ । पछिल्लो समय पोखरामा केही सुविधा पुगेका गाविस मिसाइएपछि, त्यहाँका जनता महानगरबासी त हुन पुगे तर विकास निर्माणको कार्यमा भने पछाडि नै परे । यसका लागि पनि महानगरको योजना आवश्यक छ । हामी जनप्रतिनिधि भइसकेपछि पनि त्यसका विषयमा छलफल भएपनि देखिने गरेर काम हुन सकिरहेको छैन । पछि थपिएका वडामा कृषि उत्पादनको प्रधानता देखिन्छ, कृषिलाई प्राथामिकता दिएर योजना कार्यान्वयन गर्न सकेको खण्डमा जनताको आयस्तर पनि वृद्धि हुने र महानगरको समृद्धिको सपना पनि पूरा नहोला भन्न सकिँदैन ।

पोखरामा सम्भावना धेरै छ । त्यो सँगसँगै चुनौतीका पहाड पनि उत्तिकै छन् । दीर्घकालीन योजना र बजेटको प्रथामिकता बिना चुनौतीको सामना गर्न सकिँदैन तसर्थ सम्भावनाको खोजीसँगसँगै, आएका चुनौतीलाई केलाएर अगाडि बढ्न सकेको खण्डमा मात्र समृद्ध पोखरा बनाउन सकिन्छ । सडक प्राथामिकताको कुरा गर्दा महानगरले वडादेखि वडा र वडादेखि गाउँपालिकाको केन्द्रसम्म कालोपत्रे सडकको अवधारणा अगाडि सारिरहेको छ ।

म आफु १९ नम्बर वडाको निर्वाचित अध्यक्ष समेत भएको नाताले पनि उक्त वडामा जलविद्युत, कृषि र पर्यटनको प्रचुर सम्भावना छ । पर्यटकीय आर्कषण बढाउन पर्यटकीय रुटको विकाससँगसँगै सेती नदीमा -याफ्टीङ, हरिपाउँ, गर्लाङ, अर्मलाकोट, चुरुंगा लगायतका क्षेत्रमा होमस्टे, महेन्द्र गुफा चमेरे गुफा, ठूली पोखरीलाई केन्द्रमा राखि त्यस आसपासको क्षेत्रमा पर्यटकीय आर्कषण बढाइ पर्यटक आगमन वृद्धि गर्ने योजना समेत अगाडि सारिएको छ । धार्मिक पर्यटनको रुपमा अकला मन्दिर, ओमकारेश्वर, सर्वेश्वर, सुरथेश्वर शिवालयको विकास पनि प्राथामिकतामा परेका छन् । वडाभित्रका विभिन्न सडकलाई कालोपत्रेसहित कनेक्टिङ रोडका रुपमा विकास गर्ने कार्य सुरु भएको छ । माछामा आत्मनिर्भर बनाउन ट्राउट माछा उत्पादनमा प्रोत्साहन, किसानलाई व्यवसायिक रुपमा बाख्रा पालनमा लगाउने उद्देश्यले अनुदान सहयोग, लगायतका कार्यको सुरुवात भएको छ । स्वास्थ्य चौकी स्तरोन्नतिसहित घार्मीमा विशेषज्ञसहितको प्राथामिक स्वास्थ्य केन्द्र निर्माणका लागि प्रक्रिया सुरु भएको छ । १६ र १९ नम्बर वडालाई शैक्षिक हबको रुपमा विकास गराउने योजना समेत वडाले लिएको छ ।

विद्यायन समितिको संयोजकको हिसाबले पनि महानगरका थुप्रै योजनालाई व्यवस्थित बनाउन र नीति निर्माणका कामलाई चुस्त दुरुस्त बनाउन कामहरु अगाडि बढिरहेका छन् । अन्त्यमा, पोखराको समृद्धिको आधार नै कृषि र पर्यटन हो । महानगर, जनप्रतिनिधि र नागरिकको हातेमालोबाट नै यी कुरा सम्भव हुनेहुँदा, हिजोका कुरा छाडेर आज र भोलिका लागि समृद्ध जनता, समृद्ध पोखरा भन्दै अगाडि बढ्न आवश्यक छ ।

ग्रामीण कृषि पर्यटनलाई जोडेर ग्रामीण कृषक घरधुरीको आयस्तरमा वृद्धि गरी ग्रामीण अर्थतन्त्रलाई सवल बनाइ रोजगारीको सिर्जना गरी गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउने उद्देश्यले महानगरपालिकाले सम्भावित कृषि पर्यटन स्थानको पहिचान गरी सरकारी तथा निजी क्षेत्रको सक्रिय सहभागितामा कृषि पर्यटन कार्यक्रम सञ्चालन गर्न आवश्यक छ ।

"कृषि पर्यटन" सामान्यता कृषि पर्यटन भन्नाले त्यस्तो खालको पर्यटन जसले ग्रामीण क्षेत्रमा प्रमुख रुपमा प्राकृतिक, दीगो तथा जैविक कृषिमा आधारित भई ग्रामीण जीवन, कला, संस्कृति तथा सम्पदाहरुको प्रवर्द्धनमार्फत् स्थानीय समुदायलाई आर्थिक एवं

सामाजिक रुपमा लाभ प्रदान गर्ने भन्ने बुझिन्छ ।

महानगर कृषिमा आधारित पर्यटन विकासमा आफ्नो वार्षिक कार्यक्रमहरुलाई नगरबासीमाझ लैजान अगसरताका साथ लागि परेको छ । नेपाल कृषि प्रधान देश भएकोले पनि कृषि पर्यटन प्रवर्द्धन कार्यक्रमका लागि कृषिमा आधारिक आधुनिकीकरण कृषि योजना एवं कृषिमा आधारित व्यवसायिक उद्यमीहरुको विकास गर्न आवश्यक रहन्छ । पोखरा महानगरपालिकाले कृषि व्यवसायको प्रवर्द्धनको लागि "नगरपालिका कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७४" जारी गरी कार्यान्वयनमा ल्याएको छ ।

कृषिमा राजेगारीका अवसरहरु सिर्जना गर्नुपर्ने देखिन्छ । परम्परागत कृषिका कारण अपेक्षितरुपमा कृषिमा व्यवसायीकरण, आधुनिकीकरण तथा औद्योगिकीकरण नहुँदा यसको आंशिक प्रतिफलमात्र प्राप्त हुनेछ । नेपालमा ६५ प्रतिशत भन्दा बढी घरपरिवारहरुका आय आर्जन र रोजगारीका लागि कृषिमा निर्भर रहेता पनि निर्वाहमुखी तथा परम्परागत कृषिका कारण अपेक्षितरुपमा कृषि व्यावसायीकरण, नहुँदा कृषकको आयस्तरमा उल्लेख्य सुधार हुन सकेको छैन ।

मुलतः नेपालमा करिब २३ प्रतिशत जनताहरु गरिबीको रेखामुनि रहेका तथ्यांकले बताउँछ । नेपाल कृषि प्रधान मुलुक त हुँदै हो प्राकृतिक सुन्तरता, भौगोलिक, सामाजिक तथा सांस्कृतिक विविधतायुक्त धनी देश भएका कारण संसराबाट नेपाल घुम्न आउने पर्यटकको संख्या बढदो क्रममा छ । आन्तरिक पर्यटक रुपमा देशका विभिन्न भू–भागामा घुम्न जाने स्वदेशीहरुको संख्या पनि बढ्दो क्रममा छ ।

कृषि पर्यटनकालाई खास गरी कृषि पर्यटनको विकास तथा प्रवर्द्धन गरी ग्रामीण अर्थतन्त्रलाई सवल बनाउन, ग्रामीण क्षेत्रमा रोजगारीको अवसर सिर्जना गरी कृषक घरधुरीको आय वृद्धि गर्ने तथा ग्रामीण क्षेत्रमा कृषिमा रोजगारीको अवसर सिर्जना गर्ने, वैदेशिक रोजगारीको विकल्पको रुपमा कृषि पर्यटनको विकास र विस्तार, अर्गानिक भिलेजलाई स्थापित गरी रोजगारीमा वृद्धि गरिनु पर्ने कृषि पर्यटनलाई आय मार्फत जीवनस्तर सुधार गर्ने र परम्परागत कला, सस्ंकृतिको तथा संगीतको सम्वर्द्धन र प्रवर्द्धन गरिनु पर्ने, स्थानीय कृषि उपजहरुको बारेमा ज्ञानको सचेतना वृद्धि, स्थानीय कृषि तथा कृषि भूमिकाको महत्व अभिवृद्धि गरी दीगो रुपमा साना कृषकहरुलाई आर्थिक रुपमा सवल बनाउने खालका कार्यक्रमहरु गर्न आवश्यक छ । महानगरपालिकाको क्षेत्र भित्र कृषिमा आधारित पर्यटनको विकास गर्न सकेमा कृषकहरुको जीवनस्तरलाई माथि उकास्नुका साथै आर्थिक रुपमा समृद्ध सहर निर्माण हुनमा नागरिकाको भूमिका पनि कामयावी हुने देखिन्छ ।



# पर्यटन र पोखरा



- **रामराज लामिछाने**
  **सचेतक**
  पोखरा महानगरपालिका

भौगोलिक रूपमा पोखरा महानगरपालिका नेपालको सबैभन्दा ठूलो महानगरपालिका र जनसंख्याको दृष्टिकोणले काठमाडौंपछि दोस्रो ठूलो महानगरपालिका हो । नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालमा संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारको परिकल्पना गरे पश्चात कास्की जिल्लामा पोखरा महानगरपालिका र अन्नपूर्ण, माछापुच्छ्रे, मादी र रूपा गरी चार गाउँपालिकासहित पाँच स्थानीय तहमा विभाजन गरी निर्माण गरिएको छ । पोखरा महानगरपालिका बन्नु अघि राज्य पुनर्संरचनाका बेला पोखरा महानगरपालिकाको रूपमा थियो भने कवि शिरोमणि लेखनाथ पौडेलको नामबाट लेखनाथ नगरपालिकाको रूपमा थियो जसलाई सात तालको बगैंचाको सहर पनि भनिन्छ । राज्य पुनर्संरचनापछि पोखरा उप-महानगरपालिका, लेखनाथ नगरपालिका र अन्य केही गाविस मिसाएर पोखरा लेखनाथ महानगरपालिका बनाइयो । राज्य पुनर्संरचनाको समयमा पोखरा र लेखनाथका बासिन्दाहरूका लागि आ-आफ्नो अपनत्व हुने गरी संयुक्त नाम राखिए तापनि पोखरा लेखनाथ महानगरपालिका नाम आफैमा लामो भएको, पोखरा अन्तर्राष्ट्रिय पर्यटकीय सहरको रूपमा परिचित भइसकेको र पोखरा लेखनाथ महानगरपालिकाको नामको विषयमा अन्तर्राष्ट्रिय जगतमा भ्रम सिर्जना भएकोले पोखरा लेखनाथ महानगरपालिकाको २०७५ आसार १० गतेको तेस्रो नगरसभाबाट सर्वसम्मत रूपमा पोखरा महानगरपालिकाको नाममा पारित भएको उक्त नाम प्रदेश सरकार मार्फत् संघीय नेपाल सरकारबाट स्वीकृत भएपछि पोखरा महानगरपालिका नामबाट काम कारबाहीहरू भइरहेका छन् ।

पोखरा महानगरपालिका जैविक, पर्यटन, प्रकृति र सांस्कृतिक सम्पदाले युक्त महानगरपालिका हो । यस महानगरपालिकालाई स्वच्छ, सफा, सुन्दर, हरियाली आधुनिक सहरका रूपमा विकास गर्नु जरुरी छ । जसलाई २०७३ वैशाख ३१ गते भएको स्थानीय तहको निर्वाचनपछि निर्वाचित जनप्रतिनिधिहरूले त्यसलाई पूरा गर्नु पर्छ । जसलाई पूरा गर्न निम्नानुसारको विकास कार्य गर्न सकिन्छ :

- फोहोर व्यवस्थापन जिम्मा वडालाई दिने
- होर्डिङ बोर्डको उचित व्यवस्थापन गर्ने
- क्षेत्रीयस्तरका बसपार्कहरू निर्माण गर्ने
- सिटी बसपार्क बनाउने
- सुकुम्बासी समस्या निराकरण गर्ने
- ट्राफिक जामको व्यवस्थापन गर्ने
- प्रत्येक वडालाई सडक सञ्जाल मार्फत् जोड्ने
- प्रत्येक वडाबासीलाई बत्ती, पानी, टेलिफोनको उचित व्यवस्थापन गर्ने
- सडकको दायाँ बायाँ रुख रोप्ने
- पार्किङको उचित व्यवस्थापन गर्ने
- पार्क निर्माणमा विशेष जोड दिने
- प्रत्येक टोल-टोलमा सोलारबत्ती जडान गर्ने
- प्रत्येक चोक-चोकहरूमा सिसिटिभी जडान गर्ने
- अत्याधुनिक सार्वजनिक शौंचालय निर्माण गर्ने
- हरियाली महानगरका रूपमा विकास गर्ने
- तालहरूको संरक्षण गर्ने
- सेती नदीलाई पवित्र स्थलको रूपमा सफा, सुन्दर पर्यटकीय स्थलको रूपमा विकास गर्ने
- फुट-ट्र्याक निर्माण गर्ने
- गुफाहरूको व्यवस्थापन गर्ने
- छाडा पशु-चौपायाहरूको नियन्त्रण गरी व्यवस्थापन गर्ने
- महानगरपालिका क्षेत्रमा खाल्डाखुल्डी पुर्न संयन्त्र निर्माण गर्ने
- पर्चा, पम्पलेट टाँस्न तथा बाँड्न रोक लगाउने
- ज्येष्ठ नागरिकको सुरक्षाको उचित प्रबन्ध मिलाउने
- बालमैत्री स्थानीय शासन अन्तर्गत बालमैत्री महानगर निर्माण गर्ने
- प्रत्येक वडामा आधुनिक वृद्धाश्रम निर्माण गर्ने
- प्रत्येक वडामा चिल्ड्रेन-पार्क निर्माण गर्ने
- प्लास्टिक झोला तथा प्लास्टिकजन्य बस्तुमा रोकलगाई उचित व्यवस्थापन गर्ने
- पावरटेलर अथवा ट्र्याक्टर विस्थापन गरी उचित व्यवस्थापन गर्ने
- मठ-मन्दिरहरूको संरक्षण गर्ने
- रिङरोड निर्माण गर्ने
- पशु बधशाला निर्माण गरी मासुपसल व्यवस्थापन गर्ने
- अत्याधुनिक शव-दाहगृह निर्माण गर्ने
- बाटो, चोकमा बेचिने पानीपुरी, चनाचट्पटे बेच्न रोक लगाउने ।

माथि उल्लेखित विकासका कार्यहरू गर्न सकियो भने पोखरा महानगरपालिकालाई आधुनिक, सुन्दर सहरका रूपमा विकास गर्न सकिन्छ । पोखरा महानगरपालिकालाई आधुनिक सुन्दर सहरको रूपमा मात्रै नभई विश्वकै अन्तर्राष्ट्रिय पर्यटकीय सहरको रूपमा पनि विकास गर्न सकिन्छ, किनकि त्यस खालका विकासका सम्भावनाहरू यहाँ विद्यमान छन् । अहिले यसै पनि विश्वकै दशौं सुन्दर पर्यटकीय सहरहरू मध्येमा पोखरा पनि पर्दछ । प्रकृतिले वरदान स्वरूप दिएको प्राकृतिक सम्पदा आफैमा अनुकरणीय छन्,

जसलाई हेर्न विश्वबाट मानिसहरू आइरहन्छन् । नेपालको सबैभन्दा ठूला तालहरू मध्ये दोस्रो, तेश्रो र चौथो क्रमश: फेवा, बेगनास र रूपा लगायत नौं तालहरू भएको यस महानगरपालिकालाई तालैतालहरू भएको महानगरपालिकाको रूपमा चित्रण गर्न सकिन्छ । त्यस्तै अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरि जस्ता हिम शृंखलाहरूका मनमोहक दृश्यावलोकनबाट पनि मानिसहरू मोहित हुन्छन् । पोखरालाई गुफै गुफाको रूपमा पनि चित्रण गर्न सकिन्छ, किनकि गुप्तेश्वर गुफा, महेन्द्र गुफा, चमेरी गुफा, सिता गुफा, हरिहर गुफा जस्ता गुफाहरू छन् । त्यस्तै विन्ध्यवासिनी, तालबाराही, भद्रकाली, बौद्ध गुम्वा, शान्ति स्तूपा, अकला मन्दिर, राम मन्दिर जस्ता अनगिन्ती मन्दिरहरू पनि यसै महानगरपालिकामा पर्दछन् । अन्तर्राष्ट्रिय क्षेत्रीय पर्वतीय संग्रहालय, नयाँ बजारमा अवस्थित क्षेत्रीय संग्रहालय, सराङ्कोट, अर्मलाकोट, निर्मलपोखरी, काहुँडाँडा, कास्कीकोट, पाताले छाँगो, सेती नदीको गहिराई दृष्यावलोकन जस्ता आकर्षक पर्यटकीय स्थलहरू छन् । यस्ता स्थलहरूको संरक्षण तथा विकास गर्न जरुरी छ । पर्यटन प्रवर्द्धनका लागि बेला बेलामा हुने विभिन्न महोत्सवको साथै फेवा नव वर्ष महोत्सव, सडक महोत्वस, भाइटीका महोत्सव, आन्तरिक पर्यटन प्रवृर्द्धनका लागि 'जाउँ है पोखरा', रोपाँईं महोत्सव जस्ता महोत्सवहरू भइरहेका छन् । त्यसलाई निरन्तरता दिइरहनु पर्छ । त्यस्तै नेवा सांस्कृतिक महोत्सव, तमुहरूको सांस्कृतिक कार्यक्रम, पञ्चेबाजा, एकादशी मेला जस्ता कार्यक्रमहरूले पनि आन्तरिक पर्यटनमा सहयोग पुऱ्याउँछ ।

पोखरालाई प्रमुख पर्यटकीय गन्तव्य स्थलको रूपमा विकास गरी अन्य पर्यटकीय स्थलहरूमा जानका लागि पोखराहुँदै जाने प्रमुख पर्यटकीय पदयात्रा मार्गहरू निम्नानुसार भएको र अझ विकसित रूप दिन सकिन्छ :

- पोखरा-पञ्चासे-पोखरा
- पोखरा-नुवाकोट-पोखरा
- रोयल ट्रेक (पोखरा)- चिसापानी-पोखरा
- पोखरा - जोमसोम-ल्होमान्थाङ
- पोखरा-बेनी-जोमसोम-पोखरा
- पोखरा-डुम्रे-वेशीसहर-मनाङ-जोमसोम-पोखरा (अन्नपूर्ण सर्किट)
- पोखरा-अन्नपूर्ण बेसक्याम्प-पोखरा-अन्नपूर्ण स्यानचुरी
- पोखरा-घान्द्रुक-पुनहिल-पोखरा
- पोखरा-सिक्लेस-पोखरा
- पोखरा-कागवेनी-माथिल्लो डोल्पा
- पोखरा-बागलुङ-ढोरपाटन
- पोखरा-ढोरफिर्दी माझकोट-पोखरा (मेलेनियम ट्रेक)
- पोखरा-मर्दी हिमाल
- पोखरा-नाउचे-पोखरा
- पोखरा-धम्पुस-सराङ्कोट-पोखरा
- पोखरा-घाचोक-पोखरा
- पोखरा-भरतपोखरी-नुवाकोट-पोखरा (रिजलाइन ट्रेक)
- पोखरा-मनाङ

पोखरा विभिन्न सम्भावनाले युक्त महानगरपालिका हो । यसमा पनि पोखरा महानगरपालिका नेपालकै उत्कृष्ट पर्यटकीय महागरपालिका हो । यसको व्यवस्थापनमा महानगरपालिकाको भूमिका प्रमुख रूपमा रहन्छ । यसका अतिरिक्त पोखराका बहु जनजाति बहु भाषाभाषी, बहु सांस्कृतिक सम्पदाको योगदानले आफैमा महत्त्वपूर्ण रहन्छ । "हाम्रो पोखरा राम्रो पाखरा" बनाउनका लागि हामी सम्पूर्ण पोखरेलीजनहरू एक आपसका विवाद र मतमतान्तरबाट माथि उठेर पोखराको पर्यटन प्रवर्द्धनका लागि एकजुट हुनु आजको आवश्यकता हो ।

हाम्रो र राम्रो पोखरा बनाउनका लागि नेतृत्वदायी भूमिका महानगरपालिकाको रहन्छ । हाम्रो र राम्रो पोखरा बनाउनका लागि पोखरा महानगरपालिकाले नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको छ र भविष्यमा पनि नेतृत्वदायी भूमिका निर्वाह गरिरहने छ । यसलाई अझ सघन र सशक्त बनाउन हामी सबैको सहयोग, सद्भाव र कर्मशीलता अपरिहार्य छ । पोखरालाई पर्यटकीय स्थलको रूपमा विकास गर्न हामी सबै सक्रिय रहनु आजको प्रमुख आवश्यकता हो । यो आवश्यकतालाई पूरा गर्न आजैदेखि हामीहरू लाग्न सकौं । "हाम्रो र राम्रो पोखरा" बनाउन उत्प्रेरित बन्न सकौं ।


# पोखरा महानगरको सूचना

- **छतको पानीलाई सार्वजनिक बाटोमा नखसालौं । स्वयं घरधनीले उचित व्यवस्थापन गरौं ।**
- **१६ वर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।**
- **पोलिथिन झोला (४० माइक्रोनभन्दा कम) र गिलास प्रयोग नगरौं ।**
- **भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।**

पोखरा महानगरपालिका

# आकासे पुल बनाउँदै महानगर

पोखराका सडक अचेल व्यस्त हुन थालेका छन् । पोखराभित्र भित्रिने सवारीसाधनको चाप बढेसँगै पोखराका सडकमा जाम हुने समस्या पनि बढिरहेको छ । पृथ्वीचोक, महेन्द्रपुल, सिर्जनाचोक, सभागृह चोकमा चारैतिरबाट गाडी तथा यात्रुको आवतजावत हुने हुँदा कार्यालय समयमा अत्याधिक जाम हुनेगर्छ ।

पोखरा महानगरपालिकाले महानगरभित्रका सडक जाममा कमी ल्याउन आकासेपुल बनाउने भएको छ । यही आर्थिक वर्षभित्र सिर्जनाचोक र पृथ्वीचोकमा आकासेपुल बनाउने गरी प्रक्रिया अघि बढाइसकेको महानगरका योजना प्रमुख सोभियत खड्काले जानकारी दिनुभयो । ‘यही आर्थिक वर्षमा सुरु गरेर १ वर्षभित्रै २ ठाउँमा आकासेपुल बनाइसक्ने गरी काम सुरु योजना तयार पारिसकेका छौं,’ उहाँले भन्नुभयो, ‘यसका लागि डिजाइन पनि तयार भइसकेको छ ।’


सिर्जना चोकमा बनाइने आकोश पुलको डिजाइन

मोडलका रुपमा थ्रिडी र लेआउट म्याप गरी २ प्रकारका पुल डिजाइन छानिसकेको खडकाले बताउनुभयो । ‘त्यसका लागि इन्जिनियरिङ डिजाइन, इस्ट्रक्चर डिजाइन छानेर यसै आर्थिक वर्षमा निर्माण सुरु गर्ने र अर्को आर्थिक वर्षमा पूरा गर्ने गरी योजना बनाएका छौं,’ उहाँले भन्नुभयो ।

महानगरले पोखराका अन्य मुख्य चोकमा पुल बनाउने लक्ष्य राखे पनि यस आर्थिक वर्षमा २ वटा पुलबाट काम सुरु गर्ने जनाएको छ । ‘मेजर इन्टरसेक्सन भनेको पृथ्वीचोक र सिर्जनाचोक हुन् । त्यसैले तत्काल हामीले यी ठाउँबाट काम सुरु गर्ने योजना बनाएका छौं,’ उहाँले भन्नुभयो । पुलको टेन्डर १ महिनाभित्र सार्वजनिक गर्ने उहाँले सुनाउनुभयो । ।

एउटा पुल बनाउन २ देखि साढे २ करोडसम्म लाग्न सक्ने अनुमान गरिएको छ । तर महानगरले यस आर्थिक वर्षमा जम्मा १ करोड पुलमा बजेट छुट्टयाइएको छ । ‘पुल बनाउन पर्यटनमन्त्री रवीन्द्र अधिकारीले निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गत ५० लाख रुपैयाँ विनियोजन गर्नुभएको छ । त्यो बजेट पनि यसैमा खर्च गरिन्छ,’ उहाँले भन्नुभयो ।

२ वटै पुलको डिजाइन लगभग एकै किसिमले बनेका छन् । तर चढ्ने भऱ्याङमा केही परिवर्तन देख्न सकिन्छ । योजना प्रमुख खडकाका अनुसार जग्गाको उपलब्धताका आधारमा भऱ्याङमा परिवर्तन गर्नुपरेको हो । ‘हामीले २ वटे पुलको बीचको डिजाइन एउटै बनाएका छौं । त्यसले गर्दा पुल बनाउन पनि सजिलो हुन्छ । दुबै पुल एउटै किसिमको भयो भने सुन्दर पनि देखिन्छ,’ उहाँले भन्नुभयो, ‘भऱ्याङमा मात्रै केही फरक छ ।’

पुलको बीचको भाग स्टिल स्ट्रक्चरमा बन्ने छ । बनाउन सजिलो र बनाउँदा ट्राफिकलाई पनि धेरै असर नगर्ने भएकाले स्टिलको डिजाइन तयार पारिएको सोभियतले प्रष्ट्याए । उहाँले भन्नुभयो, ‘यसले लगत पनि कम लाग्छ । अन्य डिजाइन गर्दा २०/२१ दिन व्यस्त बाटोमा टेको राखेर काम गर्न पनि गाह्रो हुने देखियो । स्टिल स्ट्रक्चर भयो भने अफ आवरमा पनि काम गर्न सजिलो हुन्छ ।’

**विकास रोकामगर**

# संघीयता कार्यान्वयनमा स्थानीय तह



• **वसन्तराज सिग्देल**
प्रमुख लेखा नियन्त्रक
पोखरा महानगरपालिका

नेपालको संवैधानिक व्यवस्था अनुसार संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी ३ तहको छ । राज्यशक्तिको प्रयोग र सञ्चालन तीनबटै तहले संविधान र कानुन बमोजिम गर्न सक्ने, नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, सर्वांगिण विकास, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली, मानवअधिकार तथा मौलिक हक, कानुनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन बहुलता र समानतामा आधारित समतामूलक समाज समावेशी पहिचानको प्रतिनिधित्व गर्ने गरी राज्यको पुनरर्संरचना गरिएको छ । तीनवटै तहको जननिर्वाचित सरकारको संरचना गठन भई सञ्चालनमा छन् ।

सदियौं देखिको एकात्मक राज्य व्यवस्थाबाट मुलुक संघीय संरचनामा जाँदा कार्यान्वयन तहमा केही जटिलताहरु थपिएका छन्, नयाँ अभ्यास भएको कारणले तीनवटै सरकारबीचको शक्ति सन्तुलन र अधिकार बाँडफाँडमा मतभेद हुने स्थितिलाई समयमानै कानुन निर्माण गरी हल गर्दै लैजानु पर्ने देखिन्छ । नेपालको संविधानले स्थानीय तहलाई आफ्नो अधिकार क्षेत्र भित्र रही कानुन बनाउने, वार्षिक बजेट बनाउने नीति योजना तर्जुमा गर्ने, निर्णय गर्ने, कार्यान्वयन र अनुगमन मूल्यांकन गर्ने अधिकार प्रदान गरेको छ । स्थानीय नेतृत्वको विकास गर्न स्थानीय तहमा कार्यकारी, विधायकी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले संघ, प्रदेश र स्थानीय तह बीचको सहकार्य, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, पारदर्शिता, उत्तरदायित्व सुनिश्चितता गरी स्थानीय योजना तर्जुमा गर्न स्थानीय सरकारको भूमिका र काम कर्तव्य र अधिकार स्पष्ट पारेको छ ।

स्थानीय तहलाई विकास आयोजना र परियोजना सम्बन्धी नीति, कानुन, मापदण्ड तयार गर्ने र कार्यान्वयन गर्ने अधिकार, आफ्नो क्षेत्र भित्रका सम्भाव्य प्राकृतिक स्रोत तथा साधनको पहिचान तथा अभिलेख व्यवस्थापन गर्दै संघीय र प्रदेश कानुनको अधिनमा रही सहरी विकास, बस्ती विकास, भवन नीति, कानुन, मापदण्ड सम्बन्धी योजना तर्जुमा, पहिचान गर्ने र सोको अध्ययन, कार्यान्वयन, अनुगमन र नियमन गर्ने अधिकार एवं दायित्व समेत निश्चित गरी स्थानीय तहलाई सवलकीरण गरेको छ । विद्यमान कानुनहरु परिवर्तित संघीय ढाँचा अनुकूलको नहुँदा स्थानीय तह संचालनमा कतिपय कानुनी जटिलताहरु आउने गरेका छन्, उक्त जटिलता हल गर्नको लागि स्थानीय तह अन्तर्गत सम्पादन गरिने अधिकार क्षेत्र भित्रका कार्यहरुको लागि आवश्यक कानुनी व्यवस्था गर्न विभिन्न ऐन, नियम, निर्देशिका समयमा नै निर्माण गर्नुपर्ने देखिन्छ ।

स्थानीय तहबाट सञ्चालन हुने योजनाहरुमा सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन अनुकूल, विपद् व्यवस्थापन युक्त, लैगिंक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरु जोडिएर आउने गरेको हुन्छ । उक्त विषयहरुलाई सम्बोधन गर्नको लागि योजना तर्जुमा बजेट निर्माणमा विधायकी पद्दती अवलम्बन गरिएको छ । योजना एवं बजेट तर्जुमाको विभिन्न चरणहरु, विषयगत क्षेत्रहरुको बाँडफाँड, छलफल र सिफारिस गर्ने पद्दति रहेकोले आगामी आर्थिक वर्षको लागि असार १० गते भित्र नगरसभामा पेश गरी असार मसान्त सम्म योजना एवं बजेट पारित गरिसिक्नुपर्ने व्यवस्थाले गर्दा उक्त वर्षको वार्षिक विनियोजनमा नपरेको तथा कार्यकारिणी वा कार्यपालिकाले मात्र स्विकृत गरेका योजना तथा कार्यक्रमहरुमा रकम व्यवस्था नहुने हुँदा पहुँचको आधारमा योजना पार्ने परिपाटीको अन्त्य हुन गई आर्थिक सुशासन कायम गर्न सघाउ पुग्दछ ।

वित्तीय समानीकरण अनुदान नेपाल सरकारले वितरण गर्ने अनुदान हो भने स्थानीय तहले सशर्त, विशेष र समपूरक अनुदान प्राप्त गर्न आफ्नो आय र सार्वजनिक खर्चको विवरण प्रस्तुत गर्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्ष पछिको २ वर्षको गर्नुपर्ने प्रावधानले स्थानीय तहले स्रोत प्राप्ति पछि मात्र योजना तर्जुमा गरी बजेट निर्माण गर्नुपर्ने अवस्था रहेको कारणले गर्दा तजबिज, पहुँचको आधारमा तत्कालका लागि मात्र स–साना अनगिन्ती योजना छर्ने कार्यमा नियन्त्रण हुन सक्ने देखिन्छ । योजना तर्जुमा गर्दा आगामी वर्षको खर्चको अनुमानित विवरणमा तयार गर्ने, आगामी ३ वर्षको खर्चको विवरण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्थाले योजनाको लागत, सम्भाव्यता अध्ययन, खर्च रकमबाट प्राप्त हुने प्रतिफल र उपलब्धिको प्रक्षेपणको माध्यामबाट योजनामा आर्थिक अनुशासन कायम गर्न मद्दत मिल्दछ ।

वर्तमान संविधानले स्थानीय तहमा वृहद अधिकार सहितको तीन अगंकै संरचना स्वरुपको व्यवस्था गरेकोले नजिकको सरकार भनेकै स्थानीय सरकार हो भन्ने अनुभूति आम जनतामा रहन गएको छ । वडास्तर सम्मको राजनीतिक नेतृत्वलाई जनप्रतिनिधिमूलक अधिकार सम्पन्न बनाई सहभागितामूलक योजना तर्जुमा विधि अनुरुप स्थानीय टोलस्तरमै योजनाको माग संकलन, प्राथमिकीकरण छनोट गर्ने साथै कार्यान्वयन गर्ने तहको अधिकार ठोस गरिएको छ । तर स्थानीय तहहरुबीच प्रशस्त भौगोलिक, सांस्कृतिक, आर्थिक

स्रोत सम्भाव्यता, सामाजिक विकासको अवस्था, पूर्वाधार विकासमा भिन्नता रहेको, मानव विकास सूचकांकको दृष्टिकोणले पनि केही अति उच्च स्थानमा छन् भने केही अति न्यून बिन्दुमा छ । यी नै कारणहरुले पनि संघीयता कार्यान्वयनको शिलशिलामा समस्या सिर्जना हुन सक्ने देखिन्छ ।

गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाबीच भौगोलिक अवस्था, सामाजिक विकास स्तर, भौतिक पूर्वाधार र न्यूनतम आर्थिक स्तरको अवस्था, र सबै प्रकारका पँहुचको स्तरमा भिन्नता रहेता पनि एउटै कानुनबाट शासित हुनुपर्दा कमजोर तहलाई क्षमता नपुग्ने तर कतिपय नगरपालिकाहरु, उपमहानगरपालिका र महानगरपालिका जो अन्य सबै मापदण्डहरु एवं सूचकहरुमा अगाडि रहेका छन् उनीहरु संकूचित भई ठूला आयोजनाका पूर्वाधारमा लगानी गर्न नपाइ खुम्चेर बस्नुपर्ने अवस्था छ ।

सबैलाई एउटै कानुनद्वारा नियमन र अधिकार क्षेत्र तोकिँदा झन् असमानता देखिने गरेको छ । प्राकृतिक स्रोत निर्धारण तथा वित्त आयोगले संघीय सरकार तथा प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदान गर्ने वित्तीय समानीकरण अनुदान, शसर्त अनुदानको आधार तयार गर्छ । आयोग गठन हुन नसक्दा बस्तुनिष्ठ रुपमा स्रोतको बाँडफाँड हुन सकेको छैन ।

स्थानीय तहमा कार्यसञ्चालन सम्बन्धी र आर्थिक कार्यप्रणाली सम्बन्धी कानुनको अभाव, तथ्यांक एवं सूचना, दक्ष मानव जनशक्तिको अपर्याप्तता नै योजना तर्जुमा र कार्यान्वयनमा समस्या देखिँदै आएको छ । स्थानीय तहमा बजेट तथा आर्थिक नियन्त्रण प्रणाली सहितको प्रभावकारी खर्च व्यवस्थापन र दक्ष आर्थिक प्रशासनको विकास हुन साथै विकास योजना तर्जुमा र प्राथमिकीकरण गर्नु अझ महत्वपूर्ण कार्य रही आएको छ । स्थानीय तहहरुलाई विभिन्न मानकको आधारमा वर्गीकरण गरी सोही अनुरुपको स्रोतको बाँडफाँड र स्रोत परिचालन गर्न सके स्थानीय तहको क्षमता अभिवृद्धि भई ती निकायहरु सवल बन्न सक्ने अवस्था रहन्छ ।

# भगिनी सम्बन्ध

अन्तर्राष्ट्रिय सहरसँग सम्बन्ध विस्तार गर्ने उद्देश्यले पोखरा महानगरले विभिन्न देशका सहरसँग भगिनी सम्बन्ध स्थापना गरेको छ । विस २०५४ देखि हाल सम्म महानगरले १३ वटा अन्तरौष्ट्रिय सहरसँग मितेरी सम्बन्ध स्थापना गरेको छ । २०५४ सालमा स्थानीय निकायको निर्वाचनपछि निर्वाचित जनप्रतिनिधि आएपछि मित्र राष्ट्र जापानको कोमागानेसँग पहिलो भगिनी सम्बन्ध स्थापना गरेको थियो ।



**पोखरा महागनरपालिका र हाइनान प्रान्तको हाइकाउ नगरपालिकाबीच भगिनी सम्बन्ध स्थापना समझदारीपत्रमा हस्ताक्षरपछि पोखरा महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङ र आइकाओ नगरपालिकाका उपप्रमुख फाङ झुङली।** तस्बिरः एकराज गिरी

तत्कालीन नगर प्रमुख कृष्ण थापाको नेतृत्वमा कोमागानेसँग भगिनी सम्बन्ध स्थापना गरिएको थियो । पोखरा र कोमागाने सहर बीच सम्बन्ध स्थापना भएको १९ वर्ष बितेको छ । पोखरा र कोमागाने बीचको सम्बन्धलाई समुधुर रुपमा अगाडि बढेको मात्रै छैन् मितेरी सम्बन्धको प्रतीकको रुपमा कोमागाने मातृशिशु मितेरी अस्पताल समेत स्थापना भएको छ । कोमागाने सहरका नागरिकको सहयोगमा अस्पताल स्थापना गरिएको हो । पोखरा महानगरपालिका वडा नम्बर १६ मा अस्पताल स्थापना गरिएको हो । कोमागानेले अस्पतालको लागि स्वास्थ्य उपकरणसहित करिब ७ करोडको सहयोग गरिसकेको छ ।

कोमागानेपछि चीनको लिन्जी सहरसँग महानगरले भगिनी सम्बन्ध स्थापना गर्‍यो । महानगर र लिन्जीबीच दुई देशबीच सहयोग आदान प्रदान भइरहेको छ । लिन्जीसँगको भगिनी सम्बन्धसँगै पोखरालाई सोलारबत्ती मार्फत् उज्यालो बनाउने अभियान सुरु भयो । भगिनी सम्बन्धलाई सोलार बत्तीले जसरी अध्याँरोमा सहर उज्यालो भएको त्यसैगरी सम्बन्धलाई सुमुधर बनाएको छ । टर्कीको आडालारसँग भगिनी सम्बन्ध स्थापना गरेको थियो ।

दक्षिण कोरियाको ग्यांग्बुक गु सहरमा (२०१३) मा भगिनी सम्बन्ध स्थापित भयो । चीनकै युनान प्रान्तको कुनमिङ सहरसँग २०१३, चीनकै गोन्जाओ सहरसँग २०१४ मा, सिचुवान प्रान्तको यिबिन, जोन्सी प्रान्तको छुसाओ सहरसँग र हाइनन प्रान्तको हाइकाओ सहरसँग भगिनी सम्बन्ध कायम भएका छन् ।

# सक्रिय न्यायिक समिति

देशमा संघीय शासन प्रणाली लागु भएको छ ।  संघीय शासन व्यवस्थासँगै सिंहदरबारबाट उपलब्ध सेवा स्थानीय तहबाटै उपलब्ध गराउन थालिएको छ  । विकास योजना हुन वा अन्य सेवा लिन सिंहदरबार धाउने अवस्थाको अन्त्य गर्दै गाउँगाउबाटै जनतालाई सेवा प्रवाह गरिएको छ । त्यस्तै स्थानीय तहमा देखिने विवाद समाधानका लागि नेपालको संविधानले न्यायिक समितिको परिकल्पना गरेको छ । स्थानीय तहका विवाद स्थानीय तहमै मेलमिलापका माध्यमबाट समाधान गर्ने उद्देश्यले न्यायिक समितिको परिकल्पना नेपालको संविधानले गरेको छ । महानगरमा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समितिको पकिल्पना संविधानले गरेको छ । संविधानमा गरिएको व्यवस्था अनुसार पोखरा महानगरको न्यायिक समितिले गत चैतमा पूर्णता पायो । २०७४ चैत २८ दोस्रो नगर सभाबाट न्यायिक समितिले पूर्णता पायो । सभाले पोखरा  महानगरपालिका वडा नम्बर ७ **का सदस्य किशोर बराल र वडा नम्वर १५  का सदस्य पार्वती कार्कीलाई न्यायिक समिति सदस्यमा मनोनीत गर्‍यो । न्यायिक समितिको संयोजक** उपप्रमुख  र दुई जना वडा सदस्यलाई नगरसभाले मनोनीत गर्ने व्यवस्था संविधानले गरेको छ । स्थानीय तहको निर्वाचन सम्पन्न भएको लामो सयमपछि न्यायिक समितिले पूर्णता  प्राप्त गर्‍यो । निर्वाचन भएको करिब ११ महिनापछि पूर्णता पाएको न्यायिक समितिको कामले तीव्रता पाएको छ । न्यायको पहुँच घर घरमा पुर्‍याउने उद्देश्यले न्यायिक समितिले आफ्नो कामलाई अगाडि बढाएको छ ।

**मेलमिलापकर्ता सूचिकृत**

न्यायिक समितिले महानगरमा आउने विवादलाई मेलमिलाप मार्फत् समाधान गर्ने उद्देश्यले मेलमिलापकर्ताको सूचीकृत गर्‍यो । समितिले ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दै मेलमिलापकर्तालाई सूचीकृत हुन आह्वान गर्‍यो । सूचिकृतका लागि आएका एक सय भन्दा बढी मेलमिलापकर्ताबाट समितिले ८७ जना व्यक्ति र एक संस्था गरी ८८ जनालाई छनोट गर्‍यो । कतिपय स्थानीय तहमा अझै पनि न्यायिक समितिले काम थाल्न सकेका छैनन् । तर पोखरा महानगरपालिकाले भने मेलमिलापकर्तालाई सूचिकृत भएको पत्र हातमा थमाउँदै विवाद समाधानका लागि अगाडि बढेको छ । महानगरमा आउने विवादलाई मेलमिलापका माध्यमबाट समाधान गर्ने काम सुरु भएको छ । गत मंसिरदेखि विवाद समाधानको प्रक्रिया सुरु गरिएको हो ।

न्यायिक समितिले मेलमिलाप गराउने र विवादलाई स्थानीय तहमै समाधान गर्ने हो । समितिले आफ्नो काममा तीव्रता दिएको छ । पोखरा महानगरको न्यायिक समितिले मेलमिलापकर्ताको सूचिकृत र छनोट लगत्तै महानगरमा आएका विवाद मेलमिलापकर्ता मार्फत्. मिलाउने प्रक्रिया सुरु गरेको हो  । न्यायिक समितिले पक्ष र विपक्षलाई छलफलमा बोलाउने र मेलमिलाप गराउँदै आएकोमा गत मंसिरबाट विवादलाई मेलमिलापकर्ता माफत् समाधानको प्रक्रिया सुरु गरेको छ । पोखरा महानगरका उपप्रमुख एवं न्यायिक समिति संयोजक मञ्जुदेवी गुरुङले मेलमिलाप मार्फत् पक्ष र विपक्ष दुबैलाई मिलाउने जिम्मा मेलमिलापकर्तालाई दिइएको बताउनु भयो ।

महानगरले सूचिकृत गरेकाहरुको तस्बिरसहित नाम, नम्बर र ठेगाना उल्लेख गरेर सबैले देख्ने ठाँउमा राखेको छ ।  विवादका पक्ष र विपक्ष आफैले व्यक्ति छनोट गरेर समितिलाई  जानकारी गराउने छन् । त्यसपछि समितिले विवादलाई मेलमिलाप गराउने पत्र थमाउने छ ।  मेलमिलापकर्ताको छनोटले विवाद समाधानमा सहज हुने न्यायिक समितिका सदस्य किशोर बरालले बताउनुभयो । एउटै वडामा बस्ने व्यक्तिहरु विभिन्न कारणले विवाद उत्पन्न हुन्छ तर त्यसलाई मेलमिलापको माध्यमबाट समाधान गर्दा समाजमा मिलेर बस्ने वातावरण बनेको न्यायिक समिति सदस्य पार्वती कार्कीले बताउनुभयो । पोखरा महानगरपालिकाले न्यायको पहुँच घर घरमा पुर्‍याउने उद्देश्यले लिएको छ । महागनरले उजुरी प्रशासक र अभिलेख संरक्षकको व्यवस्था समेत गरेको छ ।



**महानगरमा इजलास**

पोखरा महानगरपालिकामा इजलास सुरु भएको छ । महानगरको न्यायिक समितिले इजलासबाटै मुद्दाको आदेश र सुनुवाइको थालनी गरेको छ । यस अघि न्यायिक समितिकी संयोजक एवं उपप्रमुख मञ्जुदेवी गुरुङले आफ्नो कार्यकक्ष प्रयोग गर्दै आउनु भएको थियो । सम्बन्ध विच्छेद सम्बन्धी न्यायिक समितिमा छलफल भइरहेको विवादको विषयलाई अदातल पठाउने आदेश न्यायिक समिति संयोजक गुरुङले दिएसँगै महागनरमा इजलास सञ्चालन सुरु भएको .हो । संयोजक गुरुङ, न्यायिक समिति सदस्य पार्वती कार्की, किशोर बराल न्यायिक समिति अर्न्तगत रहेका उजुरी प्रशासक नारायणप्रसाद शर्मा, अभिलेख प्रशासक राममणि अधिकारीसहितको उपस्थितिमा इजलास सुरु भएको हो ।

**वडामा मेलमिलाप केन्द्र**

वडा तहमै विवाद समाधान गर्ने उद्देश्यले न्यायिक समितिले वडामा मेलमिलाप केन्द्र स्थापना गरेको छ । पोखरा महानगर न्यायिक समितिले पहिलो चरणमा तीन भन्दा बढी मेलमिलापकर्ता भएका वडामा केन्द्र स्थापना गरेको छ । समितिले वडा नम्बर ७, १३, २१, २५, २६, २९, ३० र ३२ नम्बर वडामा मेलमिलाप केन्द्र स्थापना गरिसकेको छ । केन्द्र स्थापना गरेसँगै विवाद मेलमिलापकर्ता मार्फत् समाधानको प्रयास हुनेछ । यसले गर्दा पक्ष र विपक्ष दुबै बीच मेलमिलाप कायम हुनेछ ।

सहायता कक्षमा ७८ उजुरी, २५ मेलमिलाप

स्थानीय तहको निर्वाचनका बेला उपप्रमुख मञ्जुदेवी गिुरुङले महिलाहरुलाई निशुल्क कानुनी परामर्श उपलब्ध गराउने प्रतिबद्धता गर्नुभएको थियो । त्यही प्रतिबद्धता अनुसार निवाचित भएको एक महिनामै गुरुङले कानुनी परामर्शका लागि सहायता कक्षा निर्माण गरेर महिलाका उजुरी लिने र समाधानको पहल गर्नुभएको छ ।

कानुनी सहायता कक्षमा आर्थिक वर्ष २०७४/७५ मा ७८ वटा उजुरी परेका थिए । ती उजुरीका विषयमा उपप्रमुखको हैसियतले समाधानको प्रयास गर्नुभयो । उहाँले ७८ उजुरी मध्ये २५ वटा उजुरी मिलाउन सफल हुनुभयो । न्यायिक समितिले पूर्ण नपाएको अवस्थामा महिलाका लागि स्थापना गरिएको कानुनी सहायता कक्षले विभिन्न कारणले समस्यामा परेका महिलालाई न्यायको अनुभूति दियो । महिलालाई मात्रै लक्षित गरेर डेस्क स्थापना गरेकाले महिलाको उजुरी बढी आएका थिए । न्यायिक समितिको गठन र कार्यविधिका कारण फैसला गर्न नपाए पनि मेलमिलाप गराउन भने पाइने भएकाले मेलमिलाप मार्फत् उजुरीको किनारा लगाइएको उपप्रमुख गुरुङले बताउनुभयो । त्यस्तै चालु आर्थिक वर्षमा महिला सहायता कक्षमा पाँच वटा महिलाका निवेदन परेका छन् । लिखित निवेदन हुन भने त्यतिकै रुपमा मौखिक परार्मश समेत दिइएको छ । महिलाले कानुनी अज्ञानका कारण समस्या भोग्न नपरोस भनेर सहायता कक्ष स्थापना गरिएको गुरुङको भनाई छ ।

एकराज गिरी

# पोखरा महानगरको सूचना

- **महानगरक्षेत्रभित्र हर्नको प्रयोग नगरौं। ध्वनी प्रदुर्षणको न्यूनीकरणमा सबै सचेत बनौं।**
- **आफ्नो घर भान्छाको फोहोर सड्ने र नसड्ने ( प्रांगारिक, अप्रांगारिक ) गरि विभाजन गरौं। सड्ने फोहोरलाई मल बनाऔं। नसड्ने फोहोरलाई वर्गीकरण गरी महानगरपालिकाको फोहोर बोक्ने गाडीमा पठाऔं।**

पोखरा महानगरपालिका

र
भाबाट

# स्थानीय तहमा न्यायिक प्रक्रिया र क्षेत्राधिकार




- **नारायणप्रसाद शर्मा**
  उजुरी प्रशासक/वरिष्ठ कानुन अधिकृत


नेपालको संविधान अनुसार संघीय सरकारकै जस्तै संरचनागत तवरबाट कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका जस्ता सरकार सञ्चालनका मुख्य तीन अंगको सांगठनिक संरचनागत निर्माण स्थानीय तहलाई दिइएको छ । जसले गर्दा नेपालको संविधान २०७२ ले स्थानीय तहमा न्यायिक समितिको गठन र यसले आफ्नो क्षेत्राधिकार, हदम्याद र हकदैया हेरिकन कार्य गर्ने स्थानीय सरकार संचालन ऐन २०७४ मा व्यवस्था गरिए बमोजिम हुने साथै सो ऐनमा उल्लेख नभएता पनि कतिपय स्थानीय समुदायमा हुने विवादको निरुपणलाई विवादको प्रकृति अनुरुप निरुपण गर्न सक्ने कानुनी व्यवस्था छ ।

नेपालको संविधानको धारा २१७ बमोजिमको एक न्यायिक समिति रहनेछ भन्ने व्यवस्थाबाट न्यायिक समिति गठन संविधानले स्थानीय तहमा एक न्यायिक समिति रहने व्यवस्था गरेको छ, जस अनुसार कानुन बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्न प्रत्येक नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति रहने, न्यायिक समितिमा नगर सभाले आफूमध्येबाट निर्वाचित गरेका २ जना सदस्य रहने, (धारा २१७) न्यायिक समितिको अधिकार स्थानीय सरकार सञ्चालन ऐनको दफा ४७ उपदफा (१) मा भएको व्यवस्था बमोजिम न्यायिक समितिलाई देहायका विवादको निरुपण गर्ने अधिकार हुने व्यवस्था छ ।

(क) आलीधुर, बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँड र उपयोग ।
(ख) अर्काको बाली नोक्सान गरेको ।
(ग) चरन घाँस दाउरा ।
(घ) ज्याला मजुरी नदिएका ।
(ङ) घरपालुवा पशुपंक्षी हराएको वा पाएको ।
(च) ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेका ।
(छ) नाबालक छोरा छोरी वा पति पत्नीलाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दीक्षा नदिएको ।
(ज) वार्षिक २५ लाख रुपैयाँसम्मको बिगो भएको घर बहाल र घर बहाल सुविधा ।
(झ) अन्य व्यक्तिको घर, जग्गा वा सम्पत्तिलाई असर पर्ने गरी रुख बिरुवा लगाएको ।
(ञ) आफ्नो घर वा बलेसी वा अर्काको घर जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको ।
(ट) सधियारको जग्गातर्फ झ्याल राखी घर बनाउनु पर्दा कानुन बमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडी बनाएको ।
(ठ) कसैको हक वा स्वामित्वमा भएपनि परापूर्व कालदेखि सार्वजनिक रुपमा प्रयोगहुँदै आएको बाटो, बस्तुभाउ निकाल्ने निकास, बस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्येष्टिस्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपभोग गर्न नदिएको वा बाधा पुऱ्याएको ।
(ड) संघीय वा प्रदेश कानुनले स्थानीयबाट निरुपण हुने भनि तोकेका अन्य विवाद ।

स्थानीय सरकार सञ्चालन ऐनको दफा ४७ उपदफा (२) बमोजिम न्यायिक समितिलाई देहायका विवादहरुमा मेलमिलापको मा( ध्यमबाट मात्र विवादको निरुपण गर्ने अधिकार हुनेछ ।

(क) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्कोले च्यापी, मिची वा घुसाइ खाएको ।
(ख) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएका ।
(ग) पति पत्नी बीचको सम्बन्ध विच्छेद ।
(घ) अंगभंग बाहेकको बढीमा एक वर्ष कैद हुन सक्ने कुटपिट ।
(ङ) गाली बइज्जती ।
(च) लुटपिट ।
(छ) पशुपंक्षी छाडा छोडेको वा पशुपंक्षी राख्दा वा पाल्दा लापरबाही गरी अरुलाई असर पारेको ।
(ज) अरुको आवासमा अनधिकृत प्रवेश गरेको ।
(झ) अर्काको हक भोगमा रहेको जग्गा आवाद वा भोग चलन गरेको ।
(ञ) ध्वनी प्रदुर्षण गरी फोहोर मैला फ्यांकी छिमेकीलाई असर पारेको ।
(ट) प्रचलित कानुन बमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति वादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौज्दारी विवाद । *दफा ४७ (२) मा छ ।*

उल्लेखित विवादमा मेलमिलापबाट मात्र निरुपण हुने विवादका सम्बन्धमा पक्षले चाहेमा सिधै अदालतमा मुद्दा दायर गर्न बाधा नपर्ने, हदम्यादको व्यवस्था प्रचलित कानुनमा मुद्दा हेर्ने निकाय समक्ष निवेदन दिने कुनै दम्याद तोकिएकोमा सोही म्यादभित्र निवेदन दिनु पर्ने, कुनै दम्याद तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा त्यस्तो कार्य भए गरेको मितिले ३५ दिनभित्र समिति समक्ष निवेदन दिनु पर्ने, (निवेदन भन्नाले उजुरी र फिराद समेतलाई जनाउँछ) । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्थाबाट दफा ४८ अधिकार क्षेत्रको प्रयोग, दफा ४९ न्याय सम्पादनको प्रक्रिया, दफा ५० लिखित जानकारी दिनुपर्ने, दफा ५१ पुनरावेदन गर्न सक्ने, दफा ५२ मिलापत्र वा निर्णय कार्यान्वयन गर्ने, दफा ५३ अभिलेख राख्नु पर्ने, व्यवस्था छ ।

त्यसैगरी न्यायिक अधिकार क्षेत्रको प्रयोगका लागि सोही ऐनको व्यवस्था अनुसार (१) न्यायिक समितिको अधिकार क्षेत्रको प्रयोग समितिका संयोजक र सदस्यरुले सामूहिक रुपमा गर्नेछन् र बहुमतको राय समितिको निर्णय मानिनेछ । (२) समितिको संयोजक र एकजना सदस्यको उपस्थिति भएमा विवादको कारबाही र किनारा गर्न सकिने ।(३) संयोजक बाहेक अरु २ जना सदस्यको उपस्थिति भएमा विवादको किनारा गर्न बाहेक अरु कारबाही गर्न सकिने । (४) संयोजक पद रिक्त भएमा बांकी २ जनाको सर्वसम्मतिमा विवादको किनारा गर्न सकिने छ । (५) कुनै विववादको सम्बन्धमा समितिको संयोजक वा कुनै सदस्यको स्वार्थ गाँसिएको वा संयोजक वा सदस्यको नाताभित्रका व्यक्ति विवादको पक्ष भएमा निजबाट सोको कारबाही र किनार हुन नसक्ने । (६) संयोजक वा कुनै सदस्यले हेर्न नमिल्ने भएमा बांकी अरुले विवादको कारबाही र किनारा गर्न सक्ने । यसमा तीनै जनाले सो विवाद हेर्न नमिल्ने भएमा सम्बन्धित सभाले तीन जना सदस्यलाई विवादको किनारा लगाउन तोक्न सक्ने । (७) यसरी तोकिएकोमा तीन जना मध्ये ज्येष्ठ सदस्यले संयोजक भई कार्य गर्ने, कुरा दफा ४८ मा व्यवस्थाले यस खालको न्याय सम्पादन प्रक्रियको गरेको छ ।

समिति समक्ष पेश हुन आएको निवेदनमा (१) समितिले प्राप्त निवेदन दर्ता गरी सम्बन्धितलाई निस्सा दिने ।(२) विवादको किनारा गर्दा मेलमिलाप प्रक्रियाद्वारा दुबै पक्षको समतिमा मिलापत्र गराउने, मिलापत्र हुन नसकेमा मात्र दफा ४७ (१) अनुसार निरुपण गर्ने ।(३) सूचिकृत भएका मिलापत्रकर्ताबाट मात्र मिलापत्र गराउने । (४) प्रतिवादी उपस्थित भएको मितिले ३ महिना भित्र मेलमि( लापको माध्यमबाट टुंग्याउनु पर्ने, मेलमिलाप हुन नसके दुबैलाई अदालत जान सुनाइ मिसिल कागज र प्रमाण अदालतमा पठाइ( दने ।(५) पक्ष हाजिर हुन आएपछि सम्बन्धित अदालतले सो मुद्दाको कारबाही किनार गर्नुपर्ने । (६) समितिले उपयुक्त देखेमा वादीको माग बमोजिम प्रतिवादीको नाममा रहेको बैंक खाता, अचल सम्पत्ति रोक्का राख्न सक्ने, यसरी लेखि आएकोमा सम्बन्धित निकायले रोक्का राखी सो को जानकारी समितिलाई दिनुपर्ने । (७) प्रतिवादीले सो रोक्का फुकुवा गर्न निवेदन दिएमा र समितिले फुकुवाको लागि लेखि आउने र सम्बन्धित निकायले फुकुवा गरी सो को जानकारी दिनुपर्ने । विवाद निरुपण गर्दा समितिले पति पत्नी बीचको वा ज्येष्ठ नागरिकको संरक्षण सम्बन्धी विवादमा पीडित, निजको नाबालक सन्तान वा निजसँग आश्रित कुनै व्यक्तिको हितको लागि सम्बन्धित पक्षलाई देहायको संरक्षणत्मक आदेश दिन सक्ने, पीडितलाई बसी आएको घरमा बस्न दिन, खान, लाउन दिन, कुटपिट नगर्न शिष्ट र सभ्य व्यवहार गर्न, पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भए उपचार गराउन, पीडितलाई अलग रुपमा बसोबासको प्रबन्ध गर्नुपर्ने भए गर्न र अलग बस्दा निजको भरण पोषणको व्यवस्था गर्न । पीडितलाई गाली गलौज गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने कार्य नगर्न नगराउन,पिडीतको हित र सुरक्षाका लागि अन्य आवश्यक कुरा गर्न गराउन ।दफा ४७ बमोजिमको विवाद सम्बन्धी समितिमा निवेदन परेमा प्रचलित कानूनमा प्रतिवादी उपस्थित हुनु पर्ने म्याद तोकिएकोमा सोही अनुसार र म्याद नकिटिएकोमा बाटोको म्याद बाहेक १५ दिन भित्र प्रतिवादी आफै वा वारेस मार्फत लिखित व्योरा सहित समितिमा उपस्थित हुन पर्ने,समितिले मेलमिलाप गराउने प्रयोजनका लागि प्रयेक वडामा मेलमिलाप केन्द्र गठन गर्न सक्ने । कुनै वडामा एक भन्दा बढी मेलमिलाप केन्द्र भएमा विवादका पक्षहरुले रोजेका वा सो विषयमा पक्षहरुवीच समति नभएमा सो समाधानका लागि वडाको कुनै मेलमिलाप केन्द्रमा पठाउने ।समितिले विवादको कारवाही गर्दा निवेदन दर्ता, जांचबुझ र कारवाही, म्याद तामेली, झगडिया उपस्थित गराउने र मिलापत्र गराउने, विवाद किनारा गर्नु पर्ने अवधि, लगत कट्टा र निरुपण गर्ने सम्बन्धी अन्य कार्यविधि स्थानीय कानून बमोजिम हुने । (दफा ४९)

समितिमा दायर भएको विवादमा लिखित जानकारी दिनुपर्ने, न्यायिक समितिबाट विवादको अन्तिम निर्णय भएको मितिले ३५ दिन भित्र सम्बन्धित पक्षलाई निर्णयको प्रमाणित प्रतिलिपि उपलब्ध गराउन पर्ने । (दफा ५० ) पुनरावेदन गर्न सक्ने न्यायिक समितिबाट भएको निर्णयमा चित्त नबुझे पक्षले निर्णयको जानकारी पाएको मितिले ३५ दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्ने छ । *(दफा ५१)* मिलापत्र वा निर्णय कार्यान्वयन गर्ने, कुनै विवादमा न्यायिक समितिबाट भएको मिलापत्र वा निर्णयको कार्यपालिकाबाट तत्काल कार्यान्वयन गर्नुपर्ने । मिलापत्र र निर्णय कार्यान्वयन सम्बन्धी अन्य व्यवस्था स्थानीय कानुन बमोजिम हुने । *(दफा ५२)* अभिलेख राख्नु पर्ने व्यवस्था न्यायिक समितिबाट भएका मिलापत्र वा निर्णयका कागजात, प्रमाण र लिखतको अभिलेख गाउँपालिका वा नगरपालिकाले सुरक्षित रुपमा राख्नु पर्ने, न्यायिक समितिले आफूले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत् सम्बन्धित सभामा पेश गर्नुपर्ने । (दफा ५३) ले गरेको व्यवस्थाबाट पनि न्यायिक कार्यका लागि न्यियिक समितिको गठन, न्यायिक समतिकिो काम र स्थानीय विवादहरुको न्यायिक निरुपणको लागि कार्यगत प्रक्रियाको व्यवस्थापनबाट पनि स्थानीय तहलाई कानुनी रुपमा आफ्नो क्षेत्राधिकारको प्रयोग गरी विवादलाई निरुपण गर्ने व्यवस्था छ ।

स्थानीय तहले आफ्नो अधिकारलाई कानुन बनाइ न्यायिक निरुपाण गर्न न्यायिक समितिले उजुरीको कारबाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि ऐनलाई पनि प्रचलित कानुनमा उल्लेख गरे बमोजिम बाहेक स्थानीय तहलो आफनो हकमा न्यायिक समितिले उजुरीको कारबाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि ऐनलाई गाउँ सभा तथा नगर सभाबाट कार्यविधि ऐन पारित गरी कार्यान्वयन गर्न सकिने व्यवस्था रहेको छ । जसले गर्दा स्थानीय तहमा हुने विवादको निरुपण गर्न र किनारा गर्न सकिने अवस्था छ ।

# विगत डेढ वर्षमा पोखरा महानगरपालिकाले गरेका महत्वपूर्ण कार्यहरू

- नेपालको संविधान २०७२ अनुसार संघीय व्यवस्थालाई आत्मसाथ गर्दै महानगरलाई आवश्यक ४३ वटा कानुन निर्माण (नीति, ऐन, कार्यविधि, नियमावली, निर्देशिका)
- स्मार्टसिटी पूर्वाधार अन्तर्गत सबै वडा कार्यालयमा केन्द्रिकृत इन्टरनेट इन्ट्रानेट प्रणाली जडान गरी महानगर र वडाका सेवा प्रवाहलाई प्रविधि मैत्री बनाउँदै लगिएको
- समग्र पोखराको ढल व्यवस्थापन सम्बन्धी योजनाको डिपिआर तयारहुँदै
- पोखराका पृथ्वीचोक, अमरसिंहचोक, जिरोकिमी, बिरौटाचोक, हरिचोक र मुस्ताङचोकका आइल्यान्डलाई ट्राफिक व्यवस्थाप( नमा सहज बनाउन सानो बनाई व्यवस्थित गरिएको
- ज्येष्ठ नागरिकलाई लक्षित विभिन्न वडामा निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको
- पालिखेचोकलाई फराकिलो पारिएको र व्यवस्थापनको योजना तयार भई कार्य सुरु
- योजनालाई व्यवस्थित गर्न सफ्टवेयर निर्माण गरी प्रयोगमा ल्याइएको
- वैदेशिक भ्रमणमा महानगरको शून्य लगानी रहेको
- वडा स्तरीय योजनाहरु वडा स्तरमै सम्झौता गरी कार्यान्वयन गर्न अधिकार प्रत्यायोजन गरी आवश्यक व्यवस्था मिलाइएको
- वडाबाटै सबै प्रकारका राजश्व संकलनको व्यवस्था मिलाइएको
- महानगर र वडा कार्यालयहरुको आन्तरिक व्यवस्थापनमा सुधार गरिएको, महानगरबाट ठूलो संख्यामा कर्मचारीहरु वडा कार्यालयमा पठाइएको र पठाउने क्रम जारी रहेको, कर्मचारीको आचरण, व्यवहारमा अपेक्षित रुपमा सुधार ल्याई नागरिकलाई सुशासनको प्रत्याभूति दिलाउन व्यवस्थापन लागि परेको, भ्रष्टाचार विरुद्ध शून्य सहनशिलताको नीति लिई गैरकानुनी काम गर्ने जो कोहीलाई कारबाहीको दायरमा ल्याउने गरिएको
- वडा कार्यालयमा अधिकृत स्तरको कर्मचारी खटाउन सुरु गरिएको
- एक हजार वर्ग फिटसम्मका घर नक्सा पास र सम्पन्नको प्रमाणपत्र वडाबाटै प्रदान गर्ने व्यवस्था मिलाइएको
- प्रत्येक वडामा एक सब इन्जिनियर र दुई वडा हेर्ने एक इन्जिनियर खटाइएको
- वडा न. १५ को १५०० रोपनी जग्गामा बनेका अस्थायी घर टहरा हटाइ सार्वजनिक जग्गा संरक्षण गरिएको र आर्थिक वर्ष २०७५/०७६लाई सार्वजनिक जग्गा संरक्षण वर्ष घोषणा गरी सार्वजनिक जग्गाको लगत तयार
- सराङकोट टावरको जग्गा संरक्षण र तारबार कार्य सम्पन्न
- राष्ट्रिय विभूति पार्कको लागि जग्गा व्यवस्थापन गरिएको
- औद्योगिक ग्राम स्थापनाको लागि सम्भाव्यता अध्ययन सुरु एवं जग्गा व्यवस्थापन
- १५ स्थानमा फ्रि वाइफाइको व्यवस्था गरिएको
- बिजुलीको पोलमा अनावश्यक रुपमा रहेका तारहरु हटाउने अभियान सुरु

**३३ वटै वडामा कनेक्टिङ सडक निर्माण कार्य सुरु भएको**

सडक फराकिलो पारिएको ५० किमी, पक्की नाली निर्माण १८ किमी, ग्राभेल १३.५ किमी, पिच सडक ३.५ किमी र ६२१ मिट ढलान

**गत आर्थिक वर्ष २०७४/७५ मा सडक निर्माणतर्फ**



अब बन्ने पालिखेचोकको डिजाइन

- सडक ट्र्याक खोल्ने कच्ची सडक ४ किमी, ग्राभेल ५ किमी, कच्ची सडक निर्माण ३५ किमी, सडक स्तरनोन्नति ९१ किमी, पिच सडक निर्माण ३० किमी, पक्की ढलान बाटो ५६ किमी निर्माण भएको

**यस वर्ष गर्ने कार्य**

- मुख्य १५ स्थानमा सार्वजनिक इ शौंचालय
- बिजुली टेलिफोन तार अन्डरग्राउन्ड
- पर्यटकीय गन्तव्य एकीकृत व्यवस्थापन
- एक वडा एक खुला क्षेत्र व्यवस्थापन
- पार्कहरुको सौन्दर्यकरण ।
- एक वडा एक खेल ग्राम
- पोखरा सभागृह मर्मत
- फेवाताल ६५ मिटर भित्र बुम्राङदेखि बाराही घाटसम्म पर्ने १०९ रोपनी जग्गा अधिग्रहणको लागि मुआब्जा रकम माग
- फेवातालमा माटो थुप्रिनबाट जोगाउन सिल्ट्रेसन ड्याम निर्माण
- कृषि अध्ययन केन्द्र स्थापना एवम स्थानीय उत्पादन ब्रान्डिङ
- सडकमा पार्किङ विस्थापन तथा फुटपाथ निर्माण
- फेवातालमा मिसिएको ढल डाइभर्सन एवं एकीकृत ढल निकासको मास्टर प्लान
- फेवातालमा सिल्ट्रेसन पोखरी एवं ताल सम्रक्षण् महाअभियान
- मापदण्ड विपरीत निर्माण भएका संरचना बारे निर्णय
- होर्डिङ बोर्डको व्यवस्थापन तथा डिजिटल विज्ञापन
- एकीकृत फोहोर व्यवस्थापन संरचना निर्माण
- एक निर्वाचन प्रदेश क्षेत्र एक प्राविधिक विद्यालय सुरुवातको चरणमा
- छिटो, छरितो प्रशासनलाई अझ सुदृण गर्ने
- पर्यटन बसपार्क सौन्दर्यकरण तथा निर्माण
- वडा तथा महानगरपालिका भवन निर्माण
- व्यवस्थित बधशाला निर्माण

# विवाद समाधानमा मेलमिलापसम्बन्धी कानुनी व्यवस्था




- **राममणि अधिकारी**
  कानुन अधिकृत
  पोखरा महानगरपालिका


मेलमिलापको माध्यमबाट छिटो, छरितो तथा सरल प्रक्रिया बाट विवादको समाधान गर्न र विवाद समाधानको प्रक्रियालाई कम खर्चिलो बनाइ न्यायमा सर्वसाधारण/आमनागरिकको पहुँच वृद्धि गराइ सर्वसाधारण/आम नागरिकको हित र सुविधा कायम गर्न मेलमिलाप प्रक्रियालाई मानव सभ्यताको सुरुवात बाट नै अंगिकार गर्दै आएको पाइन्छ ।

समुदायमा सिर्जित हुने विवादहरु समाधानका स्वरुप र प्रकृतिमा भिन्नता भएपनि समाज विकासको क्रमसँगै विवादलाई सकभर स्थानीय स्तरमा नै समाधान गर्ने गरेको पाइन्छ । मेलमिलाप सम्बन्धी ऐन, २०६८ र मेलमिलाप सम्बन्धी नियमावली, २०७० लाई कानुनको स्रोतको रुपमा स्वीकार गरिएको, प्रथा परम्पराहरुको परिमार्जित स्वरुपका रुपमा लिन सकिन्छ । नेपालमा विसं. २००७ सालको राजनीतिक परिवर्तनसँगै जनताका प्रतिनिधिद्वारा संविधान निर्माण गर्नुपर्छ भन्ने मागको सम्बोधन २०६२/०६३ को आन्दोलनले मुखरित गर्न सक्यो, जसको परिणाम स्वरुप नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक/राज्यका रुपमा स्थापित भयो ।



एकात्मक/केन्द्रीय सरकारका सट्टा मुलुकमा संघीयता लागू हुँदा तिन तहका सरकार संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार कार्यान्वयनमा आएका छन । संघीय सरकारका प्रमुख तिन अंग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका भए जस्तै आम नागरिकको घर दैलो/नजिकको स्थानीय सरकारको पनि प्रमुख तीन अंगको संवैधानिक व्यवस्था हाम्रो संविधानले गरेको छ । स्थानीय सरकारको व्यवस्थापकीय काम गाउँ वा नगर सभाले, कार्यपालिकाको काम गाउँ वा नगर कार्यपालिकाले र न्यायपालिकाको काम सम्बन्धित गाउँपालिका वा नगर/उप/महानगरको न्यायिक समितिले गर्ने गर्दछन् ।

संविधान प्रदत्त हक अधिकारलाई परिचालन गर्ने गराउने क्रममा स्थानीय तह संचालनका लागि तर्जुमा गरिएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ८ को दफा ४६ मा न्यायिक समितिको गठन को व्यवस्था गर्नुका साथै सोही ऐनको दफा ४७ मा न्यायिक समितिको अधिकार क्षेत्रको व्यवस्था गरिएको छ । उक्त दफा ४७ को उपदफा १ मा न्यायिक समितिले आवश्यक कानुनी प्रकृया पूरा गरी निरुपण/निर्णय गर्ने "क" देखि "ड" सम्म जम्मा १३ प्रकारका विवादलाई स्थान दिइएको छ । त्यस्तै उपदफा २ मा मेलमिलापको माध्यमवाट मात्र विवादको निरुपण गर्ने 'क' देखि "ट" सम्मका ११ प्रकारका विवादलाई राखिएको पाईन्छ । स्थानीय स्तरमा सिर्जित हुने विवादहरुलाई नियमित अड्डा अदालतहरुको औपचारिक प्रक्रिया भन्दा फरक, कम समयमा, कम खर्च र जटिल औपचारिकता बिना नै विवादको सिर्जना स्थलमा नै विवादको समाधान होस र आम नागरिकमा स्थानीय सरकारको अनुभूति होस भन्ने अभिप्रायले विधिकर्ताले यस प्रकारको संवैधानिक एवं कानुनी व्यवस्था गरेको पाईन्छ ।

मुलुकमा संघीय संरचनासँगै स्थानीय सरकारको अधिकार क्षेत्र अन्तर्गत रहेको न्यायिक समितिले सम्पादन गर्ने न्याय निरुपणको कार्य आफैंमा एक अवसर र चुनौती पनि हो । यो गहन जिम्मेवारी पूरा गरी पोखरा महानगरपालिकालाई एक सभ्य र सुसंस्कृत महानगरका रुपमा स्थापित गर्नु हामी सबैको कर्तव्य हो । संविधान, ऐन, कानुनको बाध्यकारी परिधि अन्तर्गत रही पोखरा महानगरपालिकाले तर्जुमा गरेको स्थानीय ऐन, नियम र कार्यविधिको अक्षरश पालन गर्ने कार्यमा हामी सतत् प्रयत्नशील रहेका छौं यो कानुनी दायित्व पूरा गर्ने कार्यमा सबैको रचनात्मक सहयोगको अपेक्षा गर्दछौ ।

# महानगरमा कृषिको सम्भावना



• **मनहर कडरिया**
वरिष्ठ बागबानी विकास अधिकृत

दैनिक उत्पादन हुने फोहोरको ६० प्रतिशत भन्दा बढी कुहिने बस्तु भएकोले सोको प्रयोग गरी कम्पोस्ट मल उत्पादन गर्ने, कौंसी खेती गरी स्वच्छ उत्पादन गर्न सकिन्छ ।

जैविक विविधता ले भरिपूर्ण ४६४.२४ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको महानगर ४१८ मिटरदेखि २ हजार ७ सय १५ मिटर सम्मको उचाईमा अवस्थित छ । ३३ वडाहरु मध्ये १३ वडाहरुमा सघन बस्ती र मुख्य बजार क्षेत्र भएका कारण उपभोक्ता केन्द्रित क्षेत्रहरु छन् भने बाँकी २० वडाहरुमा कृषियोग्य भूमि भएको, सम्भावनको आधारमा विविध बाली उत्पादन गर्न सकिने, सडकको सञ्जालले जोडिएको, मुख्य बजारबाट नजिक भएकोले व्यवसायिक कृषिका लागि प्रशस्त सम्भावना भएका क्षेत्र हुन् । पोखरा नेपालको सबभन्दा ठूलो तथा पर्यटकीय दृष्टिकोणले एक नमुना महानगर हो । गण्डकी प्रदेशको राजधानी समेत रहेको यो क्षेत्रमा बढदो सहरीकरण, यातायात विस्तार, थपिँदो जनसंख्यासँगै खाद्यान्न माथिको चाप बढ्दै गइरहेको छ । मुख्य सहरमा घना बस्ती, जग्गा घडेरीकरण तथा गाउँ स्तरमा देखिएको बढ्दो बाँझोकरणले गर्दा कृषि उत्पादन तथा वितरणमा समस्या देखापरेको छ । दैनिक उपभोग्य बस्तुमा बढ्दै गएको परनिर्भरताका कारण वाह्य  क्षेत्रबाट उल्लेख्य आयत गरिरहनुपरेको छ । तर पछिल्लो समय विदेशबाट फर्केका र स्वदेशमै रहेको युवाको कृषि प्रतिको आकर्षणले गर्दा विस्तारै तरकारी, फलफूल, खाद्यान्न उत्पादन तथा पशुपालनतर्फ हाल आएर व्यावसायिकतातर्फ द्रुत रुपमा अघि बढेको छ । व्यवसायिक कृषिको कारणले रोजगारीको अवसर र आम्दानीमा वृद्धि भई कृषकहरुको जीवन पद्धतीमा सुधारात्मक परिवर्तन ल्याउन सहयोग गरेको देखिन्छ ।

मध्यपहाडी क्षेत्र अन्तर्गत पर्ने यो क्षेत्रमा विविध बालीहरुको खेती गर्न सकिन्छ तैपनि प्राविधिक दृष्टिकोणले व्यवसायिक रुपमा उत्पादन गर्न सकिने र बजारको माग भएका बालीहरुमा फलफूलतर्फ सुन्तला जात, कफी,  आलु, तरकारी, मौसमी तथा बेमौसमी, खाद्यान्नतर्फ धान, मकै, कोदो, मसलातर्फ अलैंची, अदुवा, अन्य बालीतर्फ मौरी पालन, च्याउ खेती, माछापालन, फूल खेतीको प्रवल सम्भावना छ । यसका साथै उच्च मूल्यका बस्तुहरु एभोकाडो, किबी, मेकाडेमिया नट, केराको पनि सफल परीक्षणहरु भइसकेका छन् ।  बढ्दो उपभोक्ताको माग, वातावरणमैत्री, दीगो तथा गुणस्तरीय कृषि उत्पादनको लागि  प्रांगारिक उन्मुख कृषि प्रणालीको आवश्यकता छ । स्थानीय तथा वाह्य पर्यटकको माग सम्बोधन गर्ने जैविक विविधता, स्थानीय बस्तुको प्रयोग तथा प्रचारप्रसारको लागि कृषि पर्यटनमा जोड दिनु उत्तिकै जरुरी देखिन्छ । यस क्षेत्रलाई विशेष रुपमा चिनाउने र विगतदेखि नै व्यवसायिक रुपमा उत्पादन गरिँदै आएका कृषि उत्पादनलाई मूल्य शृंखलामा जोड दिँदै थप विस्तार, व्यवसायिक, गुणस्तरीय र रोजगारीमूलक बनाउने योजना संचालन गर्नुपर्ने देखिन्छ ।

यिनै पृष्ठभूमिलाई मध्यनजर गर्दै कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने स्पष्ट मार्गचित्रका साथ कृषि उपजको उत्पादनका लागि आवश्यक प्रविधि तथा उत्पादन सामग्रीको व्यवस्था, बाली र बस्तु उत्पादनमा विविधीकरण, यान्त्रिकरण, प्रशोधन तथा बजारीकरणको लागि आवश्यक पूर्वाधारको व्यवस्था जस्ता क्रियाकलाप र मेयर प्रविधि कृषि परियोजना मार्फत् कृषि क्षेत्रको समग्र विकास, विस्तार र प्रवर्द्धन गर्न यस महानगरमा निम्न अनुसारको रणनीति तथा कार्यनीति छन ।

१. भूमिको वैज्ञानिक उपयोग- सहकारी खेती, सार्वजनिक जग्गाको प्रयोग, जग्गा चक्लाबन्दी, करार खेती, भूमि बैंकको अवधारण
२. आधुनिक कृषि प्रविधिहरुको अवलम्बन - गुणस्तरीय उत्पादन सामग्री, आधुनिक कृषि प्रविधि प्रदर्शन, असल कृषि अभ्यासको प्रयोग
३. सिँचाइमा जोड - प्लास्टिक पोखरी, पाइप सिँचाइ, ट्यांकी, लिफ्ट प्रणाली, थोपा कार्यक्रम
४. कृषिमा यान्त्रिकीकरण - कस्टम हायरिंग सेन्टर स्थापना, उत्पादन प्रवर्द्धनको लागि बाली विशेष तथा भूगोल अनुसार कृषि यन्त्रको उपयोग तथा परिचालन
४. कृषि उपजहरुको मूल्य अभिवृद्धि तथा बजारीकरण- कृषि उपज संकलन केन्द्र, कृषक बजार, हाट बजार, ढुवानी साधन, भण्डारण घर, कोल्ड स्टोर स्थापना, सञ्चालन तथा व्यवस्थापन
५. किसान वर्गीकरण, डिजिटल कृषि तथ्यांक तथा प्रचार प्रसार - आधारभूत तथा विश्वसनीय कृषि तथ्यांक संकलन, उपयोग, सूचनाको पहुँच, जनचेतना, प्रविधि हस्तान्तरण
६. प्रतिफलमा आधारित प्रोत्साहन प्रणाली - कृषि उपज उत्पादन, क्षेत्रफल तथा बजारयोग्य बस्तुको उल्लेख्य वृद्धि गर्ने समूह, सहकारी, उद्यमीलाई प्रोत्साहन गर्ने
७. गुणस्तर नियन्त्रण, अनुगमन, स्वच्छ बस्तु उत्पादन तथा ब्रान्डिड - नियमित विषादी अवशेष विश्लेषण परीक्षण, पोषण तत्व

परीक्षण तथा प्रचार, बाली विशेष लोगो लगाई बजारीकरण गर्ने
८. वातावरण मैत्री कृषि प्रविधि - प्रांगारिक खेतीमा जोड, कृषि पर्यटन, जैविक विविधताको संरक्षण, प्रवर्द्धन र उपयोग, प्राकृतिक प्रकोप न्यूनीकरण योजना
९. क्षमता विकास, ज्ञान, सीप क्षमता अभिवृद्धि तथा प्राविधिक सेवा : सम्बन्धित सरोकारवालाको क्षमता अभिवृद्धि, सीपमूलक तथा क्षमता अभिवृद्धि तालिम, बाली विशेष अनुसार विज्ञ प्राविधिकको व्यवस्था गरी नियमित सेवा प्रवाह गर्ने
१०. समन्वय, सहकार्य, सहलगानी, दीगोपना : एकद्वार प्रणालीमार्फत् अन्य संघ संस्थासँगको साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने, निजी क्षेत्रको लगानी, एकीकृत कृषि विकासको मोडलमा कार्यक्रम सञ्चालन गर्ने, स्थानीयको संलग्नता, साझेदारीता तथा स्वामित्व

**सम्भावना यक्त कृषि क्षेत्रहरु**

**तरकारी बाली**

हाल आएर अधिकांश कृषकको लगानीको लागि छोटो, छिटो र भरपर्दो पेशा भनेको तरकारी खेती हो । बेमौसमी तरकारी उत्पादन गर्न सकियो भने बजारमा राम्रो मूल्य पाइन्छ र प्रति इकाइ क्षेत्रफलमा बढी आम्दानी लिन सकिन्छ । तरकारी खेतीको लागि घाम लाग्ने, पानीको सुविधा भएको, बाटोबाट नजिक र प्रांगारिक पदार्थ भएको बलौटे दोमट माटो उपयुक्त मानिन्छ । हाल विभिन्न प्रविधिहरु आएका छन् जसले गर्दा वर्षैभरी बाली उत्पादन गर्न सकिने अवस्था आएको छ जस्तै प्लास्टिक घर प्रविधि, हरियो नेट भित्रको खेती, थोपा सिँचाइ, छापोको प्रयोग गरी खेती गर्ने, माटो बिना नै गरिने खेती आदि । प्लास्टिक घर प्रविधि मूख्यतया ७ सय मिटर भन्दा माथि उपयुक्त हुन्छ र सो भित्र वर्षा समयमा गोलभेंडा, धनिया, साग, क्याप्सिकम उत्पादन गर्न सकिन्छ भने हिउँद समयमा सो भित्र नै काक्रो, खुर्सानी, सिमी, बोडी आदि लगाएर बेमौसममा उत्पादन गरी आम्दानी वृद्धि गर्न सकिन्छ । आलु उत्पादनको प्रशस्त आधारहरु रहेका छन् र यसैमा आधारित उद्योगहरु विकास गर्न सकिन्छ । अधिकांश भिरालो क्षेत्र भएकोले वर्षायाममा पनि काक्रो बाली, अगौट काउली बन्दा, रायोको साग, बेमौसमी प्याज पनि उत्पादन गर्न सकिन्छ । होटल व्यवसायीको माग अनुरुप उत्पादनमा विविधिकरण गरी आम्दानी गर्न सकिने अवसरहरु छन् ।

**फलफूल तथा मसला खेती**

लामो समयदेखि यो क्षेत्रमा सुन्तला बालीको व्यवसायिक खेती गरिँदै आएपनि पछिल्लो समय १ हजार मिटर भन्दा बढी उचाइमा सफल भएको र हाल सम्म सुन्तला नलगाइएको त्यस्ता क्षेत्रमा व्यवसायिक रुपमा सून्तला खेती गर्न सकिन्छ । सुन्तला जात बालीले लामो समय सम्म उत्पादन दिने, त्यति धेरै लगानी पनि गर्नुनपर्ने, बजारको समस्या नभएको र राम्रो आम्दानी हुने भएकोले यस बालीलाई प्राथमिकताका साथ थप विस्तार गर्नुपर्ने देखिन्छ । यसैगरी सुन्तला नष्ट भएका क्षेत्रमा तथा अन्य १ हजार मिटर उचाइसम्मका क्षेत्रमा स्थानीय कागती (सुन कागती) को व्यवसायिक रुपमा खेती गर्न सकिन्छ । कागतीको लागि हुर्काउन केही समस्या भएपनि हुर्किसकेपछि त्यति धेरै समस्या छैन र सुन्तला जस्तो सखाप हुने रोग यस बालीमा देखिएको छैन । हाल वर्षभरी उत्पादन हुने कागती पनि पाइन्छ त्यस्ता जातको छनोट गरी रोप्न सके अझै बढी फाइदा हुने देखिन्छ ।

मेवा, लिची, आँप, अनार, एभोकाडो, मेकाडेमियानट आदि बाली पनि अलि बढी गर्मी हुने, सम्म तथा बेसी क्षेत्रमा सफलताका साथ गर्न सकिन्छ । केराको लागि अत्यन्त सम्भावना भएका क्षेत्र पनि सो क्षेत्रमा रहेका छन् । खोला नदी छेउका समथल भागमा झापाली मागभोग तथा जि ९ जस्ता हाइब्रिड जातहरुको केरा खेती पनि सफलतापूर्वक गर्न सकिन्छ ।



नेपालको पूर्वी क्षेत्रमा सफलताका साथ उत्पादन भइरहेको पोषणयुक्त तथा औषधीको गुणले भरिपूर्ण किवी खेती पनि पूर्वी उत्तर फर्किएको १२ सय मिटर भन्दा माथिको क्षेत्रमा सम्भावना छ । यो बाली लगाएपछि ४० वर्ष सम्म उत्पादन दिने, नियमित फल्ने, रोग कीराको समस्या नभएको र विस्तारै बजार बढ्दै गएकोले अब यो बालीतर्फ पनि अगाडि बढनुपर्ने देखिन्छ । यसै क्षेत्रमा नास्पती, हलुवाबेद, लप्सीको पनि खेती गर्न सकिन्छ ।

विश्व बजारमा अत्याधिक माग रहको कफी खेती यस क्षेत्रमा सफल रहेको छ र कफी खेती अन्य बाली नहुने, छायाको रुखहरु भएको, बनेली क्षेत्रमा गर्न सकिन्छ । यसो गर्दा फालिएको जमिनको पनि सही सदुपयोग हुने र छायाको लागि अन्य फलफूलको रुख रोपेमा दोहोरो आम्दानी हुनसक्छ ।

मसला बालीतर्फ परम्परागत रुपमा लगाउँदै आइएको अदुवा तथा बेसार खेती, मरिच खेती तथा अलैंची बालीको लागि सम्भावना छ । नयाँ उत्पादन धेरै हुने तथा रोग कम लाग्ने जातको छनोट गरी आधुनिक तथा व्यवसायिक तरिकाले खेती गर्न सके अदुवा बेसारबाट पनि प्रशस्त फाइदा हुन्छ । यति मात्रै होइन व्यवसायिक रुपमा अगाडि बढे स्थानीय स्तरमा मसला उद्योग नै स्थापन गरी रोजगारी समेत वृद्धि हुन सक्दछ । मरिच बालीको  लागि दुध आउने खालका बिरुवाहरु बडहर, कटहर, फलेदो, खिर्रोको थाक्रो बनाई रोप्नुपर्दछ । यस क्षेत्रमा खोला तथा खोल्सीहरु प्रशस्त रहेका र जंगल पनि भएको हुँदा हल्का पानी बग्ने छायाका बोटहरु भएको स्थानमा अलैंची खेती सामुदायिक तथा व्याक्तिगत रुपमा गर्न सकिन्छ । विश्वमा सबैभन्दा धेरै अलैंची उत्पादन गर्ने देश नेपाल हो र अधिकांश उत्पादन बाहिर निर्यात गरिने भएकोले यसको प्रशस्त सम्भावना छ ।

**पशुपंछी तथा माछा पालन**

रसिलो तथा घमाइलो क्षेत्र भएकोले प्रशस्त भुइँ घाँस, चरन तथा डाले घाँस पाइने तथा नयाँ जात लगाउन सकिने भएकोले यस क्षेत्रमा व्यवसायिक रुपमा बाख्रापालन, गाई तथा भैंसी पालनको सम्भावना छ र हाल व्यवसायिक रुपमा विस्तार भइरहेको अवस्था पनि छ । बजारको लागि समस्या नभएकोले यस क्षेत्रमा पशुपालनको सम्भावना बढदो छ । बजारको आसपासको क्षेत्रमा लोकल, ब्रोइलर तथा लेयर्स जातका कुखुरा पालन गर्न सकिन्छ । पछिल्लो समय पिग पार्कको विकाससँगै बंगुर पालनले पनि व्यवसायिकता लिएको छ । चिसो पानी भएको क्षेत्रमा ट्राउट माछा सफल उत्पादन भइरहेको साथै तालै तालको सहर पोखरामा स्थानीय रैथाने माछा तथा उन्नत कार्प जातका माछा पालन गरी आम्दानी लिन सकिन्छ ।

**सहरमा कौसी खेती**

महानगरभित्र बढ्दै गएको प्रदुषण तथा फोहोर उत्सर्जन न्यूनीकरण गर्न सहरी कृषि अवधारणा जरुरी छ । दैनिक उत्पादन हुने फोहोरको ६० प्रतिशत भन्दा बढी कुहिने बस्तु भएकोले सोको प्रयोग गरी कम्पोस्ट मल उत्पादन गर्ने, कौंसी खेती गरी स्वच्छ उत्पादन गर्न सकिन्छ । बाँझो घडेरीमा सिजन अनुसारका बाली उत्पादनमा जोड दिन सकिन्छ । स्वच्छ वातावरण तथा उपभोक्ताको हितलाई ध्यानमा राखी व्यवस्थित कृषि बजार, मासु पसल, उत्पादन सामग्री बिक्री केन्द्र स्थापना गर्नुपर्ने देखिन्छ । पार्क निर्माण, फलफूल बिरुवा रोपण तथा फूल खेती अभियान सञ्चालन गरी हराभरा महानगर विकास गर्न सकिन्छ ।

जैविक विविधताले भरिपूर्ण यस क्षेत्रमा मौरीपालन, च्याउ खेती विशेष गरी कन्ये तथा सिताके च्याउ, फूल खेतीको पनि उत्तिकै सम्भावना छ । सम्म फाँट तथा पाखो इलाकामा धान, तोरी, मकै, कोदो आदिको उत्पादन गर्न सकिन्छ ।

यसरी सम्भावनै सम्भावना भएको यस क्षेत्रमा विविधता युक्त कृषिलाई प्रवर्द्धन गरी व्यवसायिक रुपमा स्वच्छ, स्वस्थ प्रांगारिक खेतीको साथै कृषि पर्यटनको रुपमा विकास गर्न सकिने प्रशस्त सम्भावना छ ।


# पोखरा महानगरको सूचना

- **जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं।**
- **सडेगलेका बस्तु बिक्री वितरण र प्रयोग नगरौं।**
- **पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं।**
- **सडकपेटी र बाटो अवरुद्ध हुनेगरी निर्माण लगायत कुनैपनि सामग्री नराखौं।**

पोखरा महानगरपालिका

# रूप फेर्दै सभागृह



भताभुङ्ग र जीर्ण पोखरा सहभागृह । भित्तामा ठूला भ्वाङ । पानीले भित्तामा पलाएको लेउ । १३ सय सिट क्षमताको सभागृह भुतबंगाला जस्तै बनेको छ । मुख्य गेटमा परेका प्वाल, उम्रेको घाँस  र अस्तव्यस्त सभागृह । विदेशीको सहयोगमा निर्माण भएको सभागृह २०५९ साल सम्म राम्रै थियो । जव स्थानीय तहमा जनप्रतिनिधि विहीन भयो । अनि सभागृहको संकट सुरु भयो । त्यहाँ भएका राम्रा र महंगा सामग्री राताताात गायब भए । त्यहाबाट हराएका महंगा सामग्रीको खोजी त परैको कुरा  संरक्षणमा पनि ध्यान दिइएन् । सभागृह  संरक्षण, रेखदेख र आम्दानीको हकदार पोखरा महानगरपालिका (तत्कालनी उपमहानगर) पालिकाले आम्दानी लिने तर त्यसको संरक्षणमा खर्च नगर्दा  अस्तव्यस्त र जीर्ण बन्यो । जीर्ण सभागृहको मर्मत सम्भारको काम २० वर्षपछि सुरु भएको छ ।

पोखरा सभागृहको मर्मतका लागि जनप्रतिनिधि नै आउनुपर्‍यो । जनप्रतिनिधि आएसँगै सभागृहको मुहार परिर्वतनको थालनी भएको छ । अहिले पोखरा सभागृहको मुख्यगेटमा रङगरोगन र दाँयाबाँया रेलिङ हाल्ने काम भएको  महानगरका सूचना अधिकारी गंगालाल सुवेदीले बताए । पहिलो चरणमा बाहिरी आवरणमा रङ र तारबार लगाइएको छ ।

सुवेदीका अनुसार सभागृहलाई सौन्दर्यीकरण गरेर पर्यटकीय आकर्षण समेत बनाउने योजना रहेको छ ।  'पहिलो चरणमा बाहिरी भागलाई रङरोगन गर्छौं दोस्रो चरणमा भित्रको सिटहरु मर्मत गर्ने कामको सुरुवात गर्छौं, उहाँले भन्नुभयो,' यो काम सानो हो तर अहिलेसम्म हुन सकेको थिएन् ।' पहिलो चरणको कामका लागि ३ लाख ५० हजार बजेट छुट्टयाइएको महानगरपालिकाका सूचना अधिकारी सुवेदीले जानकारी दिनुभयो ।

यसअघि कर्मचारीले स्थानीयत निकाय संचालन गरेको अवस्थामा पोखरा सभागृहलाई पोखरा उप-महानगरपालिकाले निजी क्षेत्रको साझेदारीमा अन्तर्राष्ट्रय स्तरको सम्मेलन केन्द्रको रुपमा विकास गर्ने बताएको थियो । झलकराम अधिकारी कार्यकारी अधिकृत हुदाँ सभागृहलाई निजी क्षेत्रको संस्था बिपिएस लिजिङ एन्ड म्यानेजमेन्ट प्रालिलाई संचालन गर्न दिने सहमति समेत भएको थियो । उक्त सम्झौताको तत्कालीन नेकपा एमाले, विप्लप माओबादी लगायत अन्य राजनीतिक दलको विरोधका कारण निजी क्षेत्रलाई दिने सम्झौता रद्ध भएको थियो ।

**एकराज गिरी**

# स्मार्ट सिटी



• **लक्ष्मण तिमिल्सिना**
प्रमुखको स्वकीय सचिव
पोखरा महानगरपालिका

स्थानीय निर्वाचन ताकाको देशव्यापी एक बहस नै बन्यो स्मार्ट सिटी, प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा समेत उम्मेदवार अछुतो रहेनन् यस मुद्दा उठाउनका लागि । विशेष गरी कास्कीका तिनै निर्वाचन क्षेत्रका उम्मेदवारले 'स्मार्ट सिटी' तथा 'स्याटलाइट सिटी' निर्माणको प्रतिबद्धता आफ्ना प्रतिबद्धता पत्रमा उल्लेख गरेका नै छन् । अब विरोधभन्दा नि स्मार्ट सिटीको सम्भाव्यताबारेमा छलफल र बहस सञ्चालन गर्नु आजको आवश्यकता हो भन्ने लाग्छ ।

सडकमा छाडा चौपाया देख्दासमेत स्मार्ट सिटी भनेर खिल्ली उडाउने नागरिक स्मार्ट नबनुन्जेलसम्म सहर स्मार्ट बनाउने सपना अधुरो रहन्छ । स्मार्ट सिटी निर्माण आम पोखरेलीको सपना हो । साथै मिसन पनि हो, तर यसका लागि हामीले बुझेको स्मार्ट सिटी सिधा प्रविधिमैत्री समाज निर्माणको परिकल्पनामात्रै हो कि भन्ने भान धेरैको अभिव्यक्ति सुन्दा अनुभूत हुन आउँछ ।

**स्मार्ट सिटी के हो ?**

स्मार्ट सहर को आधिकारिक व्याख्या र अवधारणा छैन तर पनि विभिन्न स्थानमा गरिएका ११६ परिभाषाहरू हाम्रामाझ फेला पर्छन् स्मार्ट सिटीका बारेमा जस्तै स्मार्ट सिटी भनेको छरितो सहर भन्ने बुझिन्छ । प्रविधियुक्त व्यवस्थित सहरको रूपमा समेत चित्रण गर्न सकिन्छ । सूचना प्रविधिको अधिकतम् प्रयोग गरी सेवा सुविधालाई सहज र सरल बनाइएको सहर, नागरिक र सरकारबीचको सञ्चार र संवादलाई सहज र सर्वसुलभ बनाइएको सहर, विभिन्न सेवा सुविधा इन्टरनेट मार्फत् अटोमेसन प्रणालीमा आबद्ध सहर, फुर्तिला, स्वस्थ, लगनशील र उत्पादनशील नागरिक बस्ने सहर, ऊर्जाको कम खपत हुने र वातावरण मैत्री पूर्वाधारको व्यवस्था भएको सहर भन्ने बुझिन्छ

सूचना तथा सञ्चार प्रविधिमा पछिल्लो समय भएको विकासले मानव जीवन निकै सहज भएको छ । संसारको जुनसुकै कुनामा सस्तो र सहज सञ्चार सम्भव भएको छ । तथ्यांक, सूचना र ज्ञानका स्रोतहरूसम्मको पहुँच सजिलो भएको छलफलस्वरूप विश्व निकै साँघुरो बनेको छ । स्मार्ट सिटी निर्माणका लागि के के चाहिन्छ भन्नेबारेमा हामीले साधारण रूपमै सोच्दासमेत पर्याप्त हुनेछ । जस्तो व्यवस्थित र योजनाबद्ध बस्ती, ब्रोडब्यान्डसहितको इन्टरनेट सुविधा, नियमित विद्युत आपूर्ति र आवश्यक हार्डवेयर र सफ्टवेयर, नागरिकलाई सूचना प्रविधि सम्बन्धी आधारभूत तालिम, विभिन्न सेवा र सूचना आदान प्रदान गर्न मोबाइल एपको प्रयोग, मानिसहरू भेटघाट नगरिकन सेवा आदान प्रदान हुने अनलाइन सेवा प्रणाली साथै बिना झन्झट नागरिकहरूको कार्य सम्पादन पर्दछन् ।



## नेपालमा कसरी गरियो स्मार्ट सिटीको परिकल्पना

सन् २०१२ मा 'लुम्बिनी शान्ति सहर'को गुरुयोजना बनाउने जमर्को भएको थियो । यसमा आधुनिक सूचना प्रणालीका सबै संयन्त्रहरूको परिकल्पना, पार्क, हरियाली र वातावरणमैत्री तथा प्रदूषणरहित सहरको रूपमा 'लुम्बिनी शान्ति सहर'लाई अघि सारिएकाले लुम्बिनी शान्ति सहर नै स्मार्ट सिटीको रूपमा विकास हुन सक्छ । सरकारले बुद्ध जन्मस्थल लुम्बिनीलाई 'स्मार्ट सिटी' को रूपमा विकास गर्न काम अघि बढाएको छ । सहरी विकास मन्त्रालय अन्तर्गत नयाँ सहर आयोजनाले लुम्बिनी सहित निजगढ र पालुङ्टारलाई समेत स्मार्ट सिटीको रूपमा विकास गर्न परामर्शदाता छनोटका लागि सूचना जारी गरेको थियो ।

## कहाँबाट सुरु गर्ने ?

स्मार्ट सिटी बहसलाई व्यावहारिकतामा लैजाने काम कहाँबाट सुरु गर्ने अन्योलता भने देखिएकै छ, यसबारेमा किशोर थापाको धारणाले केही अधुरो सुरुवात र अन्योलताको नेतृत्व गर्न सक्छ । तत्कालै गर्न सकिने कुराहरू :

- नगर क्षेत्रमा ब्रोडब्यान्ड इन्टरनेट सेवाको विकास गर्ने ।
- प्रत्येक घरपरिवारको इमेल ठेगाना तयार गर्नुका साथै डाटा केन्द्र स्थापनाका कार्य अगाडि बढाउने ।
- वडा कार्यालय र प्रधान कार्यालय जोडिने गरी इन्ट्रानेट सेवा स्थापना गर्ने ।
- एकीकृत सम्पत्ति कर, घरबहाल कर, बिजुली टेलिफोन, पानीको बिल मोबाइल फोनबाटै तिर्ने व्यवस्था र कुनै गुनासो भए मोबाइलबाटै टिपाउने व्यवस्था गर्नुका साथै सहरलाई क्यासलेस बनाउने ।
- सडक बत्ती, ट्राफिक चिन्ह, सिसी टिभीको व्यवस्था गर्ने ।
- लामो दूरीका बसको अनलाइन टिकेटिङको व्यवस्था, विद्युतीय सवारी साधनको प्रवर्द्धन ।
- घरघरमा बिजुलीबाट खाना पकाउने व्यवस्था ।
- ठोस र तरल फोहोरको छरितो व्यवस्थापन ।
- नगरपालिकाको छरितो वेबसाइट निर्माण गरी नागरिकलाई आवश्यक जानकारी, नक्सा पास लगायतका कार्य अनलाइन मार्फत सम्पन्न गर्ने, यसो गर्दा नागरिक र कर्मचारीबीच दोहोरो संवाद नहुने हुँदा भष्ट्राचार न्यूनीकरण हुनुका साथै सेवासमेत चुस्त र दुरुस्त हुनेछ ।
- सामाजिक सञ्जालका कार्यक्रम मार्फत नगरबासीसँग पदाधिकारीहरूको अन्तर्क्रिया गर्ने व्यवस्था. ।
- खुला स्थानको विकास र व्यवस्थापन ।
- प्रविधिको प्रयोगका साथै खोज, अनुसन्धानमूलक व्यवहारको विकास ।

## स्मार्ट नागरिक, स्मार्ट योजना

स्मार्ट सिटी निर्माणका लागि कुरा होइन काममा जोड दिनु प्राथमिकता हो । यसका लागि पहिले त हामीले हाम्रा नागरिकहरूलाई नै स्मार्ट बनाउनतर्फ ध्यान दिनु जरुरी छ । हामीले जति प्रविधिका कुरा गरे पनि हाम्रा नागरिकले त्यसको प्रयोग गर्न सक्छन् कि सक्दैनन् भन्ने कुरा प्रमुख हो । कुनै अत्याधुनिक प्रविधिको प्रयोगका लागि नागरिकले आफूलाई तयार गर्न सक्नुपर्छ, नत्र त्यसको प्रयोग नै व्यर्थ हुन सक्छ । स्रोतको कमीले होइन, सोचको कमीले स्मार्ट सिटी बन्न नदिन पनि सक्छ । तसर्थ स्मार्ट सिटीले कोही कसैको चाहनाले भन्दा पनि नागरिकको स्मार्टनेस सँगै आधार तयार गर्दछ । अल्बर्ट आइन्सटाइनले इलेक्ट्रोनिक तरंगको कुरा गर्दा हाँसोमजाक र असम्भव ठान्ने समाज नै आज एन्ड्रोइड फोन बोक्ने समाजमा रूपान्तरण भइसकेको छ । अत: स्मार्ट सिटी सपना होइन यथार्थ बनाउनका लागि आचरण र अध्ययनशिलताको विकास हुनु जरुरी देखिन्छ । स्मार्ट सिटी निर्माणका लागि गोष्ठी सेमिनारमा सहभागी हुने तर सामान्य घर अगाडि नै फराकिला सडक निर्माणको कुरा उठ्दा विरोधमा आउने नागरिकको सोचले सहर स्मार्ट बन्न सक्दैन ।

स्मार्ट सहर निर्माणको सपना हाम्रा व्यवहारहरूले सार्थक पार्न सक्छन् । स्मार्ट शब्दको धज्जी त्यतिबेला उडेको महसुस हुन्छ जतिबेला घन्टौं समय खर्चेर आसन ग्रहण गराएर दर्शकदीर्घा जतिनै अतिथि राखेर धेरैको वाककलाले स्मार्ट सिटीको सपना बाँड्छन् आयोजकहरू । अब हाम्रा कार्यक्रमहरू प्रविधिको प्रयोग गर्दै अत्यावश्यक बहस गर्दै शैली परिवर्तन गरेर गर्नुले पनि कार्यक्रमहरू छरितो र प्रभावकारी हुनेछन् । यस्तै सानोतिनो परिवर्तनबाटै बिस्तारै आधारहरू बन्दै जानेछन् स्मार्ट सिटी निर्माणका लागि ।

हाम्रा योजनाहरू स्मार्ट नबनिन्जेल सहर स्मार्ट बन्ने बाटोमा अगाडि बढ्नै सक्दैन । सर्वप्रथम राज्यसँग सहर विकासको गुरुयोजना तयार हुनु पर्‍यो साथै त्यसलाई कार्यान्वयनका लागि स्पष्ट नीति चाहिन्छ । जमिन चिरा पारेर आवास निर्माणभन्दा सामूहिक आवासमा जोड दिनुपर्छ । स्मार्ट कृषि, स्मार्ट स्वास्थ्य, स्मार्ट शिक्षा, स्मार्ट खानेपानीका लागि योजनाहरू तयार गरी सँगसँगै लैजानुपर्छ । योजनाहरूको कार्य सम्पन्न गर्दा अनुगमन प्रविधिको प्रयोगबाटै गर्दा कमिसनको गोलचक्करबाट मुक्ति मिल्न जान्छ । यिनै परिवेशहरूले तयार पार्नेछन् हाम्रो भूगोल अनुकूलको स्मार्ट सिटी । मास्टर प्लानसहितका योजना सञ्चालन आदत निर्माण गरेर प्रविधिको प्रयोगबाट स्मार्ट समाज निर्माणको बाटोमा लाग्नु आजको आवश्यकता पनि हो ।

# आर्थिक वर्ष २०७५/०७६ को प्रथम चौमासिक प्रगति प्रतिवेदन

**पोखरा महानगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**२०७५ मंसिर**

## विषय–सूची


१. कार्यकारी सारांश
२. आर्थिक विवरण
२.१ आव. २०७५/०७६ को बजेट र खर्च तुलना
२.२ अनुमानित र यथार्थ आय विवरण
३. क्षेत्रगत समीक्षा
    ३.१ प्रकाशन महाशाखा
    ३.२ सामाजिक विकास महाशाखा
    ३.३ सहरी पूर्वाधार महाशाखा
    ३.४ सूचना प्रविधि महाशाखा
    ३.५ शैक्षिक प्रशासन महाशाखा
३.६ स्वास्थ्य महाशाखा
३.७ भण्डार तथा आपूर्ति शाखा
३.८ वातावरण शाखा
३.९ सहरी गरिबी न्यूनीकरण तथा सामाजिक परिचालन शाखा
३.१० पञ्जीकरण तथा सामाजिक सुरक्षा शाखा
३.११ निरीक्षण महाशाखा
३.१२ आन्तरिक लेखा परीक्षण शाखा
३.१३ सहकारी शाखा
३.१४ न्याय कानुन तथा मानव अधिकार प्रवर्द्धन महाशाखा
४. चुनौती तथा समस्याहरु
५. सुझावहरु

## १. कार्यकारी सारांश

आव २०७५/०७६ को प्रथम चौमासिक बजेट कार्यान्वयनको अवस्था हेर्दा विकास निर्माणको अवस्था मध्यम स्तरको देखिन्छ। पुँजीगत खर्चका लागि चालु आवमा विनियोजित रकममध्ये पहिलो चौमासिकमा १९.७४ प्रतिशत रकम खर्च भएको छ। कुल २ अर्ब ३३ करोड ७२ लाख ३६ हजार ४ सय २७ रुपैयाँ विनियोजन गरिएकोमा समीक्षा अवधिमा ४६ करोड १५ लाख ६८ हजार ८ सय १७ रुपैयाँ खर्च भएको छ। त्यस्तै, यस अवधिमा आर्थिक वर्ष २०७५/०७६ को लागि चालु खर्चमा तेस्रो नगर सभाले २ अर्ब ९३ करोड ८५ लाख २७ हजार ८१ रुपैयाँ विनियोजन गरेको थियो। प्रथम चौमासिकसम्म ६७ करोड ११ लाख १५ हजार ८ सय ८२ रुपैयाँ खर्च भएको छ। यस अवधिमा तलब, पारिश्रमिक, सुविधा खर्च शीर्षकमा विनियोजन गरिएको कुल वार्षिक बजेटको २२.८३ प्रतिशत खर्च भएको छ।

राजस्व असुलीमा प्रथम चौमासिक अवधि पोखरा महानगरपालिकाका लागि सामान्य रह्यो। यस महानगरपालिकाले आव ०७५।७६ को लागि वार्षिक ६ अर्ब १७ करोड ८२ लाख ५८ हजार रुपैयाँ संकलन गर्ने लक्ष्य राखेको थियो। यो अवधिमा ९६ करोड २९ लाख ५२ हजार ९ सय २२ रुपैयाँ मात्र असुली गरी वार्षिक लक्ष्यको १५.५८ प्रतिशत असुली भएको छ। यस प्रथम चौमासिकसम्म आन्तरिक राजश्वतर्फ वार्षिक लक्ष्यको १३.८७ प्रतिशत, अन्तर सरकारी वित्तीय हस्तान्तरणमा वार्षिक लक्ष्यको २४.७० र जनसहभागिता वापत वार्षिक लक्ष्यको ०.९० मात्र राजश्व सकंलन भएको छ।

नेपालको संविधान अनुसार स्थानीय तहमा प्रदत्त अधिकारहरुलाई प्रयोग गर्दै साविक जिल्ला स्थित विषयगत कार्यालयहरु महानगरमा हस्तान्तरण भइसकेकोले गर्दा मानव स्रोत तथा जनशक्ति व्यवस्थापनमा यस प्रथम चौमासिक अवधि उपलब्धिपूर्ण रह्यो। कृषि, पशु सेवा, शिक्षा तथा स्वास्थ्य शाखाका कर्मचारीहरुको व्यवस्थापन तथा ३३ वटै वडा कार्यालयलाई प्रविधिमैत्री बनाई आवश्यक जनशक्ति व्यवस्थापन गर्ने जस्ता महत्वपूर्ण कार्य यस चौमासिक अवधिमा भयो।

सन्निकटता र समपुरणको सिद्धान्तलाई व्यवहारमानै लागू गर्दै जनताकै घरदैलोमा सेवा पुर्‍याउनको लागि सहज होस भनि वडा कार्यालयको क्षमता विकास गर्दै लाने कार्य यस चौमासिक अवधिमा भएको छ। जस अनुरुप प्रत्येक वडामा प्राविधिक कर्मचारी खटाई १ हजार वर्ग फीट सम्मका घरको सम्पन्न प्रमाणपत्र वडावाटै प्रदान गर्ने, प्रत्येक वडा वाटै सम्पत्ति कर बुझिलिने, वडा स्तरीय योजनाहरुको योजना सम्झौता वडा वाटै गर्ने लगायतका व्यवस्था मिलाउँदै लगिएको छ।

यस महानगरपालिकाका अन्य महाशाखा/शाखा तथा वडा कार्यालयहरुको आव २०७५/०७६ को लागि प्रथम चौमासिक प्रतिवेदन निम्नानुसार छ।

## २. आर्थिक विवरण

### २.१ आव ०७५।७६ को बजेट र खर्च तुलना

**चालु खर्च**

| सि.नं. | बजेट शीर्षक | आ.व. ०७५/७६ को वार्षिक वजेटमा विनियोजन | कार्तिक महिना सम्मको खर्च | वार्षिकमा हाल सम्मको प्रगति |
|---|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | ९८५,९५५,०००।०० | ३६२८२४८७६।१ | ३६।८० |
| २ | पारिश्रमिक पदाधिकारी | ३१,०००,०००।०० | ११११५९८ | ३५।८४ |
| ३ | पोशाक | ८,९८८,०००।०० | | - |
| ४ | खाद्यान्न | ६००,०००।०० | ३२२०७४ | ५३।६८ |
| ५ | ओषधी उपचार खर्च | २,५००,०००।०० | ४१८०१३ | १६।७२ |
| ६ | स्थानीय भत्ता | ४०,४००,०००।०० | ८७९३८३५।४६ | २१।७७ |
| ७ | महंगी भत्ता | २१,०६८,०००।०० | ५५४२३६८ | २६।३१ |
| ८ | फिल्ड भत्ता | ११०,०००।०० | | - |
| ९ | कर्मचारीको बैठक भत्ताा | ८००,०००।०० | ५८२००० | ७२।७५ |
| १० | वैदेशिक भत्ता | २,०००,०००।०० | | - |
| ११ | अन्य भत्ता | ४,७६०,०००।०० | ९१३२०७ | १९।१९ |
| १२ | पदाधिकारी बैठक भत्ता | ५,०००,०००।०० | ८२५०० | १।६५ |
| १३ | पदाधिकारी अन्य सुविधा | ६,०००,०००।०० | | - |
| १४ | योगदानमा आधारत विमाकोष खर्च | ०।०० | | - |

| | | | | |
|---|---|---|---|---|
| १५ | अन्य सामाजिक सुरक्षा खर्च | १,०००,०००।०० | | - |
| १६ | पानी तथा बिजुली | ३,५००,०००।०० | ११३३३८६ | ३२।३८ |
| १७ | सञ्चार महसुल | ३,५०५,५६१।०० | ५०२६०२ | १४।३४ |
| १८ | सार्वजनिक उपयोगिताको सेवा खर्च | २००,०००।०० | | - |
| १९ | ईन्धन (पदाधिकारी) | १,०००,०००।०० | ८८८९२ | ८।८९ |
| २० | इन्धन (कार्यालय प्रयोजन) | ९,६५०,०००।०० | २८१४३१० | २९।१६ |
| २१ | सवारी साधन मर्मत खर्च | ६,०००,०००।०० | ९४२१०२ | १५।७० |
| २२ | बिमा तथा नवीकरण खर्च | १,५७५,०००।०० | ७३९३२ | ४।६९ |
| २३ | मेसिनरी औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २,१५०,०००।०० | ११४३०८२ | ५३।१७ |
| २४ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत | १,७००,०००।०० | ३९६५५६ | २३।३३ |
| २५ | अन्य सम्पत्तिहरुको संचालन तथा संभार खर्च | १,०००,०००।०० | ६६७० | ०।६७ |
| २६ | मसलन्द तथा कार्यालय सामग्री | १२,५०१,०००।०० | ४४८१०६० | ३५।८५ |
| २७ | पुस्तक सामग्री खर्च | ५००,०००।०० | ४५४६२ | ९।०९ |
| २८ | इन्धन अन्य प्रयोजन | ५००,०००।०० | १५७७८ | ३।१६ |
| २९ | पत्र पत्रिका, छपाइ तथा सूचना प्रकाशन खर्च | ७,१५०,०००।०० | २५५५००२ | ३५।७३ |
| ३० | अन्य कार्यालय सञ्चालन खर्च | ३६७४०३८ | १९३७८४४ | ५२।७४ |
| ३१ | सेवा  र परामर्श खर्च | ३९९७००० | ५०१००० | १२।५३ |
| ३२ | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | १०७७०००० | ४४९७५५ | ४।१८ |
| ३३ | करार सेवा शुल्क | ४९०००० | | - |
| ३४ | अन्य सेवा शुल्क | ३०३९५००० | ४०३९१९८ | १३।२९ |
| ३५ | कर्मचारी तालिम खर्च | ९००००० | ३४१००० | ३७।८९ |
| ३६ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १७०९७६५५ | १५९५७४१ | ९।३३ |
| ३७ | कार्यक्रम खर्च | ६८२०९१३९५ | ६८२७६३३९।३ | १०।०१ |
| ३८ | विविध कार्यक्रम खर्च | ६२४२६६०० | १४१२४८२ | २।२६ |
| ३९ | अनुगमन मुल्यांकन खर्च | २५४५००० | ४५००० | १।७७ |
| ४० | भ्रमण खर्च | ५४२५००० | १०७५७०१ | १९।८३ |
| ४१ | विशिष्ठ व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | २००००० | | ० |
| ४२ | अन्य भ्रमण खर्च | १०००००० | | ० |
| ४३ | विविध खर्च | १३०४३९६९ | ३८७८२४० | २९।७३ |
| ४४ | सभा सञ्चालन खर्च | ३५००००० | २७३०० | ०।७८ |
| ४५ | आन्तरिक ऋणको व्याज | ८४००००० | | ० |
| ४६ | वित्तिय व्यवसायहरुलाई पुँजीगत सहायता | ११०००० | | ० |
| ४७ | शैक्षिक संस्थाहरुलाई सहायता | २००३९००० | | ० |
| ४८ | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | १९१२००० | ११९७२९ | ६।२६ |
| ४९ | अन्य सहायता | ११८९४७१४ | ६१४३८५ | ५।१७ |
| ५० | अन्तर्राष्ट्रिय सदस्यता शुल्क तथा सहयोग | ५००००० | | ० |
| ५१ | शसर्त अनुदान | ६००००० | | ० |
| ५२ | विशेष अनुदान | ४२३७९० | ४२३७९० | १०० |

| | | | | |
|---|---|---|---|---|
| ५३ | अन्य अनुदान | १५९५०००० | ३०००० | ०।२ |
| ५४ | सरकारी निकाय, समिति एवं बोर्डहरुलाई निशर्त चालु अनुदान | ४०००००० | १६२००० | ४।०५ |
| ५५ | सरकारी निकाय, समिति एवं बोर्डहरुलाई सशर्त चालु अनुदान | १६५००० | | ० |
| ५६ | अन्य संस्थालाई सशर्त | ३४५२०००० | | ० |
| ५७ | सामाजिक सुरक्षा | ४७७६८०००० | १६००७१२८० | ३३।५१ |
| ५८ | अन्य सामाजिक सुरक्षा | ३००००० | | ० |
| ५९ | छात्रवृत्ति | ३५०००० | | ० |
| ६० | औषधी खरिद खर्च | ३३००००० | | ० |
| ६१ | अन्य सामाजिक सहायता | १५००००० | १७२००० | ११।४७ |
| ६२ | निवृत्ति भरण तथा अशक्त वृत्ति | १०००००० | | ० |
| ६३ | उपदान | ३५०००००० | ५३९४०७२।१३ | १५।४१ |
| ६४ | सेवा निवृत्तको सञ्चित बिदा | ७५००००० | २५९५५९।९७ | ३।४६ |
| ६५ | सेवा निवृत्तको औषधी उपचार | १२५००००० | ७३६७५० | ५।८९४ |
| ६६ | घर भाडा | १०७००००० | १५८८७०० | १४।८५ |
| ६७ | सवारी साधन तथा मेसिनरी औजार भाडा | १०००००० | ४२९००० | ४२।९ |
| ६८ | अन्य भाडा | २००००० | | ० |
| ६९ | राजश्व फिर्ता | २३००००००० | | ० |
| ७० | न्यायिक फिर्ता | ५०००००० | | ० |
| ७१ | अन्य फिर्ता | ५०००००००० | १२१६४७६०।७४ | २४।३३ |
| ७२ | भइपरि आउने चालु खर्च | २५१४३५९ | ४४५९४९ | १७।७४ |
| | **जम्मा** | २,९३८,५२७,०८१।०० | ६७१,११५,५८१।६८ | २२।८४ |

| **पुँजीगत खर्च** | | | | |
|---|---|---|---|---|
| **सि.नं.** | **बजेट शीर्षक** | **आ.व. ०७५/७६ को वार्षिक बजेटमा विनियोजन** | **कार्तिक महिना सम्मको खर्च** | **वार्षिकमा हाल सम्मको प्रगति** |
| १ | भवन निर्माण | १६३,४८६,०००।०० | १५५५६०४३ | ९।५२ |
| २ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | २०,०००,०००।०० | | - |
| ३ | फर्निचर तथा फिक्चर्स | ६,३००,०००।०० | ३३१२०१९ | ५२।५७ |
| ४ | सवारी साधन | २४,९७०,०००।०० | ४७४८०० | १।९० |
| ५ | मेसिनरी तथा औजार | ३५,३१५,०००।०० | ४५८३१४८ | १२।९८ |
| ६ | सडक तथा पुल निर्माण | ९८३,७४८,२२९।०० | ९७६४४२९७।२१ | ९।९३ |
| ७ | तटबन्ध तथा बाँध निर्माण | २५,०००,०००।०० | | - |
| ८ | सिँचाई संरचना निर्माण | १,६५०,०००।०० | | - |
| ९ | अन्य सार्वजनिक निर्माण | ८०२,३४३,१०८।०० | ३१२५६८५०२।३ | ३८।९६ |
| १० | पुँजीगत सुधार खर्च सार्वजनिक निर्माण | १६७,९८४,६९०।०० | ५७२६९५८ | ३।४१ |
| ११ | पूँजीगत अनुसंधान तथा परामर्श | ११,३००,०००।०० | | - |
| १२ | भइपरि आउने पुँजीगत | ९५,१३९,४००।०० | २१७०३०५० | २२।८१ |

| | | | | |
|---|---|---|---|---|
| | जम्मा | २,३३७,२३६,४२७०० | ४६१,५६८,८१७५३ | १९.७५ |

**२.२ अनुमानित र यर्थाथ आय विवरण**

| सि नं | शिर्षक | आव ०७५।७६ को अनुमानित आय | कार्तिक महिनासम्मको यर्थाथ आय | कात्तिक महिना सम्मको प्रगति |
|---|---|---|---|---|
| १ | आन्तरिक राजश्व | २२६५१५७९२० | ३१४२४६१८८।४५ | १३.८७ |
| २ | अन्तर सरकारी वित्तीय हस्तान्तरण | २५५११८०००० | ६३०३६२३६५ | २४.७० |
| ३ | जनसहभागिता | ५००००००००० | १४९५३४०३ | ०.९९ |

**३. क्षेत्रगत समीक्षा**

**३.१ प्रशासन महाशाखा**

- महाशाखा/शाखा तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण तयार गरि अध्यावधिक गरिएको पोखरा महानगरपालिकाको कर्मचारी सारांश विवरण

| सि नं. | गाभिएको कार्यालय | कर्मचारी संख्या | कैफियत |
|---|---|---|---|
| १ | पशु सेवा कार्यालय | २१ | करार समेत |
| २ | कृषि कार्यालय | १० | (३ करार समेत) सेवा केन्द्र ४ |
| ३ | शिक्षा | ९ | |
| ४ | स्वास्थ्य | २४४ | (९२ ९२ करार समेत)<br>३८ स्वा. चौकी (१ अस्पताल) |
| ५ | जिल्ला प्राविधिक कार्यालय | ५ | (३ करार समेत) (खा.पा.सटें |
| ६ | जिल्ला समन्वय समतिको कार्यालय | १३ | (२ करार समेत) |
| ७ | अन्य/मन्त्रालय (निजामती) | ३४ | कार्यालयमा कार्यरत |
| ८ | वडा कार्यालयमा कार्यरत निजामति | ४८ | |
| ९ | जि.स.स. तनहुँबाट | १ | (जना डोजर सहित) |
| १० | पुतली बजार न.पा. स्याङ्जाबाट स्थानीयतर्फको | १ | ख. विमला शर्मा ढकाल |
| | **जम्मा** | ३८६ | |
| ११ | महानगरतर्फ स्थानीय तह | ३९२ | १५७ स्थायी र बाँकी करार |
| | **कुल जम्मा** | ७७८ | |

**अधिकृतस्तर १२३**
**सहायकस्तर ३९६**
**सहयोगीस्तर २५४**
**जम्मा ७७८**

- ➢ निजामती: **२६३** (कृषि, पशु, स्वास्थ्य समेत)
- ➢ स्थानीय स्थायी: **१७०** (जिसस कास्की र तनहुँ, पु. न. पा स्याङ्जा र महानगरतर्फ)
- ➢ अस्थायी/करार : **३४५** (जिसस कास्की, कृषि, पशु, स्वास्थ्य र महानगर तर्फ )
- **जातिगत विवरण**

| खस आर्य | आदिवासी जनजाति | दलित | अन्य | जम्मा |
|---|---|---|---|---|
| ५३६ | ११३ | ११७ | ४ | ७७८ |

**लैंगिक समावेशिता**

- महिला : ३५४
- पुरुष : ४२४

**जम्मा : ७७८**

- वडा कार्यलयहरु रहेको भवनको विवरण

२३ वटा वडाको आफ्नै पक्की भवन रहेको ।

- ६ वटा वडा भाडामा रहेको ।
- २ वटा वडा पुराना तथा जीर्ण अवस्थामा रहेको ।
- २ वटा वडा निर्माणाधीन रहेको ।
- आव २०७५।०७६ मा अनिवार्य अवकाश हुने कर्मचारी संख्या : १५ जना
- प्रथम चौमासिकमा अनिवार्य अवकाश भएका कर्मचारी : ९ जना (३ जना मृत्यु भएका समेत)
- प्रथम चौमासिकमा अनिवार्य अवकाश भएका कर्मचारी: १ जना

**३.२ सामाजिक विकास महाशाखा**

| रकम रु हजारमा | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमको नाम | योजना कोड नं | वार्षिक लक्ष्य | | प्रथम चौमासिक प्रगति | | कार्यक्रम संचालन स्थान | कार्यक्रमका उपलब्धि | कैफियत |
| | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | | | |
| तालिका ६.१ महिला तथा बालबालिकातर्फ कार्यक्रम | | | | | | | | | |
| १ | ज्येष्ठ नागरिक सम्बन्धी कार्यक्रम अल्जाइमर्स चेतना दिवस ज्येष्ठ नागरिक प्रति हुने दुर्व्यवहार विरुद्धको दिवस, अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस | ६४१० | | २९ | | २९ | पोखरा महानगरपालिका वडा नं. १५ मा वडा कार्यालय र ज्येष्ठ नागरिक मिलन केन्द्रको समन्वयमा | महानगरपालिकाका सबै वडा बाट ५/५ जना सबैभन्दा ज्येष्ठ महिला र पुरुषलाई सम्मान | |
| २ | सामाजिक परिचालिकाको प्रोत्साहन भत्ता | ६४१७ | २ जना | २५४ | २ | ७७.६ | पोखरा महानगरपालिका वडा नं १३ र २० | सामाजिक परिचालनका कार्यलाई निरन्तरता | |
| ३ | हिंसा पीडित महिलाका लागि ३ महिने सीप विकास तालिम निरन्तरता | ६४२५ | ५ जना | १७० | | १५० | पोखरा महानगरपालिका वडा नं २५, २७ र वडा नं ६ का हिंसा पीडित महिलालाई रितु सिलाई प्रशिक्षण केन्द्र रानीपौवामा | ५ जना हिंसा पीडित महिलाले व्यवसाय सुरु र थप सिकाईको लागि प्रशिक्षण केन्द्रमा भर्ना | |
| ४ | हिंसा पीडित वेवारिसे र मानसिक अवस्था ठीक नभएका महिलालाई उद्धार र पुनर्स्थापना | ६४३२ | ३ जना | ५०० | | १०० | पोखरा म.न.पा का विभिन्न वडामा | पोखरा म.न.पा २२ पुम्दीको श्रेया सुनारको आमालाई जिविकोपार्जनमा सहयोग | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | दिवसीय कार्यक्रम मानव बेचबिखन विरुद्धको दिवस र लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान | ६४३३ | ३ पटक | ८० | | ८० | पोखरा म.न.पा का जिल्ला प्रहरी कार्यालय, पोखरा म.न.पा.वडा नं २२ र २३ | | |
| | **बालबालिका सम्बन्धी** | | | | | | | | |
| ६ | नगरस्तरीय बालमंचको बैठक संचालन तथा परिचालन | ६४३५ | १ २ पटक | २४० | १ | ८७ | पोखरा म.न. पा भरि | | महानगरस्तरीय बालमंचको आयोजना |
| ७ | बालगृह संचालक माझ चौमासिक अन्तर्क्रिया | ६४३७ | ३ पटक | १५० | १ | ४० | पोखरा म.न. पा भरि | | |
| ८ | वेवारिसे बालबालिकालाई उद्धार तथा पुनर्स्थापना | ६४३८ | | १५० | १४ | १.५ | १४ जना बालबालिकाको उद्धार गरि बालगृह, आपतकालीन आश्रय स्थलमा रेफर गरिएको | | |
| ९ | बालगृह अनुगमन र नियमन | ६४४८ | | ६० | ५ | ० | पोखरा वडा नं २५, १५, ५, ७ मा | | |
| १० | राष्ट्रिय बालदिवस कार्यक्रम | ६४४९ | १ पटक | ५० | २ | ५० | पोखरा वडा नं ७ मा | | |
| ११ | युनिसेफ तर्फका कार्यक्रमहरु | ६४५१ | १ पटक | ५०० | २ | | टोली र उद्योग वाणिज्य संघसँग सम्झौता गरी पोखरा वडा नं ७, ८, २५, १३ मा बाल संरक्षण र बालश्रम न्यूनिकरण | टोली र उद्योग वाणिज्य संघसँग पोखरा वडा नं ७, ८, २५, १३, मा बाल संरक्षण र बालश्रम न्यूनीकरण सम्बन्धी घरदैलो कार्यक्रम र सडक नाटकद्वारा सचेतना कार्यक्रम संचालन | |
| | मिति २०७५/०७/१६ गते बसेको कार्यालय बैठकको निर्णयानुसार स्वीकृत कार्यक्रम | | | | | | | | |
| १ | ट्होंटे पर्व मनाउन | ६९०४ | | | | १०० | तमुधि. नेपाल पोखरा म.न.पा ९ | | |
| २ | तायामचा (गाईजात्रा) नृत्य प्रदर्शन | ८०२७ | | | | ५० | वडा नं ४ | | |
| ३ | मिडिया कप भलिबल | | | | | ३० | क`भ सिटी मिडिया,पोखरा म.न.पा १६ | | |
| ४ | पिपिएल खेल सहयोग | ६५०३ | | | | १०० | पोखरा पल्टन क्रिकेट टीम | | |
| ५ | सांस्कृतिक कार्यक्रम | ८०२७ | | | | २० | पोखरेली न्यूज नाइट | | |
| ६ | तीज मेला | २२५२९ | | | | ५० | हिमालय युवा क्लब, पोखरा मनपा १६ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विविध | | | | | | | | |
| १ | ज्येष्ठ नागरिक परिचयपत्र वितरण | | | | ६२ | | पोखरा महानगरपालिकाका ३३ वटै वडा | | |
| २ | महानगरपालिक स्तरीय परियोजना सल्लाहकार समिति बैठक | | | | २ | | पोखरा महानगरपालिकाको सभाहल | सात वटा संस्थालाई परियोजना स्विकृत भएको | |
| ३ | तालिम संचालनको लागि अनुमति तथा सिफारीस पत्र | | | | ९ | | पोखरा महानगरपालिकाभित्र | नौ वटा संस्थालाई तालिम संचालनको लागि अनुमति तथा सिफारीस भएको | |
| ४ | अपांगता परिचयपत्र को कार्य विधि तयार | | | | | | पोखरा महानगरपालिकाभित्र | कार्यपालिकाको बैठकमा पारित हुन बांकी | |
| ५ | दोभाषे राख्नको लागि कार्य विधि तयार | | | | | | पोखरा महानगरपालिका | कार्यपालिकाको बैठकमा पारित हुन बांकी | |

### ३.३ सहरी पूर्वाधार महाशाखा

| सि नं | विवरण | इकाइ | निर्माण सम्पन्न प्रतिवेदन गरिएको | प्रगति | खर्च रु. हजारमा |
|---|---|---|---|---|---|
| १ | सडक-पक्की कालोपत्रे | २७५४.५ | ११५८ मी. | ५ निर्माणाधीन २ सम्पन्न | ७९४७ |
| २ | सडक ढलान | १६९५ | | ५ निर्माणाधीन | ४३१८ |
| ३ | सडक मर्मत सम्भार | १४२८ | | ५ निर्माणाधीन | ५८५ |
| ४ | सडक स्तरोन्नति | १०७० | घछ मि. | ५ निर्माणाधीन<br>१ सम्पन्न | ७९० |
| ५ | पुल कल्भर्ट | ६ मी. | ६ मी. | १ सम्पन्न | ४३८ |
| ६ | सिँचाइ तथा नदी नियन्त्रण, नहर मर्मत | १०० मी | ११० मी | १ सम्पन्न | ६५ |
| ७ | नदी नियन्त्रण तट्बन्ध | ५० मि. रिटेनिङ वाल | १८ मि. | १ सम्पन्न | १३५९ |
| ८ | खाने पानी पाइप विस्तार | ५ स्थानमा | | ३ निमार्णधीन<br>२ सम्पन्न | १६५० |
| ९ | सामुदायिक भवन | १ मन्दिर<br>६ भवन मर्मत | ५ भवन मर्मत सम्पन्न | २ निमार्णधीन<br>५ सम्पन्न | २२१९७ |
| १० | वडा काार्यलय मर्मत | ३ वटा | | | |
| ११ | कम्पाउन्ड/ तारबार सार्वजनिक | | | | |
| १२ | जग्गा संरक्षण | | | | |
| १३ | अधुरा योजना | | | २०९ सम्पन्न | ७३०१३ |
| १४ | विद्युत पोल | ८ स्थान | | १ निर्माणधिन | १३६ |

### ३.४ सूचना प्रविधि प्रगति विवरण

- महानगरको ३३ वटै वडा कार्यालायहरुमा सूचना अधिकारी नियुक्त गर्ने सम्बन्धमा आवश्यक पत्राचार गरी वडाहरुमा सूचना अधिकारीको व्यवस्थापन भएको ।
- सम्पूर्ण वडाहरुर्लाइ केन्द्रीकरण इन्टरनेट र इन्ट्रानेट सेवा सुरु गरिएको ।
- वडा कार्यालयमा राजश्व सेवा डिजिटल घर नक्सा सेवा सुरु गर्न प्राविधिक कार्य गरिएको ।
- महानगरको वडा नं २९, वडा नं ९ र वडा नं १५ का पुस्तकालयमा डिजिटाइज **(Maintenance)** एवं सञ्चालनको लागि सम्भाव्यता अध्ययन ।

### ३.५ शैक्षिक प्रशासन महाशाखा

- शिक्षक तथा कर्मचारीहरुको नियुक्तिका लागि विद्यालयहरुलाई अनुमति प्रदान गरिएको ।
- महानगरपालिकाभित्रका सम्पूर्ण सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुको केन्द्रकायम गरी आव ०७५/७६ मा शैक्षिक प्रशासन महाशाखाद्वारा सम्पादित हुने कार्यक्रमहरुको अभिमुखीकरण कार्यक्रम सञ्चालन ।
- राष्ट्रिय शिक्षा दिवस र अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा विविध सांस्कृतिक कार्यक्रम सहित माध्यामिक विद्यालयस्तरीय हाजिरीजवाफ प्रतियोगिता तथा आधारभूततहको चित्रकला प्रतियोगिता सञ्चालन गरी मनाइएको ।

### ३.६ स्वास्थ्य महाशाखा

- वार्षिक समीक्षा गोष्ठीको आयोजना गरिएको ।
- बर्थिङ सेन्टरको लागि ७ जना अनमी करारमा लिइएको ।
- महामारी नियन्त्रण कार्यक्रम अर्न्तगत डेंगु रोग तथा भाइरल ज्वरो नियन्त्रण सम्बन्धी कार्यक्रम गरिएको ।
- डेंगु रोग तथा भिटामिन ए सम्बन्धी स्वास्थ्य सन्देश प्रकाशन तथा प्रशारण गरिएको ।
- मासिक बैठक, स्वास्थ्य संस्था अनुगमन लगायत अन्य नियमित कार्यहरु गरिएको ।

### ३.७ भण्डार तथा आपूर्ति शाखाः

- आर्थिक प्रशासन महाशाखासँगको समन्वयमा आव ०७५।७६ का छपाई तथा स्टेसनरीको टेन्डर प्रक्रिया सम्पन्न ।

### ३.८ वातावरण शाखा

- विपद व्यवस्थापन कोष वार्षिक विनियोजन रु. ३ करोडमा
  - ➢ ग्याबिन जाली भर्ने वडा नं. ५ रकम रु. २६,१२३।-
  - ➢ कमल पोखरी तथा मानव बस्ती संरक्षणका लागि ग्याबिन वाल वडा नं १३ रु. ११५,५९०।-
  - ➢ रिटेनिङ वाल लगाउने वडा नं रु. ३१,२५९,८०५।७

### ३.९ सहरी गरिबी न्यूनीकरण तथा सामाजिक परिचालन शाखाः

- गरिबी न्यूनीकरण तथा आय आर्जन तर्फको ऋण लगानी तथा ऋण असुलीको प्रगति विवरणः
  - ➢ सुरक्षा पालुवा बहुउद्देशीय सहकारी संस्थालाई ऋण निकासा रकम रु. ४०,००,०००।-
  - ➢ तालनगरी कृषि सहकारी संस्थालाई ऋण निकासा रकम रु. ४०,००,०००।-
  - ➢ ऋण असुलीको प्रगति रु. १,५४४,५४६
  - ➢ व्याज आय रु. ३१६,५३०

### ३.१० पञ्जीकरण तथा सामाजिक सुरक्षा शाखा

- सामाजिक सुरक्षा सम्बन्धी तालिम सञ्चालन
- सामाजिक सुरक्षा भत्ता पहिलो चौमासिक वापत २६५४४ लाभग्राहीहरुलाई रु. १८,६१,९२,२४०।- निकासा ।
- ७२ वटा घटना दर्ता संशोधन भएको ।
- घटना दर्ता जन्म :- २३२२ मृत्यु :- ५३७ विवाह :- ५३ सम्बन्ध विच्छेद :- ५३७ बसाइसराई आउने :- २१८ बसाइसराई जाने :- ७५

### ३.११ निरीक्षण शाखा

- छाडारुपमा छोडिएका चौपायाहरुलाई नियन्त्रणमा लिई काञ्जी हाउसमा राखिएको ।
- निषेधितस्थानमा व्यापार गर्ने हरुलाई कारबाही गरी ७७ हजार रुपैयाँ राजश्व संकलन गरेको

### ३.१२ आन्तरिक लेखा परीक्षण शाखा

- आव ०७४।७५ को आलेप कार्य सम्पन्न गरी प्रारम्भिक प्रतिवेदन तयार गरिएको ।

### ३.१३ सहकारी शाखा

- महानगरपालिकाभित्र सञ्चालित कुल ३१८ सहककारी मध्ये ७८ वटा सहकारीबाट साधारण सभा सम्पन्न गरी साधारण सभाको निर्णयको प्रतिलिपी र लेखा परीक्षण सम्पन्न गरी सोको प्रतिलिपी प्राप्त गरेको ।

### ३.१४ न्याय कानुन तथा मानव अधिकार प्रवर्द्धन महाशाखा

- महानगर विरुद्ध अदालतमा परेका मुद्दा दर्ता  ८ वटा
  - ➢ उच्च अदालत पोखरा  ४ वटा

  रिट खारेज  १ वटा
  तामेलीमा  १ वटा
  चालु अवस्थामा  २ वटा
  - ➢ सर्वोच्च अदालत काठमाडौं

  ४ वटा विचाराधीन
- अन्य उजुरी तथा निवेदन
  जम्मा दर्ता ८७
  कार्य सम्पन्न ७१ (१६ जवाफको लागि प्रतिवेदन आउन बाँकी)
- न्यायिक समितिमा पेश भएको विवादहरु
  - ➢ सम्बन्ध विच्छेद ६ वटा दर्ता भएकोमा ५ विचाराधीन र १ कार्य सम्पन्न गरेको ।
  - ➢ इज्जत आमद खान लाउन नदिएको १ वटा विचाराधिन अवस्थामा रहेको ।
- महिला परामर्श सेवा तथा अन्य कानुनी परामर्श सेवा प्रदान गरेको ।

### ४. चुनौती तथा समस्याहरु

नेपालको संविधानले व्यवस्था गरे अनुरुप संघीयताको कार्यान्वयनको क्रममा यस पोखरा महानगरपालिकामा देखिएका चुनौती तथा समस्याहरु निम्नानुसार छन् :

- कर्मचारी व्यवस्थापन
- कानुनी अस्पष्टता : प्रादेशिक तथा स्थानीय कानुन समयमै नबन्दा साझा अधिकारको सूचीमा रहेका कार्यहरु गर्न कानुनी जटिलता कायम छ ।
- स्रोत तथा साधनको उचित व्यवस्थापनमा जटिलता
- असीमित जनअपेक्षा
- जनप्रतिनिधि एवं कर्मचारीहरुका लागि समयसापेक्ष प्रशासनिक तथा कानुनी आधारहरुबारे प्रशिक्षणको अभाव ।

### ५. सुझावहरु:

- संघीय सरकारबाट छिटो भन्दा छिटो कर्मचारी समायोजन गरी स्थायी रुपमा रहने जनशक्तिको व्यवस्थापन सहज रुपमा हुने वातावरण सिर्जना गर्ने ।
- प्रदेश सरकार तथा संघीय सरकारबाट कानुनी आधारहरु समयमै निर्माण गर्नुपर्ने ।
- असीमित आवश्यक्ता तथा स्थानीय तहको कामको चापका आधारमा स्रोत तथा साधनको उचित व्यवस्थापन गर्न प्रादेशिक तथा संघीय सरकारबाट सम्बोधन हुनुपर्ने ।
- तीव्र तथा द्रूत गतिमा विकास निर्माणका कार्यहरुलाई लैजाने ।
- भइरहेका कामको बारेमा जनतालाई सुसूचित गरी जनताको मागको सम्बोधन गर्दै जाने ।
- विभिन्न दातृ तथा अन्य निकायबाट जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि क्षमता अभिवृद्धि लगायतका अन्य तालिमहरु तथा प्रशिक्षण सञ्चालन गर्नुपर्ने ।
- सम्बन्धित क्षेत्रका विज्ञसँगको परामर्शलाई नियमितरुपमा लिने ।

# विद्यालय व्यवस्थापन समिति गठन अभ्यास र आवश्यकता



• **वसन्तराज पौडेल**
शाखा अधिकृत
शिक्षा महाशाखा

पोखरा महानगरपालिकाले शिक्षा परिषद्को व्यवस्था गरी विज्ञताका आधारमा विभिन्न क्षेत्रका विद्धानहरुको प्रतिनिधित्व गरी शिक्षा परिषद् गठन गरेको छ । त्यस्तै कार्यान्वयन गर्न शिक्षा समिति, वडा शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति गठनको व्यवस्था गरेको छ । महानगरको लक्ष्य स्मार्ट नगर निर्माण गर्नेछ । यसका लागि विद्यालयको व्यवस्थापन  समिति गठन, जिम्मेवारी र जवाफदेहीता पनि पूरक विषय भएको हुँदा वहस छलफल गरी उपर्युक्तको खोजीमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । शिक्षामा पहुँच, समता, गुणस्तर र सान्दर्भिकतासहित सक्षमता सम्वद्ध विषयहरुमा विद्यालय व्यवस्थापन समितिको महत्वपूर्ण भूमिका रहन्छ । विद्यालयका सरोकारवाला विद्यार्थी, शिक्षक, अभिभावक, सामाजिक कार्यकर्ता तथा स्थानीय सरकारको संयोजनकारी भूमिकामा विद्यालय व्यवस्थापन समिति हुँदैं आएका छन् र हुनुपर्ने हुन्छ । यस्तो गहन भूमिका रहेको विद्यालय व्यवस्थापन ससमति गठनको अभ्यास र आजको आवश्यकताका सन्दर्भमा केही कुराहरु प्रस्तुत यहाँ गरिन्छ ।

स्मार्ट नगरको शिक्षा व्यवस्थापनले कस्तो अवस्था बनाउनुपर्ला

- विद्यालयमा इन्टरनेटको प्रयोग गर्ने पहुँच सबै विद्यार्थी र शिक्षकको हुनेछ ।
- विद्यार्थी र शिक्षकका बीचमा सहयोगात्मक वातावरण हुनेछ ।
- विद्यार्थीहरु लगनशील। सिर्जनशील र अनुशासित हुनेछन् ।
- शिक्षकहरु तालिम प्राप्त, दक्ष र कर्तव्यपरायण हुनेछन् ।
- अभिभावकहरु आफ्ना सन्ततिको भविष्यप्रति सचेत हुनेछन् ।
- भौतिक व्यवस्थाहरु शिक्षण सिकाइ मैत्री निर्माण र व्यवस्थापन भएको हुनेछ ।
- शिक्षण सिकाइ गर्न आवश्यक शैक्षिक सामग्री व्यवस्थित भएको हुनेछ ।
- बालबालिकाहरुको पोषण र स्वास्थ्यको बारेमा मासिक परीक्षण गरी समूचित व्यवस्थापन भएको हुनेछ ।
- समाजको आकर्षणको केन्द्र बिन्दुको रुपमा विद्यालय हुनेछ ।
- शारीरिक तन्दुरुस्तीको लागि सुरक्षित खेलमैदान र खेलकुदको प्रबन्ध मिलाइएको अवस्था हुनेछ ।
- राष्ट्रिय पाठ्यक्रमका आधारमा स्थानीय पाठ्यक्रम व्यवस्थापन गरिएको हुनेछ ।
- विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापमा सबैले भाग लिने र प्रतिभा प्रस्तुत गर्ने अवसर पाएको हुनेछन् ।
- मानिसको प्राण स्वच्छ, हावा र पानी हो त्यसको लागि हरित विद्यालय र शुद्ध खानेपानीको व्यवस्थापन भएको हुनेछ ।
- समाजको ऐना विद्यालय हो,त्यसैले प्रत्येक परिवारको सदस्यले विद्यालयमा गई आफ्नो मुहार देख्छ र समाज सुधार हुन सक्ने सभ्य र सरसफाइयुक्त विद्यालय हुनेछन् ।
- नेपाल सरकारले २०७२ को महासंकटपछि निर्धारण गरेको संकट व्यवस्थापन सम्बन्धी कार्य महत्वपूर्ण रहेको हुँदा हाम्रो विद्यालयहरु संकट व्यवस्थापन सहजीकरण भएको हुनेछन् ।
- परीक्षा र परीक्षणको वैज्ञानिक आधार तयार गरी मेरो मूल्यांकन हुँदैछ भन्ने डर भन्दा मेरो कार्यको प्रशंसा हुँदैछ भन्ने सोचको विकास गरौं विद्यार्थी मूल्यांकन पद्धति सुधार भएको हुनेछ ।
- शिक्षकहरुको पेशाको मर्यादा शिक्षकहरुमै निहीत हुने हुँदा मर्यादा कायम गर्न गराउन सहयोगी हुनेछ ।
- विद्यालयहरु स्थायित्व हुन विद्यालयमा भएको सम्पत्तिको अधिकतम उपयोग गरी शिक्षण सिकाइमा प्रयोग र संरक्षण गरी राख्न विद्यालयको सम्पत्ति वैयक्तिक लोभको विषय नभएको हुनेछ ।
- शिक्षामा लगानीको खोजी र परीचालनबाट समृद्ध विद्यालय बनाइनेछ ।
- शिक्षामा हरेक विधा र विषयहरुको अभिलेख दुरुस्त राख्ने प्रबन्ध मिलाइएको हुनेछ ।
- विद्यालयको हरहिसाब र कामकारबाही सबैले जानकारी लिन सक्ने गरी पारदर्शिता अपनाइएको हुनेछ ।
- विद्यालय प्रशासन चुस्त र सुव्यवस्थित हुनेछ ।
- विद्यालय र समुदायको प्रत्यक्ष संवाद र आवतजावतका लागि बाटोसहितको नेटवर्क निर्माण भएको हुनुपर्नेछ ।
- नमुना विद्यालय व्यवस्थापन गर्न सक्ने गरी विद्यालय सुधार योजना निर्माण ।

**विगतका विद्यालय व्यवस्थापन समिति गठनका अभ्यास**

- २०१७ सालसम्मको अभ्यासमा वडा हाकिमको प्रत्यक्ष निर्देशनमा स्थानीय बुद्धिजीवी,भलादमीसहितको छिटो छरितो समिति बनाएको हुन्थ्यो जो निर्देशनात्मक रहन्थ्यो ।
- २०१७-२८ सालमा समुदायको संलग्नतामा सहयोग समितिहरु बन्ने र समुदायको सहयोगमा विद्यालयको स्थापना निकास गर्दै जाने व्यवस्था भयो जहाँ प्रत्यक्ष समुदायको भूमिका रहेको थियो ।
- २०२८ सालमा नयाँ शिक्षाको थालनीमा विद्यालयहरु सरकारको योजनानुसार स्थापना सञ्चालन र नियमन गर्ने परिपाटीको थालनी भएकोले समुदायको प्रतिनिधित्व द्वितीय स्थानमा रह्यो । २०४२ सालमा आधारभूत आवश्यकता परिपूर्तिको रुपमा शिक्षा पनि एक महत्वपूर्ण क्षेत्र भएको हुँदा प्रत्येक वडा, वडामा विद्यालय खोल्न र सञ्चालन गर्न लपचलो नीति अवलम्बन हुन गई जनस्तरको समीप्यतामा शिक्षा क्षेत्रको विस्तार र सोही अनुसार व्यवस्थापन हुँदै आयो भने २०४९ देखि पुन विविधता युक्त अवस्थाहरु सिर्जना गरिएका थिए ।
- संविधान सभाले २०७२ मा संविधानको निमार्ण गरी सकेपछि राष्ट्रिय विकासको जनशक्ति तयार गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनूकुल सर्वसाधारण जनताको सदाचार, सृष्टाचार र नैतिकता कायम राख्न मुलुक भित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन भइरहेका विद्यालयको व्यवस्थामा सुधार गर्दै गुणस्तर युक्त शिक्षा ऐन आठौं संसोधन गरी कार्यान्वयन गरेको छ भनी प्रस्तावनामा उल्लेख छ । र त्यस अनुसार सोही ऐन अनुसार अविभावक भेलाबाट उनीहरुले २ महिलासहित ४ जना, प्रधानाध्यापक र शिक्षकहरुले छानेको अर्को शिक्षक गरी शिक्षकको प्रतिनिधित्व २ जना १० वर्षदेखि सहयोग गर्न चन्दादाता मध्ये १ महिलासहित २ जना सम्बन्धित वडाका निर्वाचित व्यक्तिहरु वा निजले तोकिएका व्यक्ति १ गरी निर्वाचित जनप्रतिनिधि, विद्यालयमा निरन्तर सहयोग गरेका व्यक्तिहरु विद्यार्थीका बुबा, आमाहरु, अध्ययन गर्न शिक्षकहरु समाजका बुद्धिजीवी शिक्षा प्रेमी, विद्यालय स्थापनाकर्ताहरुसहितको समिति बन्ने र त्यसले निक्षेपित र अधिकारको प्रयोग गर्न व्यवस्था गरेको थियो ।

यसै आधारमा पोखरा महानगरपालिकाले जारी गरी त्यसमा नियमानुसार व्यवस्थापन समिति गठनको प्रबन्ध गरेको छ ।

१. विद्यार्थीका अविभावकहरुबाट कम्तीमा १ जना महिलासहित ३ जना भेलाले छनोट गर्ने
२. प्रधानाध्यपक पदेन सदस्य
३. वडा अध्यक्षमा निजले तोकिएको व्यक्ति पदेन सदस्य
४. शिक्षा प्रेमी बुद्धिजीवी, पदेन वडा शिक्षा समिति सदस्य सिफारिस गरेका २ जना सदस्य
५. संस्थापक, सहयोग दाता प्रतिष्ठित १ जना सदस्य
६. शिक्षकहरुले छानी पठाएको १ जना सदस्य
विद्यार्थी प्रतिनिधि छात्र १ छात्रा १ आमन्त्रित सदस्य विभिन्न विषय क्षेत्रबाट पर्यवेक्षकसहितको समितिको परिकल्पना गरी सोही अनुसार कार्यान्वयन हुँदै आएको छ ।




**भावी शिक्षा नीति बारे बहस सुरु**

पोखरा महानगरपालिकाको भावी शैक्षिक योजना निमार्ण सम्बन्धी छलफल पनि आरम्भ गरेको छ । २० प्रतिशत पाठ्यक्रम स्थानीय तहले राख्न पाउने प्रावधान अनुसार महानगर सुहाउँदो शिक्षा नीति बनाउन लागेको हो । विशेष गरी महानगरको शिक्षाको अवस्था अहिले कस्तो छ ?, सुधार गर्नुपर्ने पक्षहरु के के हुन् ?, र अबको शिक्षा कस्तो हुनु पर्दछ भन्ने बारेमा छलफल सुरु गरेको छ । शिक्षा महाशाखाको आयोजनामा गत पुस २० र २१ गते धम्पुसमा शिक्षा परिषद्का पदाधिकारीहरु र अन्य शैक्षिक क्षेत्रका व्यक्तिहरुको उपस्थितिमा भावी शिक्षा नीति बारे छलफल भएको हो । अबको महानगरको शिक्षा कस्तो बनाउने भन्ने विषयमा कार्यशाला केन्द्रित थियो । सो अवसरमा महानगरको शिक्षा

कस्तो बनाउने भन्ने बारेमा वृहत रुपमा छलफल भए । छलफलमा सहभागीहरुले प्राविधिक र व्यावसायिक शिक्षामा जोड दिनुका साथै पोखरा पर्यटकीय क्षेत्र भएकाले यसलाई पाठ्यक्रममा राखिनुपर्ने सुझाव दिएका छन् ।

**छलफलका विषयहरु :**

१. आधारभूत शिक्षा
२. माध्यमिक शिक्षा
३. प्राविधिक तथा व्यवसायिक शिक्षा
४. खुला तथा निरन्तर शिक्षा
५. विद्यालय व्यवस्थापन तथा सुशासन
६. प्रारम्भिक बालशिक्षा
७. शिक्षामा गुणस्तर र मुल्यांकन विधि

उपरोक्त विषयगत कार्यपत्र प्रस्तुति र वहस सञ्चालन गरियो । सो अवसरमा विद्यालय व्यवस्थापन समिति गठनमा उल्लेख भएका प्रश्नहरु

**क. शैक्षिक संस्थाहरुको व्यवस्थापन कसरी गर्ने ?**

- विद्यालयमा प्र.अ.व्यवस्था छनोट, समयावधी, जिम्मेवारी कार्य सम्पादन सम्झौता के कस्तो गरी सम्पन्न गर्ने ?
- विद्यालय समुदायले स्थापना र सञ्चालन आएका र सरकारले अनुदान दिने परम्परा हुँदै आएको हुँदा समुदायमा आधारित समिति गठन कसरी गर्ने ?
- समितिका काम कर्तव्य अधिकार प्रदान गर्दा माथि उल्लेखित स्मार्टसिटीको शिक्षामा उल्लेखित विषयहरु निक्षेपित गर्नको के कति प्रदान गर्ने ?
- व्यवस्थापन समिति परिचालन गर्न कार्यविधि कस्तो बनाउने ?
- शैक्षिक संस्थाहरुको तहगत भूमिका के कसरी व्यवस्थापन गर्न (ठूलो जनशक्ति र विद्यार्थी संख्या भएका र न्युन विद्यार्थी र आधारभूत तहमा एउटै समिति रहनेको फरक फरक बनाउने ?
- विद्यालय व्यवस्थापनमा स्थानीय सरकारको भूमिका के कस्तो हुनुपर्ला ?
- वि.व्य.स. समितिका पदाधिकारीको आचारसंहिता उतरदायित्व जिम्मेवारी के कसरी निर्धारण र पालना गराउने ?
- विद्यालय विकास योजना कस्तो र कसरी बनाउनु पर्ला तथा वि.व्य.स. लाई निमार्णमा सहयोग गर्न व्यवस्था कसरी गर्ने ?
- विद्यालयको अनुगमन सुपरीवेक्षण पाठ्क्रम पाठ्यपुस्तक मुल्यांकन प्रविधिहरुको लागि संयोजन कसरी भूमिका कसरी गर्नुपर्ला ?
- अविभावक शिक्षा समुदाय परिचालाका विधि महत्वपुर्ण वि.व्य.स.ले बनाई सञ्चालन गर्न तथा विद्यालयको सम्पत्ति व्यवस्था र परिचालन गर्न के कसरी गर्न उपयुक्त होला भन्ने विषयमा छलफल भए सो छलफलमा २५ जनाको सहभागिता रहेको थियो ?

शिक्षा र जनशक्ति एक अर्काका पूरक हुन । महानगरले आफ्नो क्षेत्रमा आवश्यक जनशक्तिको प्रक्षेपण र विभिन्न स्थानमा हुने मागका आधारमा प्राविधिक तथा व्यावसायिक तालिम तथा अध्ययन संस्थाहरुको मर्म अनुसारको विषयहरुसहित विद्यालयमा शिक्षण सिकाइको स्मार्ट सिटी लक्ष्य अनुसार माथि उल्लेखित बुँदाहरुलाई पूरा गर्न योजनावद्ध रुपमा पोखरा महानगरपालिका लागि परेको छ । शैक्षिक प्रशासन महाशाखाले उक्त भावनालाई पूरा गर्न निरन्तर प्रयास गरिरहेको छ ।

# पोखरामा एक वर्षमा ९१ किमी सडक स्तरोन्नति

# कालोपत्रेभन्दा प्राथमिकतामा ढलान

पोखरा महानगरपालिकाले बाटो पक्की ढलानलाई प्राथमिकतामा राखेर काम गरिरहेको जनाएको छ । पोखरामा बढी पानी पर्ने र त्यसले पिचलाई समेत असर गर्ने भएकाले ढलानलाई महत्व दिँदै काम गरिररहेको महानगरका योजना शाखा प्रमुख शारदामोहन काफ्लेले बताउनुभयो ।

महानगरले सडक ढलान गर्न सञ्चालन गरेका योजना ८० प्रतिशत पूरा गरेको दाबी गरेको छ । विभिन्न वडामा ५६ किलोमिटर बाटो ढलान गरेको महानगरपलिका योजना शाखा प्रमुख काफ्लेले सुनाए । महानगरले आर्थिक वर्ष ०७४/७५ मा स्थानीय भौतिक पूर्वाधार विकास अन्तर्गत बाटो ढलान योजना सञ्चालन गरेको थियो ।

'पोखरा एकदमै पानी पर्ने ठाउँ हो । कुनै ठाउँमा पिच गर्दा पनि त्यो टिकाउ हुँदैन । बाटोको आयु लम्ब्याउन पनि महानगरले सकेसम्म ढलानलाई प्राथमिकतामा राखेको छ,' काफ्लेले भने, 'बाटो ढलान गर्न ३ सय ८० योजना ल्याएका थियौं, त्यसमध्ये ७७ वटा योजना मात्रै बाँकी रहे ।' महानगर क्षेत्रभित्र पर्ने विभिन्न सडक खण्डमा बाटो स्तरोन्नतिमात्रै नभएर ढलान गरी सुरक्षित बनाएको शाखा प्रमुख काफ्लेले जनाउनुभयो ।

गत आर्थिक वर्षमा महानगरभित्रका बाटो कालोपत्रे तथा पक्की गर्ने काम ७६ प्रतिशतमात्रै काम भएको छ । कतिपय वडासँग समयमै सम्झौता हुन नसकेको र जनसहभागिता ढिलाई भएकाले काममा पनि असर परेको काफ्लेले प्रस्ट्याउनुभयो । 'कतै सम्झौता भएपनि बाटो चखल्याउने बेला व्यक्तिले छोड्नु भएन । कतै पानी ट्यांकी पऱ्यो । जसका कारण पनि काममा ढिलो भयो,' उनले भने ।

महानगरले गतवर्ष ९१ किलोमिटर बाटो स्तरोन्नति गरेको छ । 'सडक स्तरोन्नति महानगरले ८७ प्रतिशत गरेको छ । महानगरले सञ्चालन गरेको सडक स्तरोन्नति काम धेरै काम सकिएको छ । केही काममात्रै बाँकी छन् । ती काम पनि यही आर्थिक वर्षमा पूरा गर्नेछौं,' उनले भने । महानगरले १ सय ८० वटा सडक स्तरोन्नति योजना सञ्चालन गरेको थियो ।

शाखा प्रमुख काफ्लेका अनुसार महानगरले नयाँ सडक पिच ५० र पुरानालाई मर्मत, गटर, पिचसँगै ढलान गर्न ४१ वटा योजना चलाएको थियो । 'पक्की तथा कालोपत्रे काम महानगरले ७६ प्रतिशत गऱ्यो,' उहाँले भन्नुभयो । महानगरले ढलानलाई नै प्राथमिकतामा राखेर काम गरिरहेकाले कालापत्रेको काम कम भएको उहाँले बताउनुभयो ।

'महानगरभित्रका पुराना तथा भत्किएका बाटा मर्मत, गटर, पिचसँगै नाला निर्माण पनि गऱ्यौं,' काफ्लेले भन्नुभयो, '३० किलोमिटर किलोमिटर बाटो कालोपत्रे र पक्की बनायौं । चौडाइ २० फिटभन्दा माथिका बाटामा मात्रै कालोपत्रे गरेका छौं ।' पुराना बाटालाई मर्मत गरेर कालोपत्रे गर्दा भने सानो चौडाइ भएको बाटोमा समेत कालोपत्रे गरेको उनले प्रस्ट्याउनुभयो ।

महानगरपालिकाले सञ्चालन गरेका २६ वटै ग्राभेल बाटो भने पूरा गरेको छ । ग्राभेल बनाउने बाटो बारे योजना आकस्मिक हुने हुनाले सबै काम समयमै पूरा गरेको महानगरले जनाएको छ । महानगरले गत आर्थिक वर्षमा ५ किलोमिटर बाटो ग्राभेल गरेको थियो । 'बाटो ग्राभेल गर्ने काम गुनासो आयो या आवश्यक पऱ्यो भने छिटै गर्नुपर्ने हुन्छ । यसलाई हामी आकस्मिक सेवा विधामा राखेर काम गर्दै आएका छौं, गुनासा तथा माग भएका सबै बाटो ग्राभेल गरिसक्यौं,' काफ्लेले भन्नुभयो । शाखा प्रमुख काफ्लेका अनुसार महानगरले गत वर्ष थालेको योजनामा अनुसार ८७ प्रतिशत सडक स्तरोन्नति गरेको छ । सडक स्तरोन्नति अन्तर्गत १ सय ८० योजनामध्ये काम सकिन २३ योजनामात्रै रहेको उहाँले सुनाउनभयो । महानगरले गत आर्थिक वर्षमा ३५ किलोमिटर कच्ची बाटो र ४ किलोमिटर नयाँ ट्र्याक खोलेको थियो ।

**महानगले गरेको स्थानीय भौतिक पूर्वाधार विकास**

| योजना विवरण | सम्पन्न योजना | चालु योजना | लम्बाई (किमी) | बजेट खर्च |
|---|---|---|---|---|
| सडक ट्र्याक कच्ची | १६ | ५ | ४ | ७२ लाख |
| ग्राभेल | २६ | ० | ५ | ४६ लाख |
| कच्ची बाटो निर्माण | ८४ | २२ | ३५ | ७ करोड ३४ लाख |
| सडक स्तरोन्नति | १ सय ५७ | २३ | ९१ | १३ करोड ४८ लाख |
| पक्की/कालोपत्रे | ६९ | २२ | ३० | १३ करोड ४१ लाख |
| पक्की ढलान बाटो | ३ सय ८० | ३ सय ३ | ७७ | ३० करोड ८७ लाख |



**विकास रोकामगर**

# अग्नीजन्य विपद र वारुणयन्त्र



• मन क्षेत्री

विपद् व्यवस्थापनमा अग्नि नियन्त्रकको भूमिका महत्वपूर्ण हुन्छ । महानगरले अग्नीजन्य विपद्मा नगरबासीलाई यो सेवा निशुल्क रुपमा प्रदान गरेर विगतदेखि नै आफ्नो दायित्व निर्वाह गरिरहेको छ । निजीस्तरबाट निर्मित ठूलाठूला सपिङ मल, होटल तथा रेस्टुरेन्ट, पार्टी प्यालेस, सिनेमा घरमा मानवको भीडभाड धेरै र प्राय हुने स्थानहरुमा अग्नीजन्य विपद्बारे अझैपनि पर्याप्त सचेतता अपनाइएको पाइँदैन । जसका कारण अग्नि नियन्त्रणका लागि पोखराले मुख्यत् महानगरले प्रदान गर्दै आइरहेको सेवामा नै भर पर्नुपर्ने अवस्था छ ।

२०२८ साल मंसिर १८ गते पोखराको फूलबारीबाट एक जर्मन दमकल मार्फत् साविक नगरपञ्चायतले पोखरामा बारुणयन्त्रको सेवा सुरु गरेको हो । २०३२ सालदेखि यसको कार्यालय पोखराको नयाँबजारमा सर्‍यो भने हाल शान्तिवन बाटिकाबाट महानगरले यो सेवा प्रदान गर्दै आइरहेको छ । हाल, महानगरसँग छिमेकी देश चीनले सहयोग गरेका २ वटा Dong Fong दमकल, रोटरी क्लब पोखराको पहलमा बेलायतबाट सहयोग स्वरुप प्राप्त सानो आकारको Ford Ranger र साविक लेखनाथ नगरपालिकाको एउटा इन्डियन दमकल गरी चार वटा दमकल चालु अवस्थामा छन् भने टाटा कम्पनीको एउटा इन्डियन दमकल पुरानो भई थन्किएको अवस्थामा छ । महानगर र आसपासका जिल्लाहरुमा समेत आपतकालीन सेवा प्रदान गर्दै आइरहेको दमकलमा हाल ८ जना अग्नि नियन्त्रक कार्यरत छन् ।

अव्यवस्थित रुपमा बढ्दो सहरीकरण र सचेतनाको कमीले गर्दा वर्षेनी आगलागीजन्य घटनाहरुमा वृद्धि भएको छ । आर्थिक वर्ष २०७२/०७३ मा ७६ स्थानमा आगलागी भएको थियो भने ०७३/०७४ मा १ सय २३ वटा आगलागीको घटना घटेका छन् । गत आव २०७४/०७५ मा १ सय ३० स्थानमा आगलागी भएको तथ्यांक महानगरको बारुणयन्त्र शाखामा छ भने चालु आवमा मात्रै ६९ वटा आगलागीका ठूला साना घटना घटेका छन् । आगलागीका कारण त्यस्तो अप्रिय मानवीय क्षति नभएपनि करोडौंको धनमाल नष्ट भएको छ । अग्नि नियन्त्रणको प्रयासमा स्वयं अग्नि नियन्त्रक तथा सर्वसाधारणहरु घाइते भएका छन् ।

महानगरका मुख्य बजारक्षेत्रमा हुने आगलागीका घटनाहरुमा मुख्यत् ग्याँस चुहिएर र विद्युत सर्ट भएर हुने आगलागी प्रमुख देखिएका छन् । विद्युतीय उपकरणहरुको सही प्रयोग र व्यवस्थापनसँगै काम सकिएपछि विद्युत अफ गर्ने, ग्याँस रेगुलेटर र पाइप बेला बेलामा सफा गर्ने, प्रयोग गरिसकेपछि नबिर्सिकन ग्याँस बन्द गर्ने जस्तो सामान्य सावधानीसमेत नअपनाउँदा करोडौंको क्षति भएका घटनाहरु घटेका छन् । महानगरकै सहरोन्मुख क्षेत्रमा भने धान परालका टौवाहरु तथा वन क्षेत्रमा बढी आगलागी हुने गरेको छ ।

आगलागीजन्य घटनामा दमकललाई बढ्दो ट्राफिक जाम, दमकलको साइरन सुन्दापनि सडक नछाड्ने सवारी, अव्यवस्थित रुपमा टाँगिएको विद्युत, टेलिफोन तथा केबलका तारहरु, छाडा पशु चौपायाले प्रभाव पार्ने गरेका छन् । सहरका आवास क्षेत्रहरुमा दमकल छिर्न नसक्ने प्रकारका साँघुरो बाटो तथा गल्लीका कारण महानगरले चाहेरपनि कतिपय त्यस्ता स्थानमा दमकलको सेवा प्रदान गर्न असमर्थ हुनुपर्ने अवस्था छ । महानगरका सबै स्थानमा पानीका खुल्ला स्रोतहरु छैनन् । भएका स्रोतहरु मासिँदै जान






**अग्नि नियन्त्रणमा प्रयोग गरिने पोशाकसहित अग्नि नियन्त्रणको तयारी अवस्थामा शाखा इन्चार्ज रामजी केसी।**

थालेका छन् । आगो नियन्त्रणका लागि आगलागी भएकै क्षेत्र वरपरबाट दमकलले पानी तान्न सक्ने अवस्था हुँदा आगलागीको क्षति कम हुन्छ । मापदण्ड विपरीत निर्माण भएका अग्ला अग्ला घरहरुमा अग्नि नियन्त्रण गर्ने उपकरणहरु महानगरसँग छैनन् । भएको उपकरणले त्यस्ता घरहरुको आगो नियन्त्रण गर्नुपर्ने जोखिम एकातिर छ भने अर्कोतिर त्यस्ता अग्ला भवनहरु बन्नेक्रम निरन्तर जारी नै छ ।

समाजका अन्य धेरै विषयहरुमा विभिन्न खाले सचेतनामूलक कार्यक्रमहरु भइरहँदा आगोजन्य विपद् न्युनीकरण र नियन्त्रणसँग सम्बन्धित सचेतनामूलक कार्यक्रमहरु अत्यन्तै न्यून हुने गरेका छन् । निजी स्तरबाटसमेत यस्तो प्रकारका सचेतनामूलक कार्यक्रमहरु हुन जरुरी छ । सार्वजनिक सवारी, सार्वजनिक स्थलहरुमा दमकल, एम्बुलेन्स, प्रहरी प्रशासन, आकस्मिक सेवाको सम्पर्क नम्बर स्पस्ट देखिने गरी राखिनु जरुरी छ भने ठूला-ठूला होटल, रेस्टुरेन्ट, सिनेमाघर, हस्पिटल, विद्यालय सपिङमलमा अग्नि नियन्त्रण गर्ने उपकरणहरु अनिवार्य गर्नुपर्ने देखिन्छ ।

उप-महानगरबाट क्षेत्रविस्तार भई बृहत महानगर बनेपछि एउटै स्टेसनबाट प्रवाह भइरहेको दमकलको सेवालाई क्षेत्र छुट्टयाएर सब स्टेसनको अवधारणामा जानु पर्दछ । पायक पर्ने स्थानमा सब स्टेसनहरु राखेर दमकलको सेवा प्रवाह गर्दा बाटोको समय छोट्टिएर आगोजन्य विपद्को क्षति कम हुने सम्भावना रहन्छ । महानगरसँग हाल भइरहेका दमकल पोखराको सबै गल्लीहरुमा प्रवेश गर्न समस्या हुने भएका कारण स-साना आकारका दमकलको आवश्यकता खड्किन थालेको छ ।

# सार्वजनिक हितमा जारी सूचनाहरू

- **पेट्रोल, डिजेल मट्टितेलजस्ता अत्याधिक प्रज्वलनशील पदार्थ घरमा नराखौं।**
- **सुख्खायाममा आगलागीको जोखिम अधिक हुन्छ। बालबच्चाहरुले भेट्ने ठाउँमा सलाइ, लाइटर जस्ता चिजहरु नराखौं। वन जंगल प्रवेशमा सलाइ लाइटरलाई निषेध गरौं।**
- **प्रयोग गरिसकेपछि ग्याँस रेगुलेटर बन्द गरौं। विद्युतीय स्विच अफ गरौं। तपाईहरुको बस्ति, टोल छिमेकमा आगलागीजन्य घटना घटेको अवस्थामा तपाईले १०१ वा ५२०२२२ मा सम्पर्क गरि दमकललाई खबर गर्न सक्नुहुनेछ।**

**पोखरा महानगरपालिका**

# स्वास्थ्य नीति तथा कार्यक्रम



• **राजुरमण न्यौपाने**
खोप अधिकृत
स्वास्थ्य महाशाखा

नेपालको संविधानमा प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने अधिकार मौलिक हकमा व्यवस्था गरेको छ । राज्यलेसबै वर्ग, लिंग, धर्म, जातजाति तथा समुदायका सम्पूर्ण नेपालीहरुलाई सर्वव्यापी (जहिले पनि जहा पनि) सिद्धान्तका आधारमा बिना भेद्भाव स्वास्थ्य सेवामापहुँच पुर्‍याउन राज्यको दायित्व तथा प्राप्त गर्ने नागरिकको मौलिक अधिकार सुनिश्चित गरेको अवस्थामा पोखरा महानगरपालिकाले नगर बासीहरुको स्वास्थ्य रहन पाउने मौलिक हकको सुनिश्चित गरी स्वस्थ नागरिकारा राज्यको दिगो विकासमा योगदान गर्न सक्ने नागरिक बनाउने कार्यलाई प्राथामिकता दिँदै स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गरी गुणस्तरीय स्वास्थ्य सेवामा समान पहुँच स्थापित गर्दै दीगो विकास हासिल गर्ने नीति लिएको छ । साथै महिलाहरुको प्रजनन् अधिकार सुदृढ गर्दै स्वास्थ्य सेवाको उपलब्धता तथा उपभोगमा वृद्धि गरी मातृ तथा शिशु स्वास्थ्यमा सुधार ल्याउने गरी निम्न अनुसरको नीति तथा कार्यक्रमहरु कार्यान्वयनमा ल्याउने गरी कार्यहरु अगाडि बढाइएको छ ।

यस महानगरपालिका २०१६ मा नगरपालिकाकोरुपमा स्थापना भई २०५२ माघ १८ मा उपमहानगरपालिका हुँदै २०७३ मा महानगरपालिकामा परिणत भयो । पोखरा महानगरले नगरपालिका हुँदैको अवस्थामा २०४८ मा नगरबासीलाई स्वास्थ्य सेवा उपलब्ध गराउन जिल्ला जनस्वास्थ्य कार्यालयको सहयोगमा एक जना स्टाफ नर्स र एक जना अ.न.मी. गरी दुई जना कर्मचारीबाट मातृशिशु स्वास्थ्य केन्द्रको रुपमा वडामा नै सामान्य स्वास्थ्य सेवा उपलब्ध गराई स्वास्थ्य सेवाको सुरुवात गरेको पाइन्छ । त्यस्तै गरी २०४९ मा एक देखि १८ वडा कार्यालयहरुमा नगरपालिकाबाटै आमा र शिशु सम्बन्धी स्वास्थ्य सेवा सुरुवात गरी सेवा विस्तार भइरहेको छ ।

देश संघीय शासन व्यवस्थामा गएकोले सोही बमोजिम महानगरमा स्वास्थ्य महाशाखाको स्थापना गरी महानगरको सिमाना भित्र परेका एक अस्पताल, २ प्राथमिक स्वास्थ्य केन्द्र १ सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र, १९ स्वास्थ्य चौकी, १३ वटा सहरी स्वास्थ्य केन्द्र, ८८ गाउघर क्लिनिक, ११२ खोप केन्द्र र ६५४ महिला स्वास्थ्य स्वंय सेवकहरु मार्फत् स्वास्थ्य सेवा प्रवाह गरिरहेको छ । स्वास्थ्य सेवालाई अझ बढी छिटो छरितो स्वास्थ्य सेवा सर्वसुलभ रुपमा उपलब्ध गराउन स्वास्थ्य नीति २०७४ पारित गरी सोही बमोजिम कार्यक्रमहरु सञ्चालित छन् ।

**भावी सोच :** महानगरबासीलाई शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रुपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवन यापन गर्न सक्षम बनाउने ।

**ध्येय** महानगरबासीको स्वस्थ रहन पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने ।

**लक्ष्य :** न्यायसंगत एवं जवाफदेही स्वास्थ्य सेवा प्रणलीको माध्यमबाट गुणस्तरीय स्वास्थ्य सेवामा महानगरवासीको पहूँच वृद्धि गर्ने ।

**उद्देश्य** : महानगरीय स्वास्थ्य नीति २०७४ का मुख्य उद्देश्यहरु

क) मौलिक अधिकारको रुपमा रहेको आधारभूत स्वास्थ्य सेवा निशुल्क उपलब्ध गराउने ।

ख) प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणाली मार्फत् गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने ।

ग) महानगरवासीको स्वास्थ्य सुरक्षा अभिवृद्धि गर्ने ।

घ) स्वास्थ्य सेवा प्रवाहमा बहू साझेदारी र जनसहभागिता प्रवर्द्धन गर्ने ।

**महानगरीय स्वास्थ्य नीतिले समेटेका विषयहरु :**

१. गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच ।

२. सम्पूर्ण वडाहरुमा स्वास्थ्य संस्था स्थापना गर्ने ।

३. चिकित्सक सहितको स्वास्थ्य सस्था स्थापना गरी चिकित्सकीय सेवा उपलब्धता ।

४. मातृ, शिशु तथा ज्येष्ठ नागरिकहरुलाई समुदाय स्तरमा स्वास्थ्य सेवा उपलब्धता ।

५. नवजातशिशु मृत्युदर, शिशु मृत्युदर, बाल मृत्युदर, मातृमृत्युदर घटाउन तथा औसत आयु बढ्ने गरी स्वास्थ्य कार्यक्रमहरु सञ्चालन ।

६. नगरबासीको खाने बानीमा परिवर्तन गराउन पोषणयुक्त र स्वस्थकर खानेकुराको चेतना अभिवृद्धि गर्दै पोषण कार्यक्रमलाई

थप प्रभावकारी ।

७. बाल स्वास्थ्य, परिवार स्वास्थ्य, रोग नियन्त्रण, स्वास्थ्य शिक्षा, सरसफाइ लगायतका स्वास्थ्य कार्यक्रमहरुको प्रभावकारी रुपमा कार्यान्वयन

८. थप व्यवस्थित र जन उत्तरदायी स्वास्थ्य सेवा प्रवाह ।

९. निजी, गैर सरकारी तथा सामुदायिक संस्थाहरुलाई महानगरपालिकाको दायरा भित्र समेटी सेवाको मूलप्रवाहीकरण ।

१०. "स्वस्थ नागरिक स्वस्थ सहर" कार्यक्रम सञ्चालन ।

११. विद्यार्थीहरुलाई आफ्नो र परिवारको स्वास्थ्यप्रति सजग बनाउने गरी विद्यालय स्वास्थ्य कार्यक्रम ।

१२. जनताको स्वास्थ्यलाई स्थानीय विकासको प्रमुख मुद्दाका रुपमा स्थापित गरिने ।

१३. आयूर्वेद तथा वैकल्पिक स्वास्थ्य कार्यक्रमहरुको प्रोत्साहन तथा प्रवर्द्धन ।

१४. महानगरमा बढ्दो जनसंख्या, बसाइसराई लगायत जनसंख्याका विविध आयामहरु र सो बाट आउन सक्ने स्वास्थ्य समस्याको समाधान एवं विविध जनसंख्या सम्बन्धि कार्यक्रमहरु ।

**कार्यनीति तथा कार्यक्रमहरु**

माथि उल्लेखित स्वास्थ्य नीतिले समेटेका विषयबस्तुहरुको सफल तथा प्रभावकारी कार्यान्वयन गर्न र नीतिले अंगिकार गरेका उपलब्धिहरुको प्राप्तीका लागि निम्नानुसारका कार्यक्रमहरु सम्पन्न गरिने ।

**बाल स्वास्थ्य कार्यक्रम**

पूर्णखोपको दीगोपनालाई कायम राख्न नियमित खोप सेवालाई थप प्रभावकारी बनाउँदै वैशाख महिनामा खोज र खोप अभियान कै रुपमा सञ्चालन गरिनेछ । स्वस्थ, पोषण युक्त र अर्गानिक खानाको प्रवर्द्धन गर्दै कुपोषणरहित महानगर बनाउन थप पोषण कार्यक्रमहरु कार्यान्वयनमा ल्याइने । समुदायमा आधारित एकीकृत नव शिशु तथा बालरोग व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी बनाउँदै उपचार तथा रेफर प्रक्रियालाई संस्थागत गराइने ।

**परिवार स्वास्थ्य कार्यक्रम**

महानगर अन्र्तगतका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा वर्षै भरी ५ वटै परिवार नियोजनाका अस्थायी साधनहरु उपलब्ध हुने व्यवस्था मिलाइ अपूर्ति मागको सम्बोधन गर्दै अनिक्षित गर्भधारण तथा बढ्दो गर्भपतन सेवालाई निरुत्साहन गरिने । केन्द्र, प्रादेशिक सरकार, निजी तथा सरकारी संस्थाहरुको सहयोग तथा समन्वयमा परिवार नियोजन क्याम्प लगायत अन्य गतिविधिहरु सञ्चालन गरिने । दुई वर्ष मुनिका बालबालिका तथा तिनीहरुका आमाहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै लिनुपर्ने सेवाको ट्याकिङ हुने गरी सेवामा नियमित गराई सेवा दिन "स्वस्थ आमा स्वस्थ बच्चा" कार्यक्रम सञ्चालन गरिने । संस्थागत गर्भजाँच तथा सुत्केरी सेवालाई प्रोत्साहन गरिने । महिलाहरुमा देखिने पाठेघर र स्तन क्यान्सरसम्बन्धी समस्याहरुको रोकथामका लागि सचेतना तथा स्क्रिनिङ क्याम्पहरु सञ्चालन गरी युट्रस प्रोल्याप्सको निशुल्क अप्रेसन गर्ने गरी कार्यक्रम सञ्चालन गरिने । आकस्मिक प्रसूति सेवालाई व्यवस्थित बनाउन बर्थिङ सेन्टरहरुको प्रभावकारी सञ्चालन तथा आकस्मिक रक्त सञ्चार सेवा सञ्चालन गरिने ।

**रोग नियन्त्रण कार्यक्रम**

महानगर भित्र फैलन सक्ने सरुवा रोगहरुको रोकथामको लागि जनचेतना मूलक कार्यक्रमहरु सञ्चालन गरिने । महामारी नियन्त्रणका लागि पूर्व तयारी स्वरुप औषधी तथा उपकरणसहितको आरआरटी गठन गरी तयारी अवस्थामा राखिने । बढ्दै गएका नसर्ने रोगहरुको रोकथामको लागि जनचेतना मूलक कार्यक्रमहरु सञ्चालन गरिने । क्षयरोगको नियन्त्रण तथा राष्ट्रिय लक्ष्य प्राप्त गर्न माइक्रोस्कोपी, क्याम्प, जनचेतना, सिबि डट्स लगायतका कार्यक्रमहरु कार्यान्वयन गरिने । जोखिम युक्त स्थानहरुमा कुष्ठरोग सम्बन्धी क्याम्प तथा जनचेतना कार्यक्रम गर्नुका साथै कुष्ठरोग नियन्त्रणका लागि हरियोखर्क अस्पतालसँग सहकार्य गरिने ।

**महिला स्वास्थ्य स्वंयम सेवक कार्यक्रम**

महिला स्वास्थ्य स्वयम सेवक कार्यक्रमलाई समयानुकुल बनाइने तथा ६० वर्ष उमेर पुगेका म.स्वा.स्वं.सेवकहरुलाई सम्मानसहित अनिवार्य रुपमा बिदाई गर्ने गरी रकम तथा कार्यक्रम सञ्चालन गरिने ।

**स्वास्थ्य सूचना व्यवस्थापन कार्यक्रम**

महानगर भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा इन्टरनेट जडान गरी अनलाइन रिपोर्टिङ तथा अन्य कामहरु अनलाइनबाटै गर्ने व्यवस्था गरिने । सबै स्वास्थ्यकर्मीहरुलाई आधुनिक सूचना प्रविधिसँग परिचित गराउने कार्यक्रमहरु सञ्चालन गरिने । स्वास्थ्य संस्थाहरुको अनुगमन तथा सुपरिवेक्षण र संस्थाबाट हुने सामुदायिक कार्यक्रमको अनुगमनलाई निरन्तरता दिन रकमको व्यवस्था गरिने । तथ्यांकको सही विश्लेषण तथा योजनामा तथ्यांक प्रयोग गर्ने गरी कार्यक्रम सञ्चालन र रकम विनियोजन गरिने । स्वास्थ्य कार्यक्रमहरुको नियमित समीक्षा गरिने ।

**सामाजिक सुरक्षा कार्यक्रम**

आधारभूत स्वास्थ्य सेवा निशुल्क गर्ने संवैधानिक व्यवस्थालाई पूर्णतया पालना गर्दै औषधी तथा औजारहरुको नियमित आपूर्ति गर्न खरिद तथा ढुवानीमा यथेष्ट रकम विनियोजन गरी स्वास्थ्य संस्थाको आवश्यकता बमोजिम नियमित आपूर्ति गरिने । बिमा कार्यक्रमको प्रचारप्रसार गरी थप प्रभावकारी बनाउन राष्ट्रिय बिमा समितिसँग समन्वय गरिने । अति गरिब, विपन्न तथा असहाय नागरिकहरुलाई थप र विशेषज्ञ उपचारको व्यवस्था गर्न राष्ट्रिय बिमा समितिसँग समन्वय र सहकार्य गरिने । ज्येष्ठ नागरिक, अति गरिब, विपन्न तथा असहाय नागरिकहरुलाई वडा स्तरमा नै उपचारको गर्न निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिने । सामुदायिक नर्सिङ कार्यक्रमको यसै आवबाट सुरुवात गरी क्रमश सबै वडाहरुमा  विस्तार गरिने । महानगर भित्रका स्वास्थ्य चौकी तथा सहरी स्वास्थ्य केन्द्रहरुको स्तरोन्नति गरी मेडिकल अधिकृतसहितको स्वास्थ्य संस्थामा परिणत गर्ने कार्य यसै आवबाट सुरुवात गरी क्रमश आवश्यकताको आधारमा अन्य वडाहरुमा विस्तार गरिने ।

**स्वास्थ्य शिक्षा तथा सूचना कार्यक्रम**

स्वास्थ्य सम्बन्धी जनचेतना बढाउन स्वस्थ नागरिक स्वस्थ सहर अभियान सञ्चालन गरिनेछ । स्वास्थ्यका विविध पक्ष तथा समस्या समाधानमा सहयोग पुग्ने गरी स्वास्थ्य शिक्षा कार्यक्रमहरु सञ्चालन गरिनेछ । विभिन्न स्वास्थ्य सन्देशहरुको विकास गरी रेडियो एवं पत्रपत्रिकामा प्रशारण तथा प्रकाशन गर्नुका साथै पम्प्लेट पोस्टरहरु छपाइ र वितरण गरिने । विद्यालय स्वास्थ्य कार्यक्रमहरु विशेषत सामुदायिक विद्यालयहरुमा सञ्चालन गरी विद्यार्थीहरुलाई स्वास्थ्य प्रति जागरुक बनाइने ।

**जनसंख्या व्यवस्थापन कार्यक्रम**

जनसंख्या पार्श्वचित्र तयार गरी सोही आधारमा योजना निर्माण र कार्यान्वयन गर्ने परिपाटीको विकास गरिने । जनसंख्या क्षेत्रका बढ्दो सवालहरुको समाधान गर्न विविध कार्यक्रमहरु सञ्चालन गरिने । स्वास्थ्य क्षेत्र बहुआयामिक क्षेत्र भएकाले अन्य महाशाखा तथा शाखाहरुसँग समन्वय गर्दै जनसंख्याका विविध सवालहरुको सम्बोधन हुने गरी नीति तथा कार्यक्रम तय हुने गरी व्यवस्था मिलाइने ।

**जनशक्ति एवं संरचना विकास**

महानगरलाई तत्काल आवश्यक पर्ने कर्मचारीहरु व्यवस्था गर्न केन्द्र सरकारसँग समन्वय गरिने । बढ्दो जनसंख्यालाई सहज र गुणस्तरीय स्वास्थ्य सेव उपलब्ध गराउन सहज हुने गरी कर्मचारी दरबन्दीहरु सिर्जना गरी पदपूर्ति गरिने । आफ्नै भवन नभएका स्वास्थ्य संस्थाहरुको भवन निर्माणलाई प्राथामिकता दिँदै केन्द्रसँग समन्वय गरी आवश्यकता बमोजिम रकम विनियोजन गरिने । आफ्नै भवन भएका स्वास्थ्य संस्थाहरुको भवन लगायत मर्मत तथा सुधारमा रकम विनियोजन गरिने । स्वास्थ्य संस्था र कर्मचारी सुरक्षाको पूर्ण प्रत्याभूति गरिने । पर्यटन सेवालाई टेवा पुग्ने गरी पर्यटन मैत्री स्वास्थ्य कार्यक्रमको संभाव्यता अध्ययन तथा स्वास्थ्य सेवा सञ्चालन गरिने ।

**उपसंहार**

पोखरा महानगरले पारित गरेको स्वास्थ्य नीति सम्भवत स्थानीय सरकारहरु मध्ये पहिलो स्वास्थ्य नीति हो । यो नीति तथा कार्यक्रमहरुको सफल कार्यान्वयन हुन सके नीतिले समेटेका विषयबस्तु र सोको परिपूर्तिका लागि प्रस्ताव गरिएका कार्यक्रमहरु समय सापेक्ष तथा नगरबासीलाई प्रत्यक्ष फाइदा पुग्ने किसिमका देखिन्छन् । नीतिको सफल कार्यान्वयन गर्न योजना तर्जुमा हुन सक्ने ढिलाई, रकमको अभाव, विविध पक्ष तथा परिस्थितिहरुले बाधा पुग्न सक्छ तर उच्च राजनीतिक प्रतिबद्धता, प्रशासनिक कटिबद्धता तथा स्वास्थ्य महाशाखामा कार्यरत स्वास्थ्यकर्मीहरुको भूमिका अहम हुन सके नीतिको सफल कार्यान्वयन हुनेछ भने पोखरा नगरबासीहरुले प्रत्यक्ष अनुभव हुने गरी सुलभ स्वास्थ्य सेवाको उपभोग गर्ने छन् । महानगरको नगरबासी प्रतिको उत्तरदायित्व पूरा हुनेछ ।


# पोखरा महानगरको सूचना

**धुम्रपान र मद्यपानबाट टाढा रहौं,**
**सुखी र स्वस्थ्य जीवन बिताऔं ।**

**पोखरा महानगरपालिका**

# जन निर्वाचित प्रमुख/उपप्रमुख/वडाध्यक्ष, वडा सदस्य, प्रमुख प्रशासकीय अधिकृत र महाशाखा प्रमुखको नामावली

| | | | |
|---|---|---|---|
| श्री मानबहादुर जिसी | ९८५६० ०३०३५ | प्रमुख | ०६१ ५२५३४० |
| श्री मञ्जुदेवी गुरुङ | ९८५६० ०३०३४ | उपप्रमुख | ०६१ ५२१५०२ |
| श्री शेषनारायण पौडेल | ९८५६० ०७१११ | प्रमुख प्रशासकीय अधिकृत | ०६१ ५२११०५ |
| श्री यामलाल अधिकारी | ९८५११ ४२८८५ | सहायक प्रमुख प्रशासकीय अधिकृत | ०६१ ५२११०४ |
| श्री गंगालाल सुवेदी | ९८५६० ५२९०३ | सूचना अधिकारी | |
| श्री वसन्तराज सिग्देल | ९८५११२१९५७ | आर्थिक प्रशासन महाशाखा | |
| श्री हेम प्रसाद आचार्य | ९८४६०१९४३३ | शिक्षा | |
| श्री हेमन्त शर्मा पौडेल | ९८५११८९३९४ | स्वास्थ्य | |
| श्री निर्मला शर्मा | ९८५७६२५१२५ | सामाजिक विकास | |
| श्री नारायाण प्रसाद शर्मा | ९८५६०२०८२० | कानून तथा फैसला कार्यान्वय | |
| इ.श्री सुरेन्द्र पाण्डे | ९८५६०३५९०४ | वातावरण तथा फोहोर मैला व्यवस्था | |
| श्री मनहर कडरिया | ९८५६०४३३२० | कृषि | |
| ई.श्री पूर्णबहादुर गुरुङ | ९८५६०२३२३० | भूकम्प सुरक्षा तथा घर नक्शा | |
| श्री शिवप्रसाद वाग्ले | ९८४७६२७७११ | पशु सेवा | |
| श्री शारदामोहन काफ्ले | ९८५६०२३४९१ | योजना शाखा | |
| श्री वसन्त चालिसे | ९८५६०२३४५४ | नगर सुरक्षा शाखा | |

| क्र.स. | वडा अध्यक्ष | महिला सदस्य | दलित महिला सदस्य | खुल्ला सदस्य १ | खुल्ला सदस्य २ |
|---|---|---|---|---|---|
| १ | श्री शारदा पराजुली | श्री प्रेमकुमारी शाही | श्री प्रेमदेवी परियार | श्री रुद्रप्रसाद च्वाई | श्री सहारा प्रधान |
| | ९८५६० ०३००१ | ९८४६० ८७९३० | ९८४६० ४४१५४ | ९८४६० ५४४१९ | ९८४६० २५०९१ |
| २ | श्री रामेश्वर मल्ल | श्री गोमा सुवेदी | श्री सुनिता विक सुनार | श्री गौतम बिजुक्छे | श्री प्रमोद पराजुली |
| | ९८५६० ०३००२ | ९८४६५ १३३९५ | ९८०६६ ५६७५५ | ९८४६० ३०५९९ | ९८४६० ४३९८२ |
| ३ | श्री रवीन्द्रबहादुर प्रजू | श्री लक्ष्मी पराजुली | श्री सवी परियार | श्री जीतेन्द्र कायस्थ | श्री रवीन कायस्थ |
| | ९८५६० ०३००३ | ९८४६६ ३९४४४ | ९८४६२ ०९५०४ | ९८०४१ ८०९६८ | ९८४६० २५९९८ |
| ४ | श्री शंकरप्रसाद वास्तोला | श्री सरिता पराजुली | श्री विष्णुमाया परियार | श्री सुवर्ण केसी | श्री पुष्करबहादुर श्रेष्ठ |
| | ९८५६० ०३००४ | ९८४६२ २३९८९ | ९८१५१ १३००८ | ९८५६० ८७९३७ | ९८४६० २०६६८ |
| ५ | श्री धनबहादुर नेपाली | श्री अञ्जु केसी | श्री हरिमाया विक | श्री उज्वल खत्री | श्री पुष्पराज बराल |
| | ९८५६० ०३००५ | ९८५६० ३६५७२ | ९८४६२ ८७५४२ | ९८४६० २७४७९ | ९८४६० ३०७४९ |
| ६ | श्री जगतबहादुर पाहारी | श्री पुष्पा घले पाहारी का.स. | श्री राममाया विक | श्री विष्णुबहादुर भट्टराई | श्री हरिकृष्ण पाहारी |
| | ९८५६० ०३००६ | ९८४६० २६३०६ | ९८४६० ६५७५३ | ९८५६० २०२७२ | ९८५६० २६०४० |
| ७ | श्री रामचन्द्र बराल | श्री प्रभा पन्त | श्री सुकमाया नेपाली | श्री दिनबन्धु पौडेल | श्री किशोर बराल |
| | ९८५६० ०३००७ | ९८५६० १५९३१ | ९८०४१ ३५१८२ | ९८५६० २००३० | ९८५६० २९६४८ |
| ८ | श्री रुद्रनाथ बराल | श्री किरण गौतम | श्री लक्ष्मी कौसल | श्री कृष्णमान ठुसाजू | श्री पुष्पराज सिग्देल |


| | | | | | |
|---|---|---|---|---|---|
| | ९८५६० ०३००८ | ९८५६० ६१८४१ | ९८१६१ ६१४८४ | ९८४६० २८६६५ | ९८४६० ६६६५९ |
| ९ | श्री रामराज लामिछाने | श्री राममाया मानन्धर | श्री गीता चर्माकार | श्री नन्दराम गिरी | श्री सुरेश खवास |
| | ९८५६० ०३००९ | ९८४६० २७२०२ | ९८४६२ २६१९४ | ९८४६१ ५५५४८ | ९८५६० २४४२९ |
| १० | श्री राजकुमार गुरुङ | श्री निशा मल्ल | श्री प्रतिभा विक | श्री दीपकबहादुर थापा | श्री सम्मरबहादुर श्रेष्ठ |
| | ९८५६० ०३०१० | ९८४६० ४२९२२ | ९८२४१ १६०४० | ९८५६० २६३९१ | ९८५६० ३६१२१ |
| ११ | श्री मोहनप्रसाद बास्तोला | श्री तीर्थकुमारी गुरुङ | श्री टुकुरादेवी परियार | श्री जंगबहादुर हमाल ठकुरी | श्री मीनबहादुर गुरुङ |
| | ९८५६० ०३०११ | ९८४६१ ६७९२० | ९८४६० २१२५३ | ९८५६० ११०२२ | ९८५६० २६८२८ |
| १२ | श्री रामबहादुर कार्की | श्री सीता बास्तोला | श्री विष्णु विक | श्री निर्मलबहादुर थापा | श्री देशभक्त केसी |
| | ९८५६० ०३०१२ | ९८४६० ८६७६२ | ९८१६१ ७२२५७ | ९८४६३ ०३०८१ | ९८५६० ३२६२७ |
| १३ | श्री लेखबहादुर तामाङ | श्री कृष्णकुमारी गुरुङ | श्री कमला विक | श्री रहिमुल्लाह मियाँ | श्री टंकप्रसाद भट्टराई |
| | ९८५६० ०३०१३ | ९८५६० २६८६३ | ९८४६० ४४३५५ | ९८०४१ २२३१६ | ९८०४१ १२८४६ |
| १४ | श्री प्रेमबहादुर कार्की | श्री यसोदा केसी भट्टराई, का.स. | श्री सुनकमली विक | श्री ढोलबहादुर गुरुङ | श्री जीतेन्द्रजंग थापा |
| | ९८५६० ०३०१४ | ९८५६० ३८७९० | ९८६७३ ५८९०२ | ९८०६५ ०२६०६ | ९८१७१ १५००२ |
| १५ | श्री प्रकाश पौडेल | श्री पार्वती कार्की | श्री मन्दिरा परियार | श्री तोरण बहादुर बानिया (जिसस सदस्य) | श्री रुकबहादुर गुरुङ |
| | ९८५६० ०३०१५ | ९८४६० ८६७९० | ९८०४१ ०५९१२ | ९८५६० २८८९१ | ९८४६० ३६८३८ |
| १६ | श्री जीवनप्रसाद आचार्य | श्री गुमादेवी अधिकारी गौतम (जिसस सदस्य) | श्री विष्णुदेवी नेपाली | श्री राजेश गुरुङ | श्री मेहरमान थापा |
| | ९८५६० ०३०१६ | ९८४६२ ६०५२८ | ९८४६३ ५४१३० | ९८५६० २४७१८ | ९८४६२ ०९६९५ |
| १७ | श्री तीर्थराज अधिकारी | श्री राधिका शाही योगी का.स. | श्री तारादेवी परियार | श्री शान्ता देवी गुरुङ | श्री वैकुन्ठ भण्डारी |
| | ९८५६० ०३०१७ | ९८५६० १२४४४ | ९८०४१ ७२७९५ | ९८४६२ २०३४२ | ९८४६० २६३७० |
| १८ | श्री रणबहादुर थापा | श्री भोजकुमारी थापा | श्री सरला नेपाली | श्री हरिप्रसाद लम्साल | श्री ज्ञानबहादुर थापा |
| | ९८५६० ०३०१८ | ९८५६० ३८०६३ | ९८४६३ ४३२५६ | ९८४६० ३५२८७ | ९८४१३ ४११२३ |
| १९ | श्री शोभामोहन पौडेल | श्री कोपिला केसी | श्री तारादेवी परियार | श्री कृष्णप्रसाद गौतम | श्री कमलप्रसाद बास्तोला |
| | ९८५६० ०३०१९ | ९८४६२ ३२७७९ | ९८१६१ ०३४६० | ९८५६० ७१८०० | ९८४६१ २०७४० |
| २० | श्री सीमबहादुर गुरुङ | श्री लक्ष्मी सुवेदी | श्री मनबुजा विक का.स. | श्री मोतीप्रसाद पौडेल | श्री भीमप्रसाद बास्तोला |
| | ९८५६० ०३०२० | ९८४६६ १९२६७ | ९८१६६ ५०८५२ | ९८४६० ४८०१७ | ९८४६० ४४९०४ |
| २१ | श्री खगराज आचार्य | श्री अम्बिका थापा | श्री सीता देवी विक (जिसस सदस्य) | श्री नन्दलाल अधिकारी | श्री रामबहादुर गुरुङ |
| | ९८५६० ०३०२१ | ९८१६६ १६६०४ | ९८६६० ०९६४७ | ९८४६१ ०३५०९ | ९८०४१ ३०००२ |
| २२ | श्री मित्रलाल बराल | श्री ओमकुमारी गुरुङ | श्री सिता विक कामी | श्री मातृकाप्रसाद बराल | श्री चेतभक्त शर्मा वराल |
| | ९८५६० ०३०२२ | ९८४६० ६७७७१ | ९८०४१ ८७४३३ | ९८५६० २९६५२ | ९८४६८ १७९६६ |
| २३ | श्री विष्णुप्रसाद पराजुली | श्री गीता भट्टराई क्षेत्री | श्री यामकुमारी सुनार | श्री भरतराज भण्डारी | श्री दुर्गाबहादुर घले |
| | ९८५६० ०३०२३ | ९८४६० ३९०३० | ९८०४१ ४०६४७ | ९८०४१ ९२१४८ | ९८०४१ ६७७२६ |
| २४ | श्री ओमप्रसाद सुवेदी | श्री सन्तुदेवी सुवेदी का.स. | श्री मिना नेपाली | श्री सोबनाथ भट्टराई | श्री अग्निधर त्रिपाठी |
| | ९८५६० ०३०२४ | ९८५६० ३९८४८ | ९८४६८ १७१४० | ९८५६० ६९६०४ | ९८५६० २६१८६ |
| | ९८५६० २६५२१ | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २५ | श्री शोभाकर तिमिल्सिना | श्री लक्ष्मी अधिकारी | श्री तारा विश्वकर्मा | श्री दलबहादुर कुँवर | श्री जीबहादुर कार्की |
| | ९८५६० ०३०२५ | ९८४६२ ८१६९२ | ९८१४१ ८८४५५ | ९८५६० २४६८० | ९७४६० १५१८४ |
| २६ | श्री नारायणप्रसाद बराल | श्री मुरली थापा | श्री शर्मिला विश्वकर्मा | श्री रामकृष्ण जिसी | श्री खड्कबहादुर रानाभाट |
| | ९८५६० ०३०२६ | ९८४६० २८५८० | ९८०४१ ३४२२२ | ९८५६० ६१६३३ | ९८४६० ४०८१९ |
| २७ | श्री पूर्णकुमार गुरुङ | श्री बुद्धिमाया रिजाल | श्री सरस्वती सार्की | श्री प्रेमप्रसाद बराल | श्री शेखरनाथ लामिछाने |
| | ९८५६० ०३०२७ | ९८४६५ ११२५४ | ९८४६१ ५६५३० | ९८५६० ४१२६० | ९८४६० ४१७०२ |
| २८ | श्री निर्मल दियाली सुनार | श्री अम्बिका बुढाथोकी | श्री कल्पना परियार | श्री विष्णुप्रसाद तिवारी | श्री बैनबहादुर अधिकारी क्षेत्री (जिसस प्रमुख) |
| | ९८५६० ०३०२८ | ९८४६१ ९७१६९ | ९८१३६ ६८३०१ | ९८४६६ ४०३०७ | ९८५६० ३८७८३ |
| २९ | श्री चेतबहादुर गुरुङ | श्री निर्मला पौडेल | श्री मनकुमारी सुनार | श्री थलबहादुर पाँडे थापामगर | श्री हेमबहादुर बानिया |
| | ९८५६००३०२९ | ९८४६४ ५३१३१ | ९८०४१ ०५५७९ | ९८४६५ ७००६७ | ९८५६० ६१९९५ |
| | ९८४६० २४१०७ | | | | |
| ३० | श्री श्रीराम पोखरेल | श्री शारदा बास्तोला | श्री रमा नेपाली | श्री सोमलाल कँडेल | श्री चोलाप्रसाद बराल |
| | ९८५६० ०३०३० | ९८४६० ६१७६८ | ९८४६० २१३८२ | ९८४६२ १४४०६ | ९८४६२ ६८०८८ |
| | ९८४६० ३०६८९ | | | | |
| ३१ | श्री कमलबहादुर थापा | श्री सावित्री भण्डारी (जिसस सदस्य ) | श्री विष्णु सुनार | श्री विण्णुबहादुर भुजेल | श्री पूर्णखर पाण्डे |
| | ९८५६० ०३०३१ | ९८४६३ २०५८७ | ९८०६७ ६६६५५ | ९८४६३ २०६१७ | ९८१५४ ८४७४३ |
| ३२ | श्री अक्कल बहादुर कार्की | श्री विष्णुमाया धमला | श्री सुनमाया नेपाली | श्री विष्णुप्रसाद तिवारी | श्री धर्मबहादुर बस्नेत |
| | ९८५६० ०३०३२ | ९८४६८ ३१५८९ | ९८४६२ ८५२६० | ९८४६१ ५४८७३ | ९८४६० ६००७९ |
| ३३ | श्री शिवप्रसाद आचार्य | श्री शान्ति आचार्य | श्री शोभा सार्की | श्री दीपक लामिछाने | श्री लीलबहादुर श्रेष्ठ |
| | ९८५६० ०३०३३ | ९८०४१ १३४९८ | ९८२६१ २१०२४ | ९८५६० ४८८८० | ९८१४१ ९३५४२ |
| | बुधराज भुजेल (भीमसेन) | कार्यपालिका सदस्य | | | |
| | ९८५६० ३२५८९ | | | | |
| | ओमप्रसाद गौचन | कार्यपालिका सदस्य | | | |
| | ९८५६० २०६०३ | | | | |
| | चतुरे विक | कार्यपालिका सदस्य | | | |
| | ९८४६१ ६३५१७ | | | | |

# पोखरा महानगरको सूचना

- **खुल्ला राखिएका, फोहोरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्री नगरौं/नगराऔं।**
- **घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भू–नोट मा विचार पु¥याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं।**
- **समयमै कर तिरौं। सभ्य नागरिकको परिचय दिऔं।**
- **जन्म, मृत्यु, विवाह, बसाइसराइ लगायतका घटनादर्ताहरु समयमै गरौं।**

**पोखरा महानगरपालिका**



सिर्जनाचोकमा पोखरा महानगरपालिकाले निर्माण गर्ने आकाशे पुलको डिजाइन
- डिजाइनकर्ता : बाबुराम भण्डारी, प्राविधिक विज्ञ, पोखरा महानगरपालिका


पृथ्वीचोकमा पोखरा महानगरपालिकाले निर्माण गर्ने आकाशे पुलको डिजाइन
- डिजाइनकर्ता : बाबुराम भण्डारी, प्राविधिक विज्ञ, पोखरा महानगरपालिका